भाषापाठ्यक्रमको मुख्य उद्देश्य नै भाषिक सिपको विकास गराउनु हो । यसैले भाषापाठ्यक्रमको उद्देश्य अन्य विषयको भन्दा पृथक हुन्छ । भाषा—पाठ्यक्रमका उद्देश्यहरुहरू भाषिक सिप सम्बद्ध हुन्छन् । भाषा–पाठ्यक्रमको उद्देश्य छनोट गर्दा लक्षित समूहका विद्यार्थीहरुहरूको भाषिक आवश्यकता, पृष्ठभूमि, रुचि, क्षमता, योग्यता भाषा सिकाइको प्रकृति, मातृभाषा दोस्रो भाषा कुन किसिमको हो, ध्यान दिनुपर्दछ । यस्ता भाषिक सिपको सम्बर्द्धनमा सहयोग पुऱ्याउने विषयवस्तु, शिक्षण सामग्री, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिलाई स्पष्ट रूपमा मापनीय, दर्शनीय तथा व्यावहारिकता आदि जस्ता विशेषताहरुहरू रहन आवश्यक छ । यसैले भाषापाठ्यक्रमको मूल केन्द्रविन्दु नै उद्देश्य हो । उद्देश्यहरुहरू दुई प्रकारका हुन्छन् । साधारण उद्देश्य र विशिष्ट उद्देश्य ।

**साधारण उद्देश्य**

कुनै पनि कक्षा वा तह पार गरिसकेपछि विद्यार्थीहरुहरूले प्राप्त गर्ने ज्ञान सिप र अभिवृद्धिलाई साधारण उद्देश्य भनिन्छ । यिनीहरुहरूले व्यापक क्षेत्र ओगटेका हुन्छन् साथै लक्ष्यसँग सम्बन्धित हुन्छन् । साधारण उद्देश्यले नै पाठ्यक्रमको विशिष्ट उद्देश्य निर्माणमा सहयोग पुऱ्याउँदछ । वर्तमान माध्यामिक नेपाली पाठ्यक्रममा तहगत सक्षमताका रूपमा साधारण उद्देश्यहरुहरू निर्धारण गरिएका छन् ।

**विशिष्ट उद्देश्य**

पाठ्यक्रमद्वारा निर्धारित साधारण उद्देश्यहरुहरूलाई कक्षाकोठामा उपयुक्त हुने किसिमले एकाइगत र पाठगत रूपमा तयार गरिएको उद्देश्य विशिष्ट उद्देश्य हो (ढुङ्गेल र दाहाल, २०४९ : २२) । सबै पाठ्यक्रममा यस्ता उद्देश्यहरुहरूको निर्माण भने गरिएको पाइँदैन । साधारण उद्देश्यका आधारमा कक्षागत रूपमा निर्धारण गरिएको उद्देश्य विशिष्ट उद्देश्य हो । विशिष्ट उद्देश्यमा कुनै पनि कक्षाको अन्त्यमा हासिल गर्न सकिने सिपगत उद्देश्यहरुहरू राखिएका हुन्छन् । वर्तमान माध्यमिक तह कक्षा नौको नेपाली भाषापाठ्यक्रममा सुनाइ र बोलाइअन्तर्गत १५ ओटा उद्देश्यहरुहरू, पढाइअन्तर्गत ११ ओटा र लेखाइअन्तर्गत १२ ओटा विशिष्ट उद्देश्यहरुहरू राखिएका छन् ।(माध्यमिक पाठ्यक्रम, २०७३) । यसैका आधारमा भाषिक सिप शिक्षण गरिन्छ ।

यसरी पाठ्यक्रममा साधारण उद्देश्य होस् वा विशिष्ट उद्देश्य होस्, जुनसुकै उद्देश्यहरुहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बद्ध सिपको विकास र विस्तार गर्ने किसिमका हुन्छन् । यसमा विषयवस्तुको ज्ञान गराउनेभन्दा पनि भाषिक सिपको विकास गराउने उद्देश्यहरुहरू पाठ्यक्रमले राखेको हुन्छ ।

### २.२.३.२ विषयवस्तु/पाठ्यवस्तु

भाषापाठ्यक्रमका उद्देश्यहरुहरू पुरा गर्नका लागि तयार पारिएको उपकरणहरुहरूलाई नै पाठ्यवस्तु भनिन्छ । भाषिक सिपगत क्षमता प्राप्त गर्न उद्देश्यहरुहरू चयन र निर्धारण गरेपछि त्यो उद्देश्य पुरा गर्नका लागि तयार पारिएको सामग्रीलाई पाठ्यवस्तु भनिन्छ । पाठ्यस्तुमा पाठलाई अभ्यासमूलक बनाइ सिपसँग सम्बद्ध गरिएको हुन्छ । सिकारूलाई –के पढाउने कसरी पढाउने, कस्ता शैक्षिक अनुभवहरुहरू दिने भन्ने

विषयवस्तुको श्रृङ्शृङ्खला नै पाठ्यवस्तु हो । निर्धारित उद्देश्य वा सिकाइ उपलब्धिधीका आधारमा विद्यार्थीहरूहरूमा विकास गर्नुपर्ने सिप, ज्ञान र धारणालाई के कस्ता विषयहरूहरू र विषयअन्तर्गत के कस्ता पाठ्यवस्तु निर्धारण गर्नुपर्दछ भन्ने कुराको निर्णय गरिन्छ ।

भाषापाठ्यक्रममा पाठ्यवस्तु छनोट गर्नका लागि कुनै एक क्षेत्र वा बिधा विधा मात्र पर्याप्त हुँदैन । भाषापाठ्यक्रमका उद्देश्यहरूहरू पुरा गर्न सक्ने किसिमका पाठ्यवस्तुहरूहरू छनोट गरेर तिनलाई क्रमबद्ध रूपमा सूचीकृत गर्नुपर्दछ (पौडेल, २०६९ : २३८) । भाषापाठ्यक्रममा विधधागत विविधता हुनुका साथै विषयगत विविधता हुन आवश्यक हुन्छ ।

पाठ्यक्रममा सामाजिक, सांस्कृतिक, ऐतिहासिक, राजनैतिक, धार्मिक, साहित्यिक, कला, प्राकृतिक एवम् वातावरण विज्ञान तथा प्राविधिक आदि विभिन्न ज्ञान विज्ञानका क्षेत्रबाट पाठ्यवस्तु छनोट गर्न सकिन्छ । यी व्यापक क्षेत्रबाट छनोट गरिएका पाठ्यवस्तु विद्यार्थीको उमेर, रुचि एवम् तहअनुसार छनोट र स्तरण गरिनु पर्दछ । भाषिक सिप विकासका लागि विद्यालयमा गरिने सम्पूर्ण कार्यकलापहरूहरू पनि एक किसिमका पाठ्यवस्तु नै हुन् । यसका साथै विद्यालयका सम्पूर्ण वातावरण तथा घर, परिवार, समाज आदि सबै पाठ्यक्रमका पाठ्यवस्तु हुन् ।

भाषिक सिप भाषातत्त्व, सामाजिक, आर्थिक, राजनैतिक, साहित्यिक, सांस्कृतिक आदि विविध क्षेत्रबाट छनोट गरिएका पाठ्यक्रममा विषयवस्तुको ज्ञानभन्दा पनि भाषिक सिपको ज्ञान चाँहि महत्त्वपूर्ण हुन्छ । यस्ता व्यापक र विस्तृत पाठ्यवस्तुको छनोट र स्तरणमा पाठ्यपुस्तक निर्माता सचेत हुन आवश्यक छ । यसरी भाषापाठ्यक्रमको उद्देश्य प्राप्त गर्न उपयुक्त ढङ्गले पाठ्यवस्तुको क्षेत्र र क्रमलाई संयोजन गर्नुपर्दछ ।

**२.२.३.३ शिक्षण शिक्षण सिकाइ कार्याकलाप**

पाठ्यक्रमको उद्देश्य तय गरिसकेपछि सो उद्देश्य हासिल गर्नलाई पाठ्यवस्तुको छनोट गरिन्छ । छनोट गरिएका पाठ्वस्तुलाई के के र कुन कुन विधि वा तरिकाबाट शिक्षण गरेमा उद्देश्य हासिल गर्न सकिन्छ भनी गरिने कार्यकलाप नै शिक्षण सिकाइ कार्यकलाप हो । शिक्षण सिकाइ कार्यकलाप नै विद्यार्थीको मस्तिष्कमा पुग्ने सेतु हो । जसको कार्य

शिक्षणद्वारा सम्पन्न हुन्छ । पाठ्यवस्तु जति प्रभावकारी र स~~मयअनुकुल~~ मयअनुकूल भए ता पनि त्यसको शिक्षण विधि र प्रक्रिया उपयुक्त हुन सकेन भने पाठ्यक्रमको उद्देश्य पूरा हुन सक्दैन । शिक्षण सिकाइ कार्यकलाप विद्यार्थी केन्द्रित र सिपमूलक हुनुपर्दछ ।

भाषापाठ्यक्रममा प्रयोग गरिने प्रक्रियामा विविध विधि तथा पद्धतिको उपयोग गरी शिक्षलाई व्यावहारिक पनि बनाउनु पर्दछ । पाठ्यपुस्तकलाई कक्षागत, तहगत तथा विषयगत र सिकारुको स्तर, रुचि, क्षमतालाई ख्याल गरी फरक फरक ढङ्गबाट प्रस्तुत गरिनुपर्दछ । यसैगरी साना कक्षामा अपनाइने शिक्षण र ठूला कक्षामा अपनाइने शिक्षण विधिमा फरकपना हुनुपर्दछ । भाषाशिक्षणका क्रममा व्याख्या, छलफल, प्रवचन, खेल विधि नाटकीय विधि, प्रदर्शन विधि, प्रवचन विधि तथा कथन विधि उपयोगी मानिने भएकाले पाठ्यक्रममा उक्त विधि~~हरु~~हरूलाई प्रयोगमा ल्याउन निर्देशन गरिनुपर्दछ (पौडेल, २०६९ : २३९) । यसो गरेमा मात्र शिक्षण सिकाइ कार्यकलाप रोचक भइ अपेक्षित उद्देश्य~~हरु~~हरू पुरा हुन सक्दछन् ।

### २.२.३.४ मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य~~हरु~~हरू पुरा हुन सके वा सकेनन् र के कति हुन बाँकी छन् भनेर गरिने लेखाजोखा नै मूल्याङ्कन् प्रक्रिया हो । भाषापाठ्यक्रममा मूल्याङ्कन प्रक्रिया भाषिक उपलब्धिको प्रवर्द्धन गर्ने किसिमको हुनुपर्दछ । अन्य विषयको मूल्याङ्कन प्रक्रियाभन्दा भाषाको मूल्याङ्कन प्रक्रिया असीमित किसिमको हुन्छ । भाषा–पाठ्यक्रमको मूल्याङ्कन भाषिक उपलब्धि प्रवर्द्धनमा सहयोग हुने र सवलीकृत गर्ने प्रयोग अभ्यासमा केन्द्रित हुन्छ (पौडेल, २०६९ : २२९) । भाषिक मूल्याङ्कनमा भाषाका चार सिप~~हरु~~हरू सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई भिन्न तरिकाले मूल्याङ्कन गरिनुपर्दछ । यस्ता विविध तरिका अपनाई गरिने मूल्याङ्कनबाट पाठ्यक्रमको अपेक्षित उद्देश्य पुरा गर्न सके नसकेको थाहा पाउन सकिन्छ । यसैगरी विद्यार्थीमा के कति मात्रामा भाषिक ज्ञान, सिप र अभिवृद्धिको विकास भएको छ भन्ने कुराको लेखाजोखा गर्ने काम मूल्याङ्कनबाट हुन्छ । भाषापाठ्यक्रमले यस्ता यावत् कुराको स्पष्ट निर्देशन गर्नुपर्दछ ।

मूल्याङ्कन निरन्तर ~~स्वरु~~रूपमा चलिरहने एक ~~गतिशिल~~ गतिशील प्रक्रिया हो । भाषापाठ्यक्रमका उद्देश्य~~हरु~~हरू पुरा गर्न गरिएका पाठ्यवस्तु, शिक्षण सिकाई प्रक्रिया एवम्

मूल्याङ्कन प्रक्रिया आदि सम्पूर्ण कुरा~~हरू~~हरू भाषिक सिपकै विकास र विस्तारमा लक्षित भएका हुन्छन् । भाषिक मूल्याङ्कन औपचारिक, अनौपचारिक, लिखित, मौखिक निर्माणात्मक तथा निर्णयात्मक हुन्छन् ।

भाषापाठ्यक्रमले निर्णयात्मक मात्र नभएर निर्माणात्मक मूल्याङ्कन पनि स्पष्ट निर्देश गर्नुपर्दछ । भाषापाठ्यक्रममा भाषा साध्य र साधन दुवै हुनाले अन्य विषयका पाठ्यक्रमभन्दा यसको सैद्धान्तिक आधार र पृष्ठभूमि पनि फरक रहेको हुन्छ । यसरी भाषापाठ्यक्रमले मूल्याङ्कन प्रक्रियालाई भाषिक सिपगत रूपबाट निर्देश गर्न सके मात्र पाठ्यक्रमको उद्देश्य प्राप्त गर्न सकिन्छ ।

### २.२.४ पाठ्यपुस्तकका आन्तरिक विशेषता~~हरू~~हरू

भाषापाठ्यपुस्तकभित्र रहने गुणलाई नै भाषापाठ्यक्रमको आन्तरिक वा प्राज्ञिक गुण वा विशेषता भनिन्छ । यो भाषापाठ्यपुस्तकको नभइ नहुने गुण वा विशेषता हो । यस्ता विविध विशेषता वा गुणका कारणले भाषापाठ्यपुस्तकलाई अन्य विषयका पाठ्यपुस्तकबाट पृथक, पहिचान गराउँदछ । यस्ता आन्तरिक विशेषता~~हरू~~हरूलाई निम्न ~~स्प~~रूपबाट प्रष्ट्याइएको छ ~~।~~:

#### २.२.४.१ पाठ्यवस्तु

भाषापाठ्यपुस्तकमा ~~पाठ्यपुस्तकमा~~ पाठ्यवस्तु केन्द्रीय तत्त्व हो । यसमा बोध र अभिव्यक्तिसँग सम्बन्धित सिपगत स्रोत~~हरू~~हरू उल्लेख गरिएको हुन्छ । भाषापाठ्यपुस्तकमा पाठ्यवस्तु केन्द्रीय ~~तत्व~~तत्त्वका रूपमा रहेकाले यसमा बोध र अभिव्यक्तिसँग सम्बन्धित सिप~~हरू~~हरू उल्लेख गरिएको भाषापाठ्यक्रममा विभिन्न शीर्षक~~हरू~~हरू, विधा, उपविधामा ढालेर विविध विषयवस्तुका माध्यमबाट पाठ्यवस्तु प्रस्तुत गरिएको हुन्छ । जस्तै- एउटा कथा विधाभित्र श्रुतिबोध, श्रुतिलेखन, सस्वरपठन, मौनपठन, शब्दार्थ, बुँदाटिपोट, ~~संस~~सङ्क्षेपीकरण, विस्तृ~~तिक~~तीकरण आदि पाठ्यपुस्तकमा के कस्ता विषयवस्तु कुन पाठका लागि उपयुक्त हुन्छन्, पाठ्यवस्तुमा कुन विद्यार्थीको भाषिक पृष्ठभूमि कस्तो छ, कुन तह र स्तरका लागि हो भन्ने कुरामा ध्यान दिनुपर्छ । पाठ्यपुस्तकमा राखिएका पाठ्यवस्तुले

पाठ्यक्रमका अपेक्षित उद्देश्यलाई पूरा गर्न सक्नुपर्दछ । सिपमूलक तथा अभ्यासमूलक हुनुपर्दछ । भाषापाठ्यपुस्तकमा राखिएका पाठ्यवस्तु अन्धविश्वास, रूढीवादी, अनैतिक, अव्यावहारिक तथा नकारात्मक प्रभाव पर्ने किसिमका हुनु हुँदैन । यसका साथसाथै अश्लिल, उच्छृङ्खल, अवाञ्छित भाषाको प्रयोग हुने शब्द, शैली, वाक्य रचना गर्नुहुँदैन । पाठ्यवस्तुको प्रस्तुतीकरणमा विविध सांस्कृतिक, वातावरणीय, परिवेशलाई आत्मसाथ गरिनु पर्दछ भन्ने वैज्ञानिक, तार्किक तथा तथ्यपरक विषयवस्तु हुनुपर्दछ । पाठ्यवस्तुले लैङ्गिक समानता र अस्त्त्वतत्त्वलाई जोगाउनुपर्दछ । यस्ता विविध कुराका आधारमा भाषापाठ्यपुस्तकमा पाठ्यवस्तु प्रस्तुत गरिन्छ ।

### २.२.४.२ **शब्दभण्डार**

पाठ्यपुस्तकमा शब्दभण्डार विद्यार्थीको भाषिक पृष्ठभूमि, स्तर र आवश्यकता अनुरूप हुनुपर्दछ । भाषापाठ्यपुस्तकमा प्रयोग गरिएका शब्दभण्डारले भाषिक बोध र अभिव्यक्ति क्षमतालाई प्रवर्द्धन गर्न सक्नुपर्दछ । सुरूवातमा सरल र आधारभूत शब्दहरुहरू प्रयोग गरिनुपर्दछ र क्रमशः नजानिदो ढङ्गले सरलदेखि जटिलताको क्रममा अन्य प्राविधिक, अनुकरणात्मक, पर्यायवाची, विपरितार्थी, अनेकार्थी, एकल, संसङ्क्षिप्त श्रुतिसमम्भिन्नार्थक आदि शब्दको प्रयोग आवश्यकताअनुसार गरिनुपर्दछ । भाषापाठ्यक्रममा राखिएका शब्दहरुहरू आवृत्ति तथा अभ्यासमूलक ढङ्गबाट प्रयोगमा आउनु पर्दछ । त्यसैगरी आवश्यकता र क्रमबद्धबाट लोकोक्ति तथा उखान टुक्कालाई पनि स्थान दिनुपर्दछ । पाठ्यपुस्तकमा प्रयोग गरिएका शब्दमा सुरूमा सरल तथा तद्भव र पछि मात्र तत्सम र आगन्तुक शब्दहरुहरूको प्रायेग गरिनुपर्दछ । भाषापाठ्यपुस्तकभित्र ८०% विद्यार्थीले जानेका शब्दहरुहरूको प्रयोग गरिनुपर्दछ । यसैगरी एउटै पाठ्यपुस्तकभित्र पनि अघिल्लो पाठभन्दा दोस्रो पाठमा २०% भन्दा बढी नयाँ शब्दहरुहरू थपिनु हुँदैन (पौडेल, २०६९ : २७१-) । यिनै उल्लिखित सान्दर्भिक कुराहरुहरूको आधारमा कुनै पनि भाषापाठ्यपुस्तकमा शब्दभण्डारको स्तरण गर्न सकिएमा भाषापाठ्यपुस्तकले पाठ्यक्रमको लक्षित उद्देश्य प्राप्त गर्न सक्दछ ।

### २.२.४.३ **नमुना अभ्यास**

पाठ्यपुस्तकमा कुनै पनि विधागत पाठपछि अभ्यासहरुहरू राखिएका हुन्छन् । अभ्यासको माध्यमबाट नै भाषिक सिपमा दक्षता ल्याउन सकिन्छ । अभ्यासले विद्यार्थीमा

सिर्जनात्मकता साथै कठिनाइ क्षेत्र पत्ता लगाउन मद्दत मुम्दछ पुर्‍याउँदछ । कक्षाको स्तर र आवश्यकताअनुसार पाठपछि अभ्यास राख्नु पर्दछ । विद्यार्थीमा आवश्यक ज्ञान र सिपको विकास गर्ने अभ्यासले मद्दत गर्दछ । पाठ्यक्रमको भाषिक सिपसँग सम्बन्धित उद्देश्य पुरा गर्न पाठ्यपुस्तकमा उपयुक्त र स्तरयुक्त अभ्यासहरूहरू राख्नुपर्दछ ।

भाषिक सिपगत र भाषातत्त्वसम्बन्धी अभ्यास सन्तुलन रूपमा वितरण गरी राख्नु उपयुक्त हुन्छ । पाठ्यपुस्तकमा राखिएका अभ्यासलाई नमुना मात्र मानिन्छ किनभने यी अभ्यास मात्रै पर्याप्त हुँदैनन् । भाषापाठ्यपुस्तकमा प्रत्येक पाठमा राखिएका नमुना अभ्यासहरूहरू कक्षाको स्तर, विद्यार्थीको क्षमता, रुचि र सिकाइ प्रवृत्तिअनुसार तय गरिएको हुनु-पर्दछ । सरलदेखि जटिलताको क्रममा अभ्यासहरूहरूलाई स्तरीकृत गरिएको हुनुपर्दछ । नमुना अभ्यासबाट भाषिक सिपको अभ्यास होस् भन्ने अपेक्षा राखिएको हुन्छ । नमुना अभ्यास भाषिक सिप सिकाउने साथै पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू परिपूर्ति गर्ने खालका हुनुपर्दछ । भाषापाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारै सिपलाई सन्तुलित हुने किसिमले अभ्यासहरूहरू राखिएको हुन्छ । यसका साथै मौखिक, लिखित तथा प्रयोगात्मक र व्याकरणात्मक अभ्यासहरूहरूको समुचित सन्तुलन हुनुपर्दछ । भाषापाठ्यपुस्तकले पाठ्यक्रमअनुरूपताका आधारमा रहेर पाठ्यक्रमका भाषिक उद्देश्य पुरा गर्न सक्नुपर्दछ । माथि उल्लिखित कुराका आधारमा आधारित भएर भाषापाठ्यक्रम निर्माण गर्दा सान्दर्भिक हुन जान्छ ।

**२.२.४.५ चित्र**

पाठ्यवस्तुलाई अझ स्पष्ट पार्ने, आकर्षक र रुचिपूर्ण बनाउने, कुनै नवीन विषयवस्तुका बारेमा धारणा बसाल्न चित्र उपयोगी हुन्छ । विद्यार्थीले कुनै विषयवस्तु पढेर भन्दा चित्रको माध्यमबाट छिट्टै सिक्न सक्दछन् । सबै विषयवस्तु चित्रको माध्यमबाट सिकाउन सकिन्दैन तर केही विषयवस्तुहरूहरू यस्ता छन् जसलाई चित्रमार्फत मात्र देखाउन सकिन्छ । शब्दलाई विभिन्न अर्थ, वर्ण, विश्लेषण र व्याख्या गरेर सिकाउन सकिँदैन तर एउटा चित्रको आधारमा धेरै कुरा सिकाउन सकिन्छ । भाषापाठ्यपुस्तकमा समावेश गरिने चित्रहरूहरू पनि आकर्षक, दुरुस्त आकारका हुनुका साथै प्रसङ्ग-अनुरूप प्रयोग गरिनुपर्दछ । चित्रको रखाइबाट एकातिर सरल र सहज ढङ्गबाट भाषिक धारणा र अर्थबोध गराउन

सकिन्छ भने अर्कोतिर रोचक र प्रभावकारी ढङ्गबाट पाठ्यक्रमका अपेक्षित उद्देश्यलाई सफल बनाउन सकिन्छ ।

### २.२.४.६ भूमिका तथा निर्देशन

भूमिका तथा निर्देशन पाठ्यपुस्तकको महत्त्वपूर्ण भाग हो । यसैका आधारमा पाठ्यपुस्तकको कुनै पनि पाठ कुन उद्देश्यका लागि शिक्षण गर्नु–पर्दछ भनी थाहा पाउन सकिन्छ । पाठ्यपुस्तकको सम्बन्धमा आवश्यक जानकारी तथा शिक्षकलाई पाठ्यपुस्तकको शिक्षण पद्धतिको संक्षेपमा जानकारी गर्ने कार्य यसले गर्दछ । पाठ्यपुस्तकमा दिइने भूमिका तथा निर्देशन शिक्षकलाई शिक्षणमा सहयोग पुर्‍याउन स्पष्ट र व्यवहारिक हुनुपर्दछ ।

### २.२.४.७ **छनोट**

भाषापाठ्यपुस्तकको पाठ्यवस्तु छनोट गर्दा मात्रात्मक र गुणात्मक दुवै दृष्टिले उपयुक्त हुन जरूरी हुन्छ । यसले निर्धारित शिक्षण समयावधिलाई पूर्ण पालना गर्नुपर्दछ । निर्धारित समयभन्दा धेरै पहिले सिध्याउने गरी पाठ्यवस्तुको छनोट गर्नुहुँदैन । विद्यार्थीको रुचिलाई आधार ~~बनाउ~~बनाएर बढीभन्दा बढी भाषिक सिप र अवधारणाको प्रवर्द्धन गर्न सक्ने र पाठ्यक्रमका मर्म-अनुरूप भाषिक अपेक्षा हासिल गर्नमा सहयोग हुने पाठ्यवस्तुको छनोट भाषापाठ्यपुस्तकले गर्न सक्नु-पर्दछ । भाषापाठ्यवस्तु विविध विधासँग सम्बन्धित भई प्रस्तुत भए पनि विषयगत ज्ञानलाई साध्य वस्तु नबनाई भाषिक सिप र शिल्पलाई साध्य वस्तु बनाएर पाठ्यपुस्तकमा प्रस्तुत गर्नुपर्दछ । विद्यार्थी–अनुरूप रुचिकर सामग्रीका माध्यमले प्रत्यक्ष भाषिक विकास र गौणत : सामाजिक, साँस्कृतिक, जातिगत, धार्मिक, व्यावसायिक र विविध जीवनचर्यासम्बन्धी समन्वय, सहिष्णुता र सौहार्दताको ~~अवलम्बन~~ अवलम्वन गर्ने ध्येय पनि पाठ्यवस्तुले राख्नुपर्दछ ।

### २.२.४.८ **स्तरण**

पाठ्यवस्तुको छनोटले मात्र शिक्षण सिकाइका लागि पर्याप्त गोरेटो तयार हुन सक्दैन । स्तरणका लागि छनोट पूर्वआवश्यक सर्त हो भने स्तरण योग्य बनाउनका लागि छनोट र प्रवृत्तिअनुसार रेखीय वा चक्रिय प्रक्रियाको अनुसरण गरेर अनुक्रम मिलाउनुपर्ने हुन्छ । पाठ्यवस्तुलाई सरलदेखि जटिलताको अनुक्रममा ढालेर उत्सुकता, जिज्ञासा र कौतुहल जगाउने, प्रोत्साहन गर्ने र अभ्यासात्मक कार्यकलापमा उन्मुख गराउने गरी स्तरीकृत गर्नुपर्दछ । शिक्षण समय, निर्धारित उद्देश्य, विद्यार्थी सिकाइ प्रवृत्ति, रुचि भाषिक पृष्ठभूमि र सिकाइ आवश्यकता अनुकूल हुने गरी अनुक्रम मिलाउनु पर्दछ । यसका साथै एउटा विधा सकेर अर्को विधा प्रस्तुतिमा जाने अवैज्ञानिक सोच त्यागी विधागत क्रमिकता र आवृत्ति मिलाई संगठित गर्नुपर्छ ।

### २.२.४.९ **अन्य**

भाषापाठ्यपुस्तकलाई स्तरीय, उद्देश्यमूलक र फलदायी बनाउनका लागि माथि उल्लिखित भए~~का~~ बाहेकका अन्य कुराले पनि भूमिका खेलेको पाइन्छ । अन्यअन्तर्गत पाठ्यपुस्तकको नाम, कक्षा, प्रकाशन, संस्करण, मुद्रणसम्बन्धी जानकारी र पाठ्यक्रम

विकास केन्द्रको अनुरोध साथै हाम्रो भनाइलाई पनि यसअन्तर्गत नै लिइन्छ ।

### २.२.५ भाषापाठ्यपुस्तकका बाह्य बाह्य विशेषताहरूहरू

भाषापाठ्यपुस्तक विश्लेषणको बाह्य बाह्य आधारमा पाठ्यपुस्तकको भौतिक गुणको विश्लेषणलाई लिइन्छ । जसअन्तर्गत आवरण पृष्ठ, आकार, छपाइ, बँधाइ, कागजको स्तर, मूल्य, सूलभता, विषय सूची र अन्य गुणहरूको अध्ययन र विश्लेषण गरिन्छ । तिनलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

#### २.२.५.१ आवरण पृष्ठ

पाठ्यपुस्तकको अध्ययन र विश्लेषण गर्दा बाह्य पक्षलाई पनि ध्यान दिनुपर्दछ । ती बाह्य पक्षअन्तर्गत सर्वप्रथम आवरण पृष्ठको अध्ययन गरिन्छ । पाठ्यपुस्तकलाई आकर्षक देखाउने र पुस्तकको सुरक्षा पनि आवरणले नै गर्दछ । आवरणमा प्रयोग गरिने कागज बलियो र बाक्लो हुनुका साथै रङ्गीन र आकर्षक पनि हुनु–पर्दछ । पाठ्यपुस्तकलाई आकर्षक देखाउने र भित्रि पक्षलाई सुरक्षा–ा गर्ने काम यसैले गर्दछ । बाह्य आवरण हेरेर यो भाषापाठ्यपुस्तक हो भनेर जनाउने खालका चित्रहरू राख्नुपर्दछ । आवरण पृष्ठ भित्री कागजजस्तै पातलो भएमा छिट्टै च्यातिने र भिज्ने डर हुन्छ । भाषापाठ्यपुस्तकको आवरण पृष्ठ, आकार, आवरण पृष्ठमा प्रयुक्त चित्र, रङ आदि विद्यार्थीको स्तर—अनुरूप र पाठ्यपुस्तकको मर्म र भावना–अनुरूप हुनुपर्दछ । पाठ्यपुस्तक बलियो हुनुमा आवरणको महत्त्वपूर्ण स्थान रहन्छ ।

#### २.२.५.२ आकार

पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्दा पुस्तकको आकार पक्षलाई पनि ध्यान दिनु पर्दछ । आकारका दृष्टिले अन्य पुस्तकभन्दा भाषापाठ्यपुस्तक अपेक्षाकृत ठुलो हुनु राम्रो मानिन्छ । ठुलो भन्नाले विद्यार्थीको झोलामा नअटाउने दुई हातले फिजाएर पढ्न नसक्ने हुनुहुँदैन । बालबालिकको उमेर, तह र पाठ्यपुस्तकको आकर बिच तालमेल हुनुपर्दछ । विद्यार्थीको उमेर तहअनुसार पाठ्यपुस्तको आकार हुनु सान्दर्भिक मानिन्छ ।

#### २.२.५.३ छपाइ

पाठ्यपुस्तकको अध्ययन र विश्लेषण गर्दा छपाइ पक्षलाई ध्यान दिनुपर्दछ । पुस्तकमा छपाईसम्बन्धी गल्ती हुनुहुँदैन । शीर्षक, उपशीर्षकलाई ठुला अक्षरमा र अन्यलाई सामान्य अक्षरमा छपाइ गर्नुपर्छ । साना कक्षामा दुबैतिर किनारा बढी छोड्नु उपयुक्त हुन्छ भने ठुला कक्षामा किनारा कम छोडे पनि सिकाइ लाई र बँधाइ गर्दा अक्षर नछोप्ने गरी किनारा छोड्नुपर्छ (पौडेल, २०६९ : २९०) । छपाइमा मसीको प्रयोग गर्दा नउड्ने र नफुल्ने किसिमको हुनुपर्दछ । शब्द, पङ्ति तथा अनुच्छेदहरूका बिचको दुरी, शब्दपङ्क्तिको रखाइमा एकरूपता अदि कुरालाई ख्याल गर्नुपर्छ ।

### २.२.५.४ अक्षरको आकार ठाउँ छोडाइ

भाषापाठ्यपुस्तकमा प्रयुक्त अक्षरको आकार र ठाउँ छोडाइ कक्षाअनुसार फरक फरक हुन्छ । तल्ला कक्षामा ठुला र माथिल्ला कक्षा बढ्दै गएपछि अक्षरको आकार केही साना हुन आवश्यक हुन्छ । पाठ्यपुस्तकको मूल्य चर्को भएमा सर्वसाधारण अभिभावकले आफ्ना बालबालिकालाहरूई पुस्तक किनेर पढाउन सक्दैनन् । पाठ्यपुस्तक नाफा कमाउने पक्षलाई ख्याल नगरी न्यूनतम मूल्यमा किन्न सक्ने किसिमको तोक्नुपर्दछ । पाठ्यपुस्तकलाई सबैले प्रयोग गर्ने मूल्य निर्धारण गर्नुपर्दछ । सामान्यतः बालबालिकाका लागि उनीहरूको दृष्टि, क्षमता सुहाउँदो हुने गरी अक्षरको प्रयोग गर्नुपर्छ । कक्षा एकमा ६० प्वाइट, कक्षा चार र पाँचका लागि १४ प्वाइटको अक्षर उपयुक्त मानिन्छ भने कक्षा छ, सात, आठ, नौ र दशका लागि १२ प्वाटका अक्षर राख्नु उपयुक्त मानिन्छ । भाषापाठ्यपुस्तकममा हुने पङ्क्ति बिचको सामान्यतय सुरूको कक्षामा आधा इन्च र अन्य कक्षाहरूमा १/२ इन्च हुनु आवश्यक देखिन्छ । कागजको तल १ इन्च र माथि १/२ इन्च छाड्नु पर्दछ । यस्तै पाठ शीर्षक ठुला अक्षर, उपशीर्षक केही साना अक्षर अरू अक्षर सोभन्दा साना हुनुपर्दछ ।

### २.२.५.५ कागजको स्तर

भाषापाठ्यपुस्तकको कागज चिप्लो, सेतो र बाक्लो किसिमको हुनुपर्दछ । राम्रो स्तरयुक्त कागजमा छपाइ पनि राम्रो हुन्छ । पातलो नराम्रो किसिमको कागजको प्रयोग गर्नु उपयुक्त मानिँदैन किनभने एकापटिको अक्षर अर्कोपट्टि छापिएर स्पष्टसँग पढ्न सकिँदैन । त्यसैले कागजको स्तर उच्च कोटिको हुनुपर्छ । घामपानी र शीतले असर नगर्ने कागज

भएमा धरै उपगोगी हुन्छ । स्तरीय कागजको प्रयोग गरिएमा  धेरै लामो समयसम्म टिक्न सक्छ ।

### २.२.५.६ मूल्य

विद्यालय तहका पाठ्यपुस्तक कम मुनाफा कमाउने उद्देश्यले वितरण गर्नुपर्छ । पाठ्यपुस्तकको मूल्य चर्को भएमा सर्वसाधारण अभिभावकले आफ्ना बालबालिका~~ला~~हरूलाई पुस्तक किनेर पढाउन सक्दैनन् । पाठ्यपुस्तक नाफा कमाउने पक्षलाई  ख्याल नगरी न्यूनतम मूल्यमा किन्न सक्ने किसिमको तोक्नुपर्दछ । पाठ्यपुस्तकलाई सबैले प्रयोग गर्ने मूल्य निर्धारण गर्नुपर्दछ ।

### २.२.५.७ सुलभता

पाठ्यपुस्तक निर्माण ग~~रि~~री सकेपछि सबै ठाउमा सर्वसुलभ ढङ्गले प्राप्त गर्न सक्ने हुनुपर्दछ । सहरी क्षेत्रमा उपलब्ध हुने र र्दुगम क्षेत्रमा उपलब्ध हुन नसक्ने हुनु~~-~~हुँदैन । शैक्षिक सत्र सुरू भएको धेरै समयसम्म पनि पाठ्यपुस्तक नपुग्ने, लामो बाटो धाएर किन्न जानुपर्ने भएमा अभिभावक र बालबालिकाहरूमा नकारात्मक प्रभाव पर्न जान्छ । यसैले पाठ्यपुस्तक जुनसुकै ठाउँमा सुलभ ढङ्गबाट उपलब्ध हुनुपर्दछ ।

### २.२.५.८ विषयसूची

विषयसूची पाठको अगाडि राखिन्छ । विषयसूची हेरेर कुन पाठ कति पृष्ठमा छ, पाठ कहाँ छ भनी थाहा पाउन विषयसूचीको आवश्यकता पर्दछ । विषयसूचीमा विधा, लेखक तथा रचनाकार एवम् पृष्ठ  सङ्ख्या स्पष्ट खुलाएको ~~-~~हुनु~~-~~पर्दछ ।

### २.२.५.९ अन्य

माथि उल्लेखित गुण मात्र नभएर पाठ्यपुस्तकमा बाह्य आधारहरूमा विषयसूची, भूमिका, निर्देशन विभिन्न सङ्केत जस्ता पक्षहरू उपयुक्त र सान्दर्भिक हुनु आवश्यक मानिन्छ ।

पाठ्यक्रमका आधारमा निर्धारित उद्देश्यहरू पुरा गर्नका लागि तयर गरिएको एक उपयोगी शैक्षिक सामग्री पाठ्यपुस्तक हो । पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीलाई कुन पक्षमा के सिकाउने, कति सिकाउने, किन सिकाउने र कसरी सिकाउने आदि कुराको उत्तर दि~~न्~~न ~~भन्ने~~ पाठ्यक्रमले तोकेको के के र कति सिकाउने भन्ने विषयको विस्तृत सङ्कलन तथा

प्रस्तुति पाठ्यपुस्तकमा ग–रिएको हुन्छ । भाषापाठ्यक्रमको मुख्य उद्देश्य भाषिक सिपमा दक्ष बनाउनु हुन्छ । पाठ्यक्रमले उद्देश्यको  निर्धारण गरि सकेपछि ती उद्देश्य पुरा गराउन विद्यार्थीको उमेर, स्तर, पूर्वज्ञान, रुचि आदिलाई ख्याल गर्दै पाठ्यपुस्तकको विषयवस्तुको छनोट गर्नुपर्दछ । पाठ्यक्रमको उद्देश्यअनुसार विषयवस्तु राखेर सोअनुसार सामग्री र शैक्षिक कार्यकलाप सञ्चालन गरेर ती कार्यकलापमा विद्यार्थी कति दक्ष भए, विद्यार्थीको व्यवहारमा परिवर्तन आयो आएन भनी मूल्याङ्कन गरिन्छ ।

## २.३ भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकको सम्बन्ध

भषापाठ्यक्रम र भाषापाठ्यपुस्तक बिच अत्यन्तै धनिष्ट सम्बन्ध रहेको हुन्छ । पाठ्यक्रममा उल्लेख भएका उद्देश्य पुरा गर्न विषयवस्तुलाई स्पष्ट पार्न र त्यसको सीमा निर्धारण गर्न तयार पारिएको सामग्री नै भाषापाठ्यपुस्तक हो । भाषापाठ्यक्रम शिक्षण सिकाइको एक बृहत् योजना हो । भाषापाठ्यक्रममा कुन कुन कुरा पढाउने र कसरी पढाउने, कस्ता विषयवस्तु छनौट गर्ने, विषयवस्तुको क्षेत्र र क्रम कसरी व्यवस्थापन गर्ने जस्ता बृहत् कुराहरू समावेश गरिएको हुन्छ । भाषापाठ्यक्रमकै आधारबाट भाषापाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यक्रमले जे जस्ता उद्देश्य राखेको हुन्छ त्यसको आवश्यकता परिपूर्ति गर्नका लागि भाषापाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यक्रमअनुरूप पाठ्यपुस्तकको तालमेल नभएमा शिक्षण क्रियाकलापको गुणस्तरमा नकारात्मक प्रभाव पर्दछ । यसैले पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध धनिष्ट रहेको हुन्छ ।

भषापाठ्यक्रमले शिक्षण सिकाइलाई विभिन्न पक्षमा क्रमबद्ध र व्यवस्थित ढङ्गले दिशानिर्देश गर्ने काम गर्छ भने पाठ्यपुस्तकले पाठ्यक्रमअनुरूप रहेर पाठ्यक्रमको मार्गलाई गन्तव्यसम्म ~~पुर्याउन~~पुऱ्याउने काम गर्दछ । भाषा सिपगत विकास हो जसलाई अभ्यासले पूर्णता प्रदान गर्ने काम गर्छ । विभिन्न विषयवस्तुका माध्यमबाट अभ्यासको प्रस्तुति पाठ्यपुस्तकमा गरिन्छ । पाठ्यक्रमले मूल्याङ्कनको सैद्धान्तिक धारणा प्रस्तुत गर्दछ भने पाठ्यपपुस्तकले त्यसलाई व्यवहारमा लागु गर्ने काम गर्दछ ।

पाठ्यक्रमले सैद्धान्तिक पक्षमा रहेर सत्यतामा लैजाने काम गर्छ । पाठ्यपुस्तकले त्यसलाई प्रयोगात्मक तवरले प्रमाणिकता प्रदान गर्दछ । यसरी भाषापाठ्यक्रमको बृहत् योजनाबद्ध सैद्धान्तिक पथप्रदर्शनमा रहेर निर्माण भएको पाठ्यपुस्तक सान्दर्भिक, व्यावहारिक तथा भाषिक सिप र दक्षता प्राप्त गर्न सक्ने खालको हुनुपर्दछ । यी दुई बिचमा एक अर्काको ~~अभाव~~ अभाव भएमा भाषाशिक्षणका कुनै पनि कार्यले सफलता हाता पार्न सक्दैन । यसकारणले भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकको सम्बन्ध निकट रहेको हुन्छ ।

# अध्याय तिन

# शोधविधि र अध्ययन प्रक्रिया

## ३.१ अध्ययन विधि

अध्ययन विधि भन्नाले शोध प्रस्तावमा राखिएका उद्देश्यलाई प्राप्त –गर्नका लागि ~~अपनाउन~~अपनाइने पद्धति हो । अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्त गर्न ~~अपनाउन~~अपनाइने नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण –गर्ने प्रक्रिया अध्ययन विधि भित्र पर्दछन् । अनुसन्धानका क्रममा आगामी दिन~~हरु~~हरूमा अनुसन्धान के कसरी गर्ने भन्ने कुरा उल्लेख गरिएको एउटा पूर्व योजना नै अध्ययन विधि हो । अध्ययन विधिमा नमुना कसरी छनोट गर्ने ? तथ्याङ्क सङ्कलन कसरी गर्ने ? सङ्कलित तथ्याङ्कलाई कसरी विश्लेण गर्ने भन्ने कुरा समेटिएको हुन्छ ।

प्रस्तुत अध्ययन माध्यमिक तह कक्षा नौको पाठ्यक्रमअनुरूपताका आधारमा पाठ्यपुस्तको अध्ययन गर्नुपर्ने हुँदा यसमा मुख्यतय पुस्तकालयीय अध्ययन गरिएको छ । सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्दा विभिन्न पुस्तक, पत्रपत्रिका, लेख रचना तथा शोधपत्रबाट सामग्री लिई शोध निर्देशकको सल्लाहअनुसार शोधकार्य गरिएको छ ।

अध्ययन गर्दा के कस्तो बिधि ~~अवलम्बन~~ अवलम्वन गरिएको हो त्यसलाई नै अध्ययन विधि भनिन्छ । अध्ययन विधिले अनुसन्धान कार्यलाई निचोडमा ~~पुर्याउन~~पुऱ्याउने गर्दछ । तसर्थ यस अध्ययनअन्तर्गत निम्नानुसार अध्ययन विधि अपनाइएको छ :

Formatted

### ३.१.१ तथ्याङ्क सङ्कलन सामग्री

Formatted

शोध अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा विभिन्न स्रोत सामग्रीलाई उपयोगमा ल्याइएको छ । उक्त अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्दा निम्नलिखित स्रोतको प्रयोग गरिएको छ :

#### ३.१.१.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यको शीर्षक कक्षा नौको पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकको अध्ययन भएकाले प्राथमिक सामग्रीअन्तर्गत पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित कक्षा नौको पाठ्यक्रम र पाठ्यपुस्तकलाई सामग्रीका रूपमा लिइएको छ ।

**~~७.१.२~~३.१.१.२ ~~द्वितीय~~ द्वितीय स्रोत**

प्रस्तुत अध्ययनका क्रममा ~~द्वितीय~~द्वितीय स्रोतका ~~स्प~~रूपमा पुस्तकालयीय विधि अपनाइ~~ने~~एको छ । यसका साथसाथै जर्नल, प्रतिवेदन, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, पत्रिका लगायत विभिन्न लेख रचना, सन्दर्भ पुस्तक सुझाव प्रतिवेदनहरू रहेका छन् ।

**३.१.१.३ सामग्री निर्माण**

शोधपत्रलाई व्यवस्थित, प्रमाणिक, वैध बनाउन तथा सङ्कलनका विभिन्न स्रोत तथा प्रक्रियाहरूबाट तथ्याङ्क सङ्कलन गरी सामग्री निर्माण गरिएको छ । यस अध्ययन तथ्याङ्क सङ्कलनका सामग्रीहरूमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपताका आधारमा अध्ययन गर्नु पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएका कमीकमजोरी पत्ता लगाई सुधारका लागि सुझाव पेस गर्नु, आन्तरिक र बाह्य विशेषताका आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषणलाई सामग्रीका रूपमा लिइएको छ ।

Formatted

**३.१.१.४ तथ्य सङ्कलन**

शोधपत्र तयार पार्नका लागि आवश्यक पर्ने सामग्रीहरू पुस्तकालयीय, छलफल, खोज अध्ययनबाट सङ्कलन गरिएको छ । यसका साथै सम्बन्धित क्षेत्रका विशिष्ट विद्वान् प्राध्यापक एवम् सम्बद्ध निकाय र साथीहरूसँग प्रत्यक्ष छलफल तथा टेलिफोन सम्पर्कबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.२ तथ्य विश्लेषण

अध्ययनबाट प्राप्त सामग्रीलाई वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक विधि अपनाई व्याख्या तथा विश्लेषण गरी वस्तुपरक अध्ययन गरी ठोस निष्कर्षमा पुग्नका लागि ~~विधिन्न~~ विभिन्न तालिका~~हरु~~हरू प्रतुत गरिएको छ। यसका अतिरिक्त सैद्धान्तिक अध्ययनबाट प्राप्त ज्ञानलाई आवश्कताअनुसार चित्र, ~~ग्राफ,~~ तालिका लगायत वर्णनात्मक पद्धति अपनाई व्याख्या विश्लेषण गरिएको छ।

कुनै पनि तहमा अध्ययन गराई रहेका पाठ्यपुस्तकका विभिन्न आधारहरू देखापर्दछन्। यस अध्ययनमा पनि तिनै आधारहरूमध्ये पाठ्यपुस्तकको आन्तरिक र बाह्य आधारलाई लिएको छ। आन्तरिक पक्षअन्तर्गत विषयवस्तु तथा प्रस्तुति, भाषिक संरचना र शैली नमुना अभ्यास, चित्र भूमिका आदि पर्दछन् भने बाह्य पक्षअन्तर्गत आवरण पृष्ठ, आकार, छपाइ, बँधाइ, अक्षरको आकार, कागज, मूल्य, सुलभता, विषयसूची आदि पर्दछन्। यिनै आधारलाई विषय विशेषज्ञ, सन्दर्भ पुस्तक, शोध ग्रन्थ र शिक्षकहरूको राय सुझावका आधारमा विश्लेषण गरिएको~~उ~~ छ। पाठ्यपुस्तक वर्तमान सन्दर्भलाई ध्यानमा राखेर कुनै पनि देशको समसामयिक परिस्थितिलाई हेरेर शिक्षाको निम्ति तय गरिएको हुन्छ। यसै अनुसार तहगत र –कक्षागत उद्देश्यहरू निर्माण गरी पाठ~~्यक्रम~~ यपुस्तक बनाएको हुन्छ। यसरी तयार गरिएको पाठ्यपुस्तक पाठ्यक्रम–अनुरूप विद्यार्थीको रुचि, स्तर र पूर्वज्ञानलाई मध्यनजरमा राखेर पाठ्यपुस्तक निर्माण गरिएको छ।

पाठ्यपुस्तक विश्लेषणका विधिका निम्ति शिक्षाविद्, पाठ्यक्रम, पाठ्यपुस्तक विशेषज्ञहरूले निर्माण गरेका पाठ्यपुस्तक विश्लेषणसम्बन्धी सैद्धान्तिक मान्यताको अध्ययन गरी तिनै मान्यताका आधारलाई मानक मानी सम्बन्धित पाठ्यपुस्तकको अध्ययनबाट तथ्याङ्क सङ्कलन गएिको छ। पाठ्यक्रमअनुरूपताका आधारमा सम्बन्धित तहको पाठ्क्रमको उद्देश्य, विधाको क्षेत्र सिकाइ उपलब्धिका आधारमा अध्ययन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। यसरी प्राप्त भएको तथ्यहरूलाई वर्गीकरण, तालिकीकरण, व्याख्याका साथै विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययन विधिलाई अझ प्रष्ट पार्नका लागि निम्नलिखित बुँदाहरूमा राखिएको छ :

१. यस शोधकार्यमा पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मुख्य आधार बनाइएको छ ।

२. अनुसन्धान गर्ने क्रममा कक्षा नौको भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तक, सन्दर्भ पुस्तक, अध्ययनसँग सम्बन्धित विभिन्न शोधग्रन्थहरू उपयोग गरी सामग्री सङ्कलन गरिएको छ ।

३. भाषापाठ्यपुस्तकलाई आन्तरिक र बाह्य गुणका आधारका व्याख्या तथा विश्लेषण गरिएको छ ।

४. पाठ्यक्रम-अनुरूप पाठ्यपुस्तक भए नभएको अध्ययन गरिएको छ ।

५. पाठ्यपुस्तकमा देखिएका कमीकमजोरी पत्ता लगाई सुधारका लागि सुझाव पेस गरिएको छ ।

## अध्याय चार

# परिणाम र छलफल

## ४.१ पाठ्यक्रमअनुरूपताका दृष्टिले कक्षा नौको पाठ्यपुस्तकको अध्ययन

पाठ्यक्रमले निर्धारण गरेका लक्ष्यहरू पुरा गर्नका लागि आवश्यक पर्ने शिक्षण सिकाइ कार्यकलाप सञ्चालनका लागि सहयोग पुऱ्याउने महत्त्वपूर्ण शैक्षिक सामग्री पाठ्यपुस्तक हो । कुनै निश्चित तहको कुनै निश्चित कक्षामा वर्षभरी ~~शिषण्ण~~ शिक्षण गर्नका लागि तयार गरिएको विषयवस्तुको सङ्गालोलाई पाठ्यपुस्तक भनिन्छ । त्यसैले यस्तो पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप निर्माण गरिनुपर्दछ । यसैअनुरूप कक्षा नौको नेपाली पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप भए नभएको हेर्ने कार्य यस अध्ययनमा गरिएको छ ।

भाषापाठ्यक्रम भाषिक सिप हासिल गर्ने उद्देश्यमा आधारित हुन्छ । यस्ता सिपगत उद्देश्य प्राप्त गर्नका लागि भाषापाठ्यपुस्तकमा विभिन्न विधाहरूको प्रयोग गरिएको हुन्छ । भाषिक पाठ्यपुस्तकबाट नै शब्दभण्डार, वाक्यरचना, प्रश्नोत्तर, शुद्धोच्चारण, व्याकरणको ठिक रूपमा प्रयोग, लिखित तथा मौखिक अभिव्यक्ति आदि सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारै सिपको विकास गराउन सकिन्छ । यस्ता उद्देश्यहरू परिपूर्ति गर्न पाठ्यपुस्तक उपयुक्त छ छैन भनी अध्ययन गर्ने कार्य यसमा गरिएको छ ।

पाठ्यक्रम शिक्षणको मेरुदण्ड हो । शिक्षणका सम्पूर्ण प्रक्रियाहरूको सुरुवात पाठ्यक्रमबाट हुन्छ । त्यसैले पाठ्यक्रमको अपेक्षा अनुकूल पाठ्यपुस्तक निर्माण हुनुपर्दछ । सिकारुको रुचि, क्षमता तथा स्तरका आधारमा भाषापाठ्यपुस्तक निर्माण भएको छ छैन भनी अध्ययन गरिएको छ । भाषा–पाठ्यपुस्तकमा के कस्ता विषयहरू राखिएका छन्, तिनीहरूको क्षेत्र र क्रम कसरी निर्धारण गरिएको छ, पाठ्यवस्तुको छनोट र स्तरण कसरी गरिएको छ छैन, मूल्याङ्कनलाई प्रयोगात्मक रूपमा प्रस्तुत गरिएको छ कि छैन भन्ने पक्षमा पनि अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा पाठ्यपुस्तकका आन्तरिक तथा बाह्य विशेषताका आधारमा पनि उपयुक्त भए नभएको अध्ययन गरी निष्कर्ष तथा सुझाव दिने काम गरिएको छ ।

### ४.१.१ पाठ्यक्रमका उद्देश्य र पाठहरू

भाषापाठ्यपुस्तकमा पाठ्यक्रमका उद्देश्यहरू पूर्ति गर्नका लागि विभिन्न पाठहरू राखिएका हुन्छन् । ती पाठहरूमा भाषिक सिप विकासका लागि विभिन्न अभ्यासहरू राखिएका हुन्छन् । यस अध्ययनमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रमअनुरूपताका दृष्टिले उद्देश्य पूर्ति गर्ने खालका पाठहरू र अभ्यासहरू उपयुक्त छन् की छैनन् भनी अध्ययन गर्न खोजिएको छ । प्रत्येक पाठको पृष्ठको अन्त्यमा कठिन शब्द र तिनको अर्थ दिएको छ, यसपछि अभ्यास सुरु गरिएको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा सुरुको पाठ कथा राखिएको छ । जसअन्तर्गत सुरुको अभ्यासमा पाठको पाँचौं अनुच्छेद सुनी ठिक र बेठिक छुट्याउने, अनुच्छेदको श्रुतिलेखन गर्ने, पाठको अनुच्छेद सुनी त्यसका आधारमा उत्तर भन्ने जस्ता अभ्यासहरू राखिएको छ । यसले सुनाइ र लेखाइ सिपको विकास गर्नु सहयोग पुऱ्याउने आंशिक उद्देश्यलाई तय गरेको छ । त्यसैगरी कवितामा गति, यति र लय मिलाएर पढ्न लगाउने अभ्यास राखिएको छ । यसले पढाइ सिप विकास गर्न सहयोग गर्ने आंशिक उद्देश्यलाई तय गरेको छ । यसैगरी वक्तृत्व कलाअन्तर्गत हाउभाउ सहित तार्किक क्षमताको विकास गर्न अभ्यासमा राखिएको छ । यसैगरी संवादले हाउभाउ सहित पढेर सुनाउने बानीको विकास गराउन संवादको अभ्यासहरू पनि राखिएको छ । यसमा पढाइ र सुनाइको अभ्यास गराउन खोजिएको छ । यसैगरी निवेदन लेखन अभ्यासमा निवेदन लेख्ने कलाको विकास गराउने उद्देश्य राखिएको छ । अन्य विधागत पाठहरूमा सङ्क्षिप्त उत्तर दिने अभ्यास राखिएको छ । यसले बोलाइ सिपगत र स्मरण क्षमताको विकास गर्ने उद्देश्य प्र~~ाप्तिमा~~ ाप्तिमा सहयोग पुऱ्याउन मद्दत गरेको देखिन्छ । यस्तै प्रश्नोत्तरसम्बन्धी राखिएका अभ्यासले पठनबोध तथा लेखनसम्बन्धी उद्देश्यको आंशिक तह पुरा गरेको देखिन्छ । सुनेर उत्तर दिने श्रुतिबोध क्षमताको विकासमा टेवा पुऱ्याउने कार्य गरेको पाइन्छ । शुद्ध उच्चारणसम्बन्धी अभ्यासले पाठभित्रका शब्द र वाक्यहरूलाई स्पष्ट उच्चारण गर्न सहयोग पुऱ्याएको देखिन्छ । शुद्ध पारी लेखसम्बन्धी अभ्यासले वाक्य गठन मिलाई सफा र स्पष्टसँग लेखनमा जोड दिएको पाइन्छ । त्यसैगरी जोडा मिलाउने, उपयुक्त शब्द खोजेर खाली ठाउँ भर्ने, ठिक उत्तरमा चिह्न लगाउने जस्ता अभ्यासहरूले उपयुक्त शब्द चयन गर्न, फरकपना पहिचान गरी सुधार गर्न साथै लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य, विभक्ति, कारक आदिसम्बन्धी सङ्गति मिलाई उपयुक्त

वाक्यको निर्माण गर्ने जस्ता कुराहरूलाई ध्यान दिएको देखिन्छ । यसैगरी पाठबाट खोजेर लेख जस्ता अभ्यासले विद्यार्थीलाई सक्रिय बन्न सिकाउने स~~थी~~ाथै सही उत्तर पत्ता लगाउन सक्ने बानीको विकास गराउन खोजिएको देखिन्छ । भाव स्पष्ट गर, व्याख्या तथा विभिन्न अंशको भाव व्यक्त गर जस्ता अभ्यासले व्यक्तिको अभिव्यक्ति क्षमताको विकासमा टेवा पुऱ्याएको देखिन्छ ।

कार्यमूलक व्याकरणका रूपमा व्याकरणको धारणात्मक ज्ञानलाई विस्तार गर्न खोजिएको छ । यसका साथै परम्परागत घोकन्ते र बोझिलोपन हटाएर सहज र सरल तरिका व्याकरणगत अभ्यासमा दिन खोजिएको छ । सारांश लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, बुँदा टिपोट जस्ता सिर्जनात्मक क्रियाकलापले सिकारुहरूलाई सक्रिय बनाई लेखन सिपको विकासका साथै मौखिक अभिव्यक्ति सिपलाई विकास गराउन सहयोग गरेको छ । सिर्जनात्मक कार्यले ज्ञान र सिपलाई विद्यार्थीको धारणा—अनुरूप, अनुभूति र आवश्यकताअनुरूप प्रयोग गर्न विद्यार्थीको विभिन्न शैलीमा लेखन कलाको विकास गराउने भएकाले पाठ्यपुस्तकमा यस्ता विभिन्न कुरालाई समावेश गरिएको हुनुपर्दछ । तिनै उद्देश्यहरूलाई आत्मसाथ गर्दै कक्षा नौको भाषापाठ्यपुस्तक पाठ्यक्रम—अनुरूप तयार गरिएको पाइन्छ ।

### ४.१.२ भाषिक सिपका आधारमा पाठ्यपुस्तकको अध्ययन

#### ४.१.२.१ सुनाइ र बोलाइ सिप

सुनाइ र बोलाइ मौखिक पक्षअन्तर्गत पर्ने भाषिक सिपहरू हुन् । यी दुई सिपहरू एक अर्कामा अन्तरसम्बन्धित छन् । व्यक्तिले कुनै कुरा सुनेर मात्र भाषिक आवश्यकता पुरा गर्न सक्दैन । त्यसका लागि बोलाइको आवश्यकता पर्दछ । कुनै व्यक्तिले कुनै कुरा सुनेर मात्र बोलाइतिर लम्कन सक्छ । त्यसकारण सुनाइ पहिलो र बोलाई दोस्रो भाषिक सिप हो । माध्यमिक तहको भाषिक शिक्षा~~ः~~ पाठ्यक्रमले कक्षा नौका लागि सुनाइ, बोलाइसँग सम्बन्धित जम्मा १५ ओटा उद्देशयहरू निर्धारण गरेको र सबै सिपमा समान ढङ्गले जोड दिने प्रयास गरेको छ । सुनाइ र बोलाइ सिपको परीक्षण भाषाका एकाइहरूलाई आधार बनाएर गरिएकाले निकै राम्रो देखिन्छ । जसलाई तलका बुँदाहरूबाट अझ प्रस्ट पारिएको छ :

- शब्द र वाक्यमा प्रयुक्त स्वर र व्यञ्जन वर्णहरू पहिल्याई शब्द उच्चारण गर्न ।
- मातृभाषा र विभिन्न भाषाभाषीको सन्दर्भलाई समेत ख्याल गरी उपयुक्त उच्चारण गर्न ।
- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न ।
- साहित्य, विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयवस्तुहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न ।
- साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न ।
- वक्तृत्व, संवाद, छलफल जस्ता मौखिक अभिव्यक्ति सुन्न तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विधाहरू पहिचान गर्न ।
- देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न ।
- श्रोताको अवस्था, प्रस्तुतिको योजना तथा परिवेशअनुसार विचार प्रस्तुत गर्न ।
- गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्ति गर्न ।
- मौखिक पाठ तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य शब्द भन्न ।
- आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय सभा–सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न ।
- सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था अभिवृद्धि र संवेग तथा भाषाको प्रयोजनपरक भेदका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन ।
- प्रसङ्ग सन्दर्भअनुसार उखान टुक्काको प्रयोग गर्न ।

पाठ्यक्रमका सुनाइ र बोलाइ सिपसँग सम्बन्धित कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा विभिन्न विधाहरू राखिएका छन् । पाठ्यपुस्तकमा समाविष्ट गरिएका कथा, कविता, प्रबन्ध/जीवनी, रूपक, चिठी, निवेदन आदिजस्ता विधाले सुनाइ र बोलाइ सिपको विकासलाई सहयोग पुऱ्याएका छन् । यी विधागत रूपमा राखिएका अभ्यासहरूले

पनि सुनाइ र बोलाइ सिपको विकासमा सघाउ पुऱ्याएका छन् । यति हुँदाहुँदै पनि लेखाइ सिपको विकास भने तुलनात्मक रूपमा कम हुन जान्छ । पाठको पृष्ठ ६, १४, २४, ४७, ५५, ६४, ८४, ९४, १३५, १४१, १५५ मा समाविष्ट भएका अभ्यासहरूले शुद्ध र स्पष्टसँग उच्चारण गर्न सुनाइ र बोलाइ सिपलाई समेटेको पाइन्छ । पृष्ठ ७, २५, ३६, ४८, ५५, ७२, १५५ मा राखिएका अभ्यासले हाउभाउका साथै अभिनयमा समेत ध्यान दिँदै हाउभाउ मिलाइ शुद्ध स्पष्ट ढङ्गले बोल्न सक्ने क्षमताको विकास गर्न सुनाइ र बोलाइ सिपलाई समेटेको छ । अरूले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा भन्ने अभ्यासका लागि ६, १४, ४७, ६४, ७२, ७३, ९५ पृष्ठमा राखिएको छ । आफूले देखेका, सुनेका, अनुभव गरेका घटना वस्तु,वातावरण, सांस्कृतिक पक्ष, राजनैतिक, धार्मिक, प्राकृतिक वस्तु तथा वातावरणका विषयमा सिलसिलाबद्ध ढङ्गबाट मौखिक वर्णन गर्ने अभ्यासमा पृष्ठ ११, ५१, ८७, ९८, १०८, १३८ मा राखिएको छ । मौखिक अभिव्यक्तिअन्तर्गत छलफल, कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, आलोचनालाई ध्यानपूर्वक सुनी तिनमा भाग लिनका लागि पृष्ठ ७, १४, ३६, ४७, ६५, ७२, ९५, १०५, १२३, १३५ मा अभ्यासहरू राखिएका छन् । प्रत्येक पाठको अभ्यासमा सुनेर उत्तर भन्ने अभ्यासहरू राखिएका छन् । जसले सुनाइ र बोलाइ सिपलाई सहयोग  गरेको छ । यसैगरी छलफल श्रुतिबोध जस्ता अभ्यासहरू प्रायः सबै पाठहरूमा राखिएका छन् । यसले पनि सुनाइ र बोलाइ सिपलाई विकास गर्ने काम गर्दछ । यसका साथै साहित्यका विधाहरू सुनेर प्रतिक्रिया व्यक्त गर्ने अभ्यासहरू पनि प्रत्येक पाठहरूमा थोरबहुत रूपमा राखिएको छ । जसले सुनाइ र बोलाइ सिपलाई विकास गराउने प्रयास गरिएको पाइन्छ ।

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्ने कुरालाई कक्षाकोठामा कसरी मापनीय बनाउने भन्ने कुराको सामञ्जस्यता भएको देखिँदैन । सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न सक्ने खालका अभ्यासहरू भेटिँदैनन् । भाषिक अभिव्यक्ति सुनी मौलिक पहिचान गर्ने अभ्यासहरू पनि स्पष्ट रूपमा किटान गरिएको देखिँदैन । साहित्यिक अभिव्यक्ति सुनेर प्रतिक्रिया जनाउने खालका अभ्यासहरूको पनि ~~कमि~~ कमी देखिन्छ । यसैगरी विश्लेषणका क्रममा पाठ्यक्रमले सुनाइ र बोलाइ सिपलाई राखिएको भए तापनि अभ्यासमा भने कमी देखिन्छ । यसरी समग्रमा हेर्दा पाठ्यक्रमअनुरूप पाठ्यसामग्रीमा सुनाइ

र बोलाइसम्बन्धी सिप विकासमा कमी देखिन्छ । यसैगरी आधुनिक भाषा सिकाइका लागि खासै उपयुक्त नभएको देखिन्छ ।

### ४.१.२.२ **पढाइ**

लिखित सामग्रीलाई बुझेर अभिव्यक्ति गर्न आधार प्रदान गर्ने सिप पढाइ हो । व्यक्तिको पहिलो खुड्किलो लेख्य भाषालाई पढ्न जान्नु हो । लिपिबद्ध गरिएका विचारलाई वाचन गर्न सक्नु पढाइ हो । पढाइबाट विचारको ग्रहण पाठको अनुकूलताअनुसार हुन्छ । विषयवस्तुको स्तरअनुसारको भावग्रहण गर्न सक्ने सामर्थ्य पढाइबाटै प्राप्त हुन्छ (ढकाल, २०६८/०६९ : २५०) । पढ्न जानेमा आफ्नो सुविधाअनुरूप विषयवस्तुको ज्ञान आर्जन गर्न सकिन्छ ।

पढाइ सिप विकास गराउनका लागि सस्वरपठन र मौन पठनको प्रशस्त अभ्यास गराउनु पर्दछ । कक्षा नौको भाषापाठ्यपुस्तकले पनि पढाइ सिप विकास गराउनका लागि विभिन्न प्रकारका उद्देश्यहरू राखेको छ । ती उद्देश्य परिपूर्ति गर्नमा पाठ्यपुस्तक कतिको उपयोगी छ भन्ने बारेमा अध्ययन गर्नका लागि पढाइ सिपअन्तर्गत एघार ओटा उद्देश्यहरू निर्धारण गरेको छ । जसलाई निम्नअनुसार उल्लेख गरिएको छ :

- लिखित सामग्रीलाई गति, यति र लय मिलाइ शुद्ध र स्पष्टसँग वाचन गर्न,
- लिखित  सामग्रीको पठनमा पढाइको गति विकास गर्ने गरी छिटो छिटो पढ्न,
- लिखित सामग्रीको पठनमा  सन्दर्भ, संवेग तथा परिवेश मिलाइ पढ्न,
- साहित्य, विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र प्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न,
- पाठको संरचना, उद्देश्य, सूचना तथा विषयवस्तुको अनुमानित अभिप्राय पहिल्याउन सक्ने गरी पढ्न प्रयोजनअनुसार प्रस्तुत भएका पाठ पढी शब्दभण्डार वृद्धि गर्न,
- लिखित सामग्रीको प्रयोजन ख्याल गरी पढ्न र ती सामग्री पढी प्रयोजनको सन्दर्भ र उद्देश्य पहिचान गर्न ।
- हिज्जे र लेख्य ~~चिहनका~~ चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न,

- साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक, सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्नु,
- पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रयोजन व्यक्त गर्न सक्ने पाठहरू पढ्न ।

कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा पठनबोधसम्बन्धी अभ्यासहरू हेर्दा लिखित सामग्रीलाई गति, यति, लय मिलाइ, शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न भन्ने उद्देश्यका लागि कविता खण्डमा अभ्यास १ र कथा खण्डको गति यति मिलाई वाचन गर्न भन्ने उद्देश्यमा अभ्यास एकमा राखिएको छ । समग्रमाभन्दा १५, २५ र १२३ पृष्ठमा राखिएको छ भने अन्य पाठहरूमा भे~~टिन्छन~~टिँदैनन् । पाठका विभिन्न अनुच्छेदहरू हाउभाउ सहित पालैपालो सस्वर वाचन गर्न भन्ने उद्देश्यमा पाठ एकको अभ्यास, पाठ नौको अभ्यास, पाठ दशको अभ्यास, पाठ १२ को अभ्यास, पाठ १५ को अभ्यासमा भेटिन्छ । प्रस्तुत अनुच्छेदलाई द्रुत वाचन गरी सो अनुच्छेद पढ्न कति समय लाग्यो, त्यसको हेक्का राख्ने उद्देश्यअन्तर्गत पाठ ३ को अभ्यास र पाठ ४ को अभ्यासमा मात्र राखिएको पाइन्छ । मौन पठनसम्बन्धी उद्देश्य पाठ १२ को अभ्यासमा भेटिन्छ । पाठ १५ को अभ्यासमा विस्तृत कार्यकलाप गराइएको पाइ~~न्~~न्छ भने सूक्ष्म रूपमा मौन पठनसम्बन्धी पाठ २ को अभ्यास र पाठ ५ को अभ्यासमा भेटिन्छ ।

लेखाइ सिपको विकास गर्नका लागि पर्याप्त अभ्यास भने राखिएको पाइँदैन । विभिन्न प्रयोजनका लागि लिखित सामग्रीको मौन वाचन गर्न भन्ने उद्देश्यलाई पुरा गर्ने खालका मौन वाचनसम्बन्धी सबै अभ्यासहरू पर्याप्त मात्रामा नै देखिन्छन् । विभिन्न प्रयोजनका लागि कथा, कविता, निबन्ध, जीवनी, रूपकका पाठहरूमा उद्देश्य पुरा गर्नका लागि उत्तर देऊ, पाठले भन्न खोजेको मुख्य मुख्य बुँदा भन भन्ने प्रश्नहरू राखिएका छन् । यसरी सूक्ष्म रूपमा अध्ययन गरी भन्नुपर्दा यी सम्पूर्ण अभ्यासहरू पढाइभन्दा पनि लेखाइ तिर बढी झुकाव राखेको देखिन्छ । पाठ्यक्रमले विभिन्न स्रोतका सामग्रीबाट शब्दभण्डार क्षमताको वृद्धि र विकास गर्छ भन्ने उद्देश्य राखेको छ । यसलाई पुरा गर्नका लागि प्रत्येक पाठमा शब्दभण्डारसम्बन्धी अभ्यास राखिएको पाइन्छ । प्रायः –प्रत्येक पाठमा वाक्यको क्रम मिलाउन मात्र दिएको छ । यतिले मात्र विद्यार्थीको बौद्धिक क्षमता वृद्धि हुन नसक्ने भएकाले पाठमा प्रयुक्त भएका केही सजिला र केही अप्ठ्यारा वाक्य दिएर अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने अभ्यास राखेमा राम्रो देखिन्छ । कुनै पनि पाठलाई सस्वर वाचन गर भन्ने कुरामा मात्र जोड दिनुभन्दा लेख्य चिह्नलाई ख्याल गरेर पढ्ने कुरामा जोड दिँदा राम्रो

र मापनीय हुने देखिन्छ । विभिन्न मुद्रित तथा विद्युतीय सामग्रीलाई रुचिपूर्वक पढ्न भन्ने उद्देश्यका लागि पुरा गर्ने खालका अभ्यासहरू पाइँदैन ।

पाठ्यक्रमअनुरूपताका आधारमा पढाइ सिपको विकास गर्न राखिएका विभिन्न उद्देश्यहरू पुरा गर्नका लागि पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न पाठगत अभ्यासहरू पर्याप्त मात्रामा अभ्यास पुग्ने देखिँदैन । कुनै पाठका अभ्यासहरू स्तरभन्दा केही कठिन देखिन्छन् । पाठमा प्रयोग भएका कठिन शब्दहरू टिपोट गर्नुहोस् भन्ने मात्र देखिन्छ । ती शब्दलाई शुद्ध उच्चरण गर्दै अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाएको खण्डमा अभ्यास बढी मापनीय हुने देखिन्छ । पढाइ सिपका लागि अभ्यासहरू कम देखिन्छन् भने लेखाइ सिप विकास गराउने तर्फ बढी ढल्केको देखिन्छ ।

### ४.१.२.३ लेखाइ

सुनेका, देखेका, पढेका, जानेका कुरालाई लिपिचिह्नद्वारा अभिव्यक्त गर्ने भाषिक कार्यकलापलाई लेखाइ भनिन्छ । लिखित अभिव्यक्ति, मौखिक अभिव्यक्तिको प्रतीकात्मक प्रयोग हो । भाषिक अभिव्यक्तिद्वारा सिपको विकास गर्न भाषापाठ्यक्रमले लेखाइ सिपको उद्देश्य राखेको छ । कक्षा नौको नेपाली भाषापाठ्यक्रममा लेखाइ सिपअन्तर्गत १५ ओटा उद्देश्य समेटिएको देखिन्छ । जुन उद्देश्यहरू यसप्रकार छन् :

- विभिन्न प्रकारका सूचना सङ्कलन गरी तिनको संश्लेषण गरी लेख्ने,
- लेखिएका सामग्रीको सम्पादन र परिस्कार तथा पुन सम्पादन र पुनः परिस्कार गरी लेख्न,
- कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्ने,
- आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषयवस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न,
- उद्देश्यमूलक सूचना र विषयवस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न,
- पढेका विषयका मुख्य बुँदा टिपोट गर्न र सारांश लेख्न,

- साहित्यका विभिन्न विधा र पाठको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न,
- दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, निमन्त्रणा र शुभकामना पत्रको रचना गर्न,
- उपयुक्त शैली र ढाँचामा संवाद र वादविवाद लेख्न,
- विभिन्न प्रयोजनपरक क्षेत्र शब्द तथा प्रचलित उखान टुक्काहरूको सन्दर्भअनुसार अर्थ प्रस्ट हुने गरी वाक्यमा प्रयोग गर्न,
- लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न,
- विभिन्न विधा साथै भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति प्रकट गर्न,
- विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक र मूल्याङ्कनात्मक अभिव्यक्ति प्रस्तुत गर्न,
- कुनै निश्चित विषयमा आलोचनात्मक विचार निर्माण गरी लेख्न ।

भाषापाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नका लागि प्रत्येक पाठको अभ्यासमा पाठ पढी सङ्~~षिप्त~~क्षिप्त उत्तर लेख भन्ने अभ्यास राखिएको छ । धेरैजसो पाठमा शब्द दिएर अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर भन्ने अभ्यास राखिएको छ । जसले शब्दभण्डार क्षमतामा वृद्धि गराउँदछ । पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नका लागि सारांश लेखन पनि राखिएको पाइन्छ । पाठ १३ मा इतिहास, संस्कृति, जातजाति तथा स्थानीयलाई बुझाउनका लागि अनुच्छेद लेखन अभ्यास राखिएको छ । लेख्य चिह्नको उपयुक्त प्रयोग गर्न भन्ने उद्देश्य पूर्तिका लागि पाठ २ को अभ्यास ४ मा राखिएको छ । पढेका विषयमा मुख्य मुख्य बुँदा टिपोट गर्नका लागि पाठ ३, पाठ ५, पाठ ११ र पाठ १६ को अभ्यासमा राखिएको छ । साहित्यिक विधा र पाठको विश्लेषण र विशिष्ट अंशको व्याख्या गर्न पाठ ६ को अभ्यास २, पाठ ८ को अभ्यास २, पाठ ९ को अभ्यास ४, पाठ १० को अभ्यास २,पाठ ११ को अभ्यास ४, पाठ १३ को अभ्यास ४ मा राखिएको पाइन्छ । संवाद र वादविवाद लेखनका लागि पाठ १४ को अभ्यासमा संवाद रचना राखिएको छ । कुनै निश्चित विषयमा आलोचनात्मक सोच निर्माण गरी लेख्न पाठ ५ को अभ्यास ५ मा राखिएको छ । व्याकरणका आधारभूत नियम

पालना गरी लेख्नका लागि पाठ ७ को अभ्यास, पाठ आठको अभ्यास, पाठ नौको अभ्यास ९, पाठ १० को अभ्यास ९ मा राखिएको छ । यतिले मात्र पाठ्यक्रमका उद्देश्य पुरा गर्न नसक्ने भएकाले आफूले देखेका अनुभव गरेका वस्तु तथा वातावरणका बारेमा लिखित वर्णन गर्ने उद्देश्यका लागि पाठ १० मा राखिएको छ ।

अनुच्छेद चिठी, निवेदन, कथा प्रबन्ध, जीवनी, वक्तृतालाई सिलसिला मिलाइ लेख्ने सिपको विकास गर्नका लागि पाठ १ को अभ्यास ६, पाठ ५ को अभ्यास २, पाठ ९ को अभ्यास ५, पाठ १२ को अभ्यास ६, पाठ १३ को अभ्यास ३, १५ का अभ्यास २ मा राखिएको छ । पाठ १४ को ३, ५, ७ र पाठ १५ को ३, ५, ६, ९ अभ्यास र पाठ १६ को ३, ६, ७ मा राखिएका अभ्यसअभ्यासले उद्देश्य प्राप्ति गर्न सहयोग पुऱ्याउने देखिन्छन् । यसैगरी अभ्यासले मौलिक रचनामा समेत सहयोग पुऱ्याउने देखिन्छन् । प्रत्येक पाठका अभ्यासहरूमा शब्दलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्नका लागि राखिएका उद्देश्य पूर्तिका लागि सहयोगी देखिन्छन् । व्याकरण सम्मत् वाक्य रचना गर्ने सिपको विकास गर्नका लागि आधुनिक सिकाइ परम्पराबाट विभिन्न पाठहरूमा अभ्यसअभ्यास राखिएका छन् । सङ्गति, काल, पक्ष, भाव, वाच्य परिवर्तन वाक्य परिवर्तन, शब्दवर्ग, कारक र विभक्तिलाई कार्यमूलक व्याकरणबाट सिकाउने प्रयास गरेको भेटिन्छ यो सकारात्मक पक्ष हो ।

यसरी पाठ्यपुस्तकको विश्लेषण गर्दा भाषाका चार सिपहरूमध्ये सबैभन्दा बढी लेखाइ सिपलाई प्राथमिकता दिएको भेटिन्छ । समग्रमा हेर्दा लेखाइ सिपका अभ्यसअभ्यासहरू उपयुक्त नै देखिन्छन् ।

## ४.२ आकृति–ति–प्रकृति र पाठ्यपुस्तक

बालबालिकामा तर्क, बुद्धि आदिको मात्रा भाषिक क्षमतामा निर्भर हुने गर्दछ । पाठ्यपुस्तकमा प्रयोग गरिने भाषा, स्तरीय, मानक र विशुद्ध हुनुपर्दछ । कक्षा नौको नेपाली भाषा–पाठ्यपुस्तकमा प्रयुक्त भाषा स्तरीय र मानक भन्ने हुन सकेको छैन । पाठ्यपुस्तकमा मिश्रित भाषाको बढी प्रयोग भएको पाइन्छ । उक्त पाठ्यपुस्तकमा संस्कृत, नेपाली, हिन्दी, उर्दू, फारसी, अङ्ग्रेजी आदि भाषाका शब्दहरूको मिश्रित प्रयोग भएको भेटिन्छ । लेखक वा रचनाकारले कृति छनोट गर्दा जस्तो सुकै होस् ख्याल नै नगरी जस्तोसुकै लेखकको कृतिलाई साभार गरिएको छ । स्तरअनुरूप पाठ्यवस्तु प्रयोग भएको पाइँदैन जसले गर्दा

पाठ्यपुस्तकमा प्रस्तुत गरिएका विषयवस्तुमा भाषिक स्तरीयता खस्कन पुगेको छ । उक्त पाठ्यपुस्तकमा वर्णविन्यासगत त्रुटिहरू पनि प्रशस्त भेटिन्छन् । अनुच्छेदमा विद्यार्थीहरूको स्तर–अनुरूप प्रस्तुतीकरण हुन सकेको छैन । कुनै पाठमा प्रयुक्त भाषा एकदमै सरल छन् भने कुनै पाठमा प्रयुक्त भाषा ज्यादै कठिन प्रकृतिको भेटिन्छ । केही निबन्धहरूमा प्रयुक्त भाषिक संरचना ज्यादै जटिल रहेको भेटिन्छ । कविताबाहेक अन्य शीर्षकमा जम्मा २२१ ओटा अनुच्छेदहरू रहेका छन् भने सबैभन्दा धेरै अनुच्छेद ‘मानव बेचविखन विरुद्ध हाम्रो दायित्व’ भन्ने वक्तृ~~त्वमा~~ त्वमा रहेका छन् जसमा ३२ ओटा अनुच्छेद समावेश गरिएको पाइन्छ । यस्तै गरी ‘छात्राबास’ शीर्षक निवेदनमा सबैभन्दा कम ४ ओटा अनुच्छेदहरू मात्र समावेश गरिएको देखिन्छ ।

पाठ्यपुस्तकमा राखिएका कविता विधा भने मध्यम किसिमका छन् । त्यसमा पनि सबैभन्दा छोटा पङ्क्ति भएको कविता लेखनाथ पौड्यालद्वारा रचित ‘वसन्त कोकिल’ रहेको छ । यसरी सम्पूर्ण पाठहरूलाई नियाल्दा सबैमा फरक फरक संरचनामा निर्मित भएको भेटिन्छ । कक्षा नौको नेपाली भाषा—पाठ्यपुस्तकमा समावेश भ~~ञ~~एका पाठहरूलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा निम्नानुसार पाठहरू राखिएका छन् :

| क्र.सं. | पाठशीर्षक | विधा | संरचित पृष्ठ |
|---|---|---|---|
| १. | अनारको बोट | कथा | ६ |
| २. | यात्रा सुरु गरौँ | कविता | २ |
| ३. | सङ्गीतज्ञ रामशरण दर्लान | जीवनी | ६ |
| ४. | म को हुँ ? | निबन्ध | ६ |
| ५. | मानव बेचविखनविरुद्ध हाम्रा दायित्व | वक्तृत्व (रूपक) | ७ |
| ६. | बहिनीलाई चिठी | व्यक्तिगत चिठी | ३ |
| ७. | निन्द्रा | कथा | ५ |
| ८. | बसन्त कोकिल | कविता | ३ |

| | | | |
|---|---|---|---|
| ९. | जैविक खेती | निबन्ध | ४ |
| १०. | मङ्गलाका तिन दिन | दैनिकी | ६ |
| ११. | डाक्टर अङ्कल | कथा | ५ |
| १२. | आङ् सान सुकी | जीवनी | ५ |
| १३. | सय रङ इन्द्रेणी | कविता | २ |
| १४. | महिला हिंसा | संवाद (रूपक) | ५ |
| १५. | छात्रावास | निवेदन (चिठी) | २ |
| १६. | बन्धनबाट मुक्ति | कथा | ५ |

यसरी माथि उल्लिखित पाठको आकृति-प्रकृतिका दृष्टिले पाठलाई सूक्ष्म रूपबाट विश्लेषण गर्दा प्रस्तुत पाठ्यपुस्तकमा रहेका पाठहरू स्तर तह र उमेर सुहाउँदा र उपयुक्त भेटिन्छन् । यति मात्रै नभएर रमाइला र व्यावहारिक दृष्टिले पनि उपयुक्त देखिन्छन् । समग्रमा पाठ सुहाउँदा छन् भने अभ्यासमा पनि विविधताले भरिएका भाषिक सिप विकासमा तथा सिर्जनात्मक पक्षमा उपयुक्त देखिन्छन् । उक्त पाठ्यपुस्तकमा जम्मा पाठहरूको संख्या १६ रहेको छ ।

## ४.३ शिक्षण सिकाइ प्रक्रिया र पाठ्यपुस्तक

भाषापाठ्यक्रमको उद्देश्य चयन गरिएका पाठ्यवस्तुलाई व्यवस्थित क्रममा पाठ्यपुस्तकमा समावेश गरिसकेपछि के कसरी पढाउने भन्ने कुरा शिक्षण सिकाइ प्रक्रिया हो । भाषा सिकाइ विषयवस्तुको सिकाइ नभएर भाषिक सिपहरूको सिकाइ हो । भाषा प्रत्येक समाजको संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने उपयुक्त उपाय पनि हो । व्यक्तिको बचाइ अग्रगति र उत्तरोत्तर उन्नति प्रगतिका लागि उसको भाषा र भाषिक व्यवहार जिम्मेवार हुने भएको हुँदा भाषा व्यक्तिको अनिवार्य आवश्यकता हो । यसको शिक्षण गर्न नितान्त जरुरत हुन्छ । कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा विभिन्न विधाहरूलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्नका लागि प्रत्येक विधाका पाठहरूबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइका कार्यकलापहरू अभ्यासका लागि राखिएका छन् । अभ्यासलाई आधार सामग्री बनाइएको छ । सबै पाठहरूमा श्रुतिबोध, शुद्धोच्चारण, पठनबोध, मौखिक अभिव्यक्ति, अनुलेखन, लिखित अभिव्यक्ति, शब्दभण्डार, वर्णविन्यास, वाक्यगठन, सङ्क्षिप्त उत्तर, मौखिक लेखन आदि जस्ता

अभ्यासहरूका लागि उपयोग गर्नुपर्ने कुरा निर्देशन गरेको छ । यस्तै प्रस्तुत पाठहरूबाटै व्याकरणका अभ्यासहरू गराउनुपर्ने कुराको निर्देशन गरिएको छ । आवश्यकताअनुसार पाठहरूसँग सम्बन्धित गर्दै भाषातत्त्वलाई पाठ्यपुस्तकमा मिलाएको पाइन्छ ।

कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरेअनुरूप विधाहरूलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्ने जमर्को गरिएको छ । विधालाई एकपछि अर्को गर्दै क्रममा राखिएको छ । सुरुमा कथा त्यसपछि क्रमशः कविता, जीवनी,निबन्ध, वक्तृत्व, व्यक्तिगत चिठी, कथा,कविता, निबन्ध, दैनिकी, कथा, जीवनी, कविता, संवाद, निवेदन~~ब~~ र कथा~~लाई~~ गरी १६ ओटा पाठहरूलाई चक्रीय ढाँचामा प्रस्तुत गरिएको छ । यसले शिक्षण सिकाइ प्रक्रियालाई रोचकपूर्ण बनाउन सहयोग गरेको छ । भाषातत्त्वलाई पाठको अभ्यासखण्डको अन्त्यमा राखी छुट्टै आवश्यकता–अनुरूप पाठसँगको तालमेल मिलाउँदै शिक्षणीय प्रयोजनका लागि मिलाएर राखिएको छ । पाठहरूलाई सरलबाट जटिलताको क्रममा मिलाउने प्रयास गरिएको भेटिन्छ । पाठ्यपुस्तकमा राखिएका पाठहरू क्रमशः सरलबाट जटिलताको क्रममा मिलाएर राखिएको पाइन्छ ।

कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा जम्मा १६ ओटा पाठहरू राखिएका छन् । ती पाठहरूलाई शिक्षण सिकाइका क्रममा उपयुक्त अनुक्रममा राखिएको देखिन्छ । प्रत्येक पाठको समाप्तिपछि अभ्यासखण्ड राखिएको छ भने पाठको अन्त्यमा सिर्जनात्मक अभ्यासहरू राखिएका छन् । जसले पाठसँग नयाँ साहित्यिक सिर्जना गराउनमा विद्यार्थीहरूलाई उत्साहित बनाउँदछ । यसले विद्यार्थीहरूलाई केन्द्रित र सक्रिय बनाउन सहयोग गर्दछ । व्याकरणका शिक्षणमा प्रायोगिक पक्षलाई बढी जोड दिएको छ भने सैद्धान्तिक पक्षालाई कम महत्त्व दिएको पाइन्छ । व्याकरणलाई कार्यमूलक ढङ्गबाट पाठहरूसँग सम्बद्ध गराउने प्रयास गरिएको छ । पाठ्यपुस्तकलाई सैद्धान्तिकभन्दा व्यावहारिकतातर्फ लागेर शिक्षण प्रक्रियालाई सहज बनाउन खोजेको देखिन्छ । यति हुँदाहुँदै पनि कुनै पाठहरू निरासिला भएको देखिन्छ । पाठ्यपुस्तकको विषयसूचीमा प्रत्येक पाठका विधाहरू छुट्याइएको छैन । जसले गर्दा विद्यार्थी मात्र अन्योलमा हैन शिक्षक पनि शिक्षण गर्दा अन्योलमा पर्ने स्थिति देखिन्छ । पाठ्यक्रमअनुरूप पाठ्यपुस्तकमा विधाहरू नछुट्याइएकाले विद्यार्थीले कुन पाठ कुन विधाअन्तर्गत पर्छन् भनेर छुट्याउन नसकेर अन्योलमा पर्ने स्थिति रहेको छ । जसले शिक्षण सिकाइ प्रक्रियामा खल्लोपन महशसुस हुन जान्छ । जुन बेला शिक्षकले विधागत शिक्षणीय विधि र पद्धति अँगालेर शिक्षण गरे तापनि प्रभावकारी हुन सक्दैन । तसर्थ

पाठ्यपुस्तकमा कुन पाठ कुन विधाअन्तर्गत पर्दछन् र तिनीहरूलाई कसरी शिक्षण गर्ने भनेर सामान्य निर्देशन ~~मनि~~ दिन ~~बढी~~ पनि उपयुक्त देखिन्छ ।

## ४.४ मूल्याङ्कन, अङ्कभार, समयभार र पाठ्यपुस्तक

माध्यमिक नेपाली भाषापाठ्यक्रमले कक्षा नौको नेपाली पाठ्यपुस्तकका लागि कुल १०० अङ्क मूल्याङ्कनका लागि पूर्णाङ्क निर्धारण गरेको छ । पाठ्यक्रमले बनाएका मूल्याङ्कनका ढाँचाभन्दा पाठ्यपुस्तकमा राखिएका अभ्यासखण्डका प्रश्नहरू ज्यादै सान्दर्भिक र भाषिक सिप विकासमा उपयोगी हुने किसिमका छन् । यसमा सुनाइ र बोलाइका लागि २५ प्रतिशत प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्ने ७५ प्रतिशत पढाइ र लेखाइका लागि गर्नुपर्ने भनी निर्धारण गरिएको छ । मूल्याङ्कन गर्नुपर्दा ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कन र ६० प्रतिशत भारको आवधिक मूल्याङ्कन गर्नुपर्ने कुरा उल्लेख गरेको छ । आवधिक मूल्याङ्कनका लागि विशिष्टिकरण तालिकाको उपयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । मूल्याङ्कनलाई निर्माणात्मक र निर्णयात्मक गरी दुई किसिमले निर्धारण गरिएको छ । निर्माणात्मक मूल्याङ्कनतर्फ विद्यार्थीका दैनिक कार्यकलापहरू, व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, हाजिरी जवाफ, प्रश्नोत्तर, कक्षा कार्यकलापको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेख जस्ता कुराहरू पर्दछन् । निर्णयात्मक मूल्याङ्कन कक्षोन्नतिका लागि अन्तिम परीक्षा पर्दछ । नेपाली भाषाको मूल्याङ्कनमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार सिपको मापन गरिने कुरा उल्लेख गरिएको छ ।

कक्षा नौको पाठ्यक्रमले प्रस्तुत गरेको मूल्याङ्कन र अङ्कभारलाई यहाँ निम्नअनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

**भाषिक क्षेत्रको मूल्याङ्कन र अङ्कभार**

| क्र.सं. | क्षेत्र (पढाइ र लेखाइ) | विधा | अङ्कभार |
|---|---|---|---|
| १. | शब्दभण्डार | शब्द पहिचान शब्दको वाक्यमा प्रयोग | ६ |
| २. | वर्णविन्यास | शुद्धीकरण | ३ |
| ३. | व्याकरण | पहिचान र प्रयोग (वाक्य कोटीअनुसार) | १५ |
| ४. | पठनबोध | विभिन्न विधाका गद्य रचना सामग्री | १० |

| | | | |
|---|---|---|---|
| ५. | बुँदा टिपोट र सारांश | गद्य विधा | ३+२ |
| ६. | निर्देशित रचना | कथा/जीवनी वा संवाद<br>वादविवाद/चिठी/वक्तृत्व | ४ |
| ७. | भावविस्तार र<br>व्याख्या/सप्रसङ्ग व्याख्या | कथा/कविता/निबन्ध/जीवनी | ४ |
| ८. | पठनबोध (सन्दर्भमा आधारित सङ्क्षिप्त उत्तरात्मक) | (क) कथा/कविता/प्रबन्ध/निबन्ध, जीवनी<br>(ख) समस्या समाधान/तार्किक शिल्प | ८<br><br>४ |
| ९. | पाठगत बोध (सन्दर्भमा आधारित लामो उत्तरात्मक) | कथा/कविता/प्रबन्ध/निबन्ध/जीवनी | ८ |
| १०. | स्वतन्त्र रचना | निबन्ध/प्रबन्ध | ८ |
| | जम्मा | | ७५ |

- शब्दभण्डारअन्तर्गतका पाठमा प्रयुक्त विशेष शब्द (पर्यायवाची, विपरीतार्थी, अनेकार्थी आदि) यसका साथै उखान टुक्काको पनि समावेश गरिएको छ ।

- व्याकरणअन्तर्गत निर्दिष्ट पाठ्यवस्तुको पहिचान र प्रयोगको परीक्षण गरिएको छ ।

- पाठअन्तर्गत विभिन्न गद्य, पद्य, विधाका पाठको विषयवस्तु मूलभाव, घटना, सन्देश, पात्र आदिका सम्बन्धमा परीक्षण गरिएको छ ।

- बोधअन्तर्गत दृष्टांश वा अदृष्टांश सिकाइका अङ्गका रूपमा रहेको छ ।

- नेपाली विषयको पाठ्यांशभार प्रतिहप्ता ५ घण्टी र वार्षिक ~~२०+८~~ न्यूनतम १७०+अधिकतम १७५ घण्टी निर्धारण गरिएको छ ।

माथि उल्लिखित ढाँचा र विवरणलाई हेर्दा भाषिक मूल्याङ्कन र अङ्कभारको सम्बन्धमा कक्षा नौको पाठ्यक्रमले पढाइ र लेखाइलाई मूल्याङ्कन खण्डमा राखिएको छ । पाठ्यक्रमले १०० पूर्णाङ्कमध्ये २५ पूर्णाङ्कलाई मात्र भएपनि प्रयोगात्मक पक्षमा राख्नु सकारात्मक पक्ष हो । यसले भाषिक सिप विकासमा कक्षा कार्यकलाप, विद्यार्थी कार्यकलापको निरीक्षण व्यक्तिगत र सामूहिक छलफल, लिखित परीक्षा, प्रश्नोत्तर, कक्षा कार्यकलापको परीक्षण, वक्तृत्वकला भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेख गर्नुपर्ने भन्ने पक्षको मूल्याङ्कनका लागि पाठ्यपुस्तकमा विद्यार्थीले गर्नुपर्ने कार्यकलापहरू राखिएको छ । यो कार्यकलाप भने सकारात्मक देखिन्छ । कक्षा कार्यकलापको

निरीक्षणलाई मूल्याङ्कन गर्नुपर्छ भन्ने पाठ्यक्रममा प्रस्टसँग तोकिएको छैन र पाठ्यपुस्तकमा पनि स्पष्ट देखिँदैन । क्रियाकलापको अवलोकन गर्न सकिने खालका अभ्यासहरू पाठ्यपुस्तकमा छन् तर पनि अभिलेख कसरी राख्ने भन्ने पक्षमा अन्योल नै देखिन्छन् । भाषिक अङ्कभारका रूपमा हेर्दा जम्मा ८ अङ्क छुट्याइएको छ । कक्षा नौको लागि त्यति उपयुक्त भने देखिँदैन । पाठ्यपुस्तकले अभ्यासहरू  गर्नका लागि विभिन्न विधाहरू राखेको छ, यो भने सकारात्मक देखिन्छ । निर्देशित रचनाका लागि अभ्यासहरू जम्मा तिन अङ्कका लागि पनि उपयुक्त नै देखिन्छ । पाठ्यपुस्तकमा शब्दभण्डारका सम्बन्धमा पर्यायवाची विपरीतार्थी, अनेकार्थी, उखान टुक्का आदिमा उखान टुक्काको अभ्यास न्यून देखिन्छ । समस्या समाधानका लागि पनि अभ्यास कम भएको देखिन्छ । स्वतन्त्र रचनामा भने ठिकै देखिन्छ । त्यसैले पाठ्यक्रमले निर्धारण गरेका भषिक क्षेत्र र अङ्कभारको वितरण–अनुरूप पाठ्यपुस्तक निर्माण गर्दा अझै पनि व्यवस्थित प्रक्रिया अपनाउन आवश्यक देखिन्छ ।

## ४.५ पाठको आकृति प्रकृति

कक्षा नौको पाठ्यपुस्तकमा राखिएका पाठहरूलाई निम्नअनुसार तालिकामा देखाउन सकिन्छ :

**तालिका नं. ३**

**पाठ्यपुस्तकमा भएका पाठको आकृति-प्रकृति**

**कक्षा - नौ**

| क.सं. | पाठशीर्षक | विधा | संरचित पृष्ठ | श्लोक/अनुच्छेद संख्या |
|---|---|---|---|---|
| १. | अनारको बोट | कथा | ६ | १५ |
| २. | यात्रा सुरु गरौँ | कविता | २ | ४ |
| ३. | सङ्गीतज्ञ रामशरण दर्लान | जीवनी | ६ | १४ |
| ४. | म को हुँ ? | निबन्ध | ६ | १६ |
| ५. | मानव बेचविखनविरुद्ध हाम्रो दायित्व | वक्तृत्व (रूपक) | ७ | ३२ |
| ६. | बहिनीलाई चिठी | व्यक्तिगत चिठी | ३ | ६ |

| | | | | |
|---|---|---|---|---|
| ७. | निन्द्रा | कथा | ५ | २७ |
| ८. | बसन्त कोकिल | कविता | ३ | ९ |
| ९. | जैविक खेती | निबन्ध | ४ | ११ |
| १०. | मङ्गलाका तिन दिन | दैनिकी | ६ | २५ |
| ११. | डाक्टर अङ्कल | कथा | ५ | ३० |
| १२. | आङ् सान सुकी | जीवनी | ५ | १५ |
| १३. | सय रङ इन्द्रेणी | कविता | २ | ८ |
| १४. | महिला हिंसा | संवाद (रूपक) | ५ | ६० |
| १५. | छात्राबास | निवेदन (चिठी) | २ | ४ |
| १६. | बन्धनबाट मुक्ति | कथा | ५ | २६ |

कक्षा नौमा पाइने विधागत विविधता र पाठसंख्यालाई तलको तालिकामा यसरी देखाउन सकिन्छ :

**तालिका नं. ४**

**विधा र पाठ सङ्ख्या**

| क्र.सं. | विधा | कक्षा नौ |
|---|---|---|
| १. | कथा | ४ |
| २. | कविता | ३ |
| ३. | जीवनी | २ |
| ४. | निबन्ध | २ |
| ५. | रूपक | २ |
| ६. | चिठी | २ (निवेदनसहित) |
| ७. | दैनिकी | १ |
| | जम्मा | १६ |

माथि उल्लिखित तालिकालाई हेर्दा कक्षा नौमा राखिएका पाठहरू न साह्रै छोटा न साह्रै लामा नै छन् । पाठको आकारगत दृष्टिले पाठ्यपुस्तकमा राखिएका पाठ स्तरअनुरूप नै देखिन्छन् । पाठ्यपुस्तकमा राखिएका सबैभन्दा छोटा पाठहरूको चर्चा  गर्दा कविता विधाका पाठहरू पर्न आउँछन् । त्यसमा पनि सबैभन्दा छोटो ‘वसन्त कोकिल’ कविता हो । जसमा ८

श्लोक भए तापनि ६४ शब्दहरू मात्र छन् भने सबैभन्दा लामो कविता 'यात्रा सुरु गरौँ' हो । यो जम्मा ४ श्लोकमा संरचित भएपनि २९० शब्दहरू रहेका छन् ।

पाठ्यपुस्तकमा राखिएका पाठहरूमध्ये सबैभन्दा लामो पाठ 'मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व' भन्ने वक्तृत्वमा ३२ ओटा अनुच्छेद समावेश गरिएका छन् । जीवनीका पाठहरूमा भने समानता नै पाइन्छ । निबन्ध प्रायः लामा नै छन् तथा ~~आदि~~ अन्य पाठहरू भने पढ्न, लेख्न कम समयावधि लाग्ने छन् ।

यसरी पाठको आकृति-प्रकृतिका दृष्टिले कक्षा नौका नेपाली पाठ्यपुस्तकको विश्लेषण गर्नुपर्दा उक्त पाठ्यपुस्तकमा भएका १६ ओटा पाठहरू अस्वाभाविक र साह्रै लामा भने छैनन् । निचोडमा भन्नुपर्दा आकारप्रकारका दृष्टिले ती सबै पाठहरूलाई विद्यार्थीको भाषिक स्तर, तह वा उमेरअनुसार सुहाउँदिला र उपयुक्त नै देखिन्छन् ।

## ४.६ वैचारिक पक्ष र पाठ्यपुस्तक

माध्यमिक तह कक्षा नौको नेपाली भाषापाठ्ण्यपुस्तकलाई गहन अध्ययन विश्लेषण गर्दा यो पाठ्यपुस्तक माध्यमिक तहको शिक्षाले हासिल गरेझैं भाषिक व्यवहारमा स~~म्म~~क्षम र सृजनशील नागरिक तयार गर्ने उद्देश्य पुरा गर्ने खालका देखिन्छन् । पाठ्यपुस्तकभित्र भएका पाठहरूले राष्ट्रिय, परम्परागत, धार्मिक, सांस्कृतिक एवम् सामाजिक र वैचारिक विकासलाई केही रूपमा समेट्न खोजेको भेटिन्छ । पाठ्यपुस्तकले हिमाल पहाड र तराई प्रदेशका विभिन्न रीतिरिवाज चालचलन तथा मूल्य मान्यताप्रति भने पूर्ण रूपमा बेवास्ता गरेको छ । विभिन्न जातजाति भाषाभाषी तथा सम्प्रदायका मूल्य मान्यता विज्ञान र प्रविधिजस्ता क्षेत्रमा भएका नवीनतम् उपलब्धि तथा प्रजातान्त्रिक मूल्य मान्यतालाई पाठ्यपुस्तकले पूर्ण रूपमा आत्मसाथ गर्न सकेको छैन ।

उक्त पाठ्यपुस्तकको विश्लेषण गर्दा भाषापाठ्यपुस्तकले शिक्षाशास्त्रीय दृष्टिकोण प्रजातान्त्रिक मूल्य मान्यता, मानव अधिकार तथा बाल अधिकार, बालबालिकाहरूको रुचि, स्तर भाषिक सिप विकासमा भौगोलिक तथा धार्मिक विविधता अभिभावक तथा सरोकारवालाको चाहना तथा राष्ट्रिय एकता र सार्वभौमिकतालाई समेत समेट्न आवश्यक देखिन्छ । यसका साथसाथै विश्वमानवतामा हाम्रो जीवन्त अनुभवहरूलाई समेटेको छैन । यी सबै पक्षलाई आत्मसाथ गर्न आवश्यक रहन्छ ।

## अध्याय पाँच

# कक्षा नौको नेपाली पाठ्यपुस्तकको साहित्यिक विधाहरूको व्याख्या तथा विश्लेषण

## ५.१ कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका विभिन्न साहित्यिक विधाहरू पाठ्यक्रमअनुरूप भए नभएको अध्ययन

एउटा सिङ्गो पाठ्यपुस्तक निर्माण गर्नका लागि विभिन्न विधाहरू आवश्यक पर्दछ। पाठ्यपुस्तकमा कुनै पनि एउटा विधाले मात्र पूर्णता नपाउने भएकाले शिक्षाको लक्ष्य र उद्देश्य पुरा गर्नका लागि कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, दैनिकी, संवाद आदि जस्ता विधालाई क्रमबद्ध र सूत्रबद्ध ढङ्गबाट साभार गराउनु पर्दछ तब मात्र असल पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण हुन सक्दछ।

कक्षा नौको नेपली पाठ्यपुस्तकमा कथा, कविता, जीवनी, निबन्ध, चिठी, निवेदन, संवाद, वक्तृताजस्ता साहित्यिक विधाहरू राखिएका छन्। यी विधाहरूलाई भाषिक सिप विकासका अभ्यासहरूमा प्रयोग गरिएको छ। यस अध्ययनमा यी विधाहरू पाठ्यक्रम अनुरूप छन् कि छैनन् भनी अध्ययन गर्ने प्रयास गरिएको छ।

### ५.१.१ कथा

भाषिक सिप विकासलाई निकै सघाउ पुऱ्याउने विभिन्न विधाहरूमध्ये कथा विधा साहित्यको अत्यन्तै रोचक विधा हो। भाषाका प्राचीनता र रोचकताले ~~दर्मा~~गर्दा यसलाई विद्यालय तहका पाठ्यक्रममा पर्याप्त स्थान दिएको पाइन्छ। कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगमताका साथै यसबाट विद्यार्थीहरूमा कल्पनाशक्ति र सिर्जनशील शक्ति बनाउन र साहित्यप्रति रुचि जगाउन त्यतिकै सहज हुन्छ। कक्षा शिक्षणको प्रयोजन साहित्यिक आस्वादन गराउनु, भाषिक परिस्कारका साथै मनोरञ्जन दिन, विषयबोध र रुचिपूर्ण सम्बर्द्धन गर्नुका साथै नैतिक उपदेश अनुशासन चरित्र निर्माण र सिर्जनशील क्षमताको विकास गराउनु हो (शर्मा र पौडेल, २०६० : १९८)। कथा विधामा कथनशैली, पाठशैली, पठनशैली, बोध तथा चरित्र चित्रणजस्ता उच्च दक्षताका क्रियाकलापमुखी अभ्यासहरू समावेश गरिनुपर्दछ। यसैगरी शब्दभण्डार र पठन क्षमताको विकास गराउनका लागि पनि सहयोग गर्दछ। पाठ्यक्रमअनुरूप कक्षा नौको नेपाली विषयको पाठ्यपुस्तकमा

४ ओटा कथालाई छनोट गरिएको छ । पाठ्यक्रमअनुरूप कथाहरूलाई राखिएको छ, छैन भनी राखिएका कथाहरू निम्नानुसार छन् :

**तालिका नं. ५**

**कथा**

| क.सं. | कथाको शीर्षक | लेखक |
|---|---|---|
| १. | अनारको बोट | मुकुन्दराज पथिक |
| २. | निन्द्रा | ………………… |
| ३. | बन्धनबाट मुक्त | राजेन्द्र विमल |
| ४. | डाक्टर अङ्कल | आत्माराम शर्मा पुडासैनी |

कक्षा नौको नेपाली पाठ्यक्रमले ४ ओटा कथाहरू निर्दिष्ट गरेको छ । जसमा लोककथा, पौराणिक र सामाजिक कथा गरी तिन प्रकारका कथाहरू चयन गरेको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकले पनि पाठ्यक्रमले तोकेको कथाहरूलाई नै प्रस्तुत गरेको छ । त्यसैले कक्षा नौको नेपाली विषयको पाठ्यपुस्तकमा रहेका कथा विधाले महत्त्वपूर्ण स्थान ओगटेको छ ।

### ५.१.२ कविता

कविता भाषाको विशिष्ट तथा लयात्मकताको आग्रह राख्ने विधा हो । कविता नितान्त भाव प्रधान विधा हो । कवितामा बुद्धि पक्षको भन्दा हृदयपक्षको उपस्थिति ज्यादा हुन्छ । साहित्यिक रसास्वादनका लागि तथा सिर्जना गर्नतर्फ प्रेरित गराउन सकिने महत्त्वपूर्ण विधा कविता हो । यसबाट बालबालिकाहरूलाई काल्पनिक, भावनात्मक विकासमा सहयोग पुऱ्याउँछ । कविता विधामा पाठ्यक्रमको उद्देश्य पूर्ति गर्नका लागि पाठमा लयबद्ध वाचन गर्न, भाव विस्तार गर्न, सप्रसङ्ग व्याख्या गर्न तथा सिर्जनात्मक अभ्यास गराउन सकिन्छ । कक्षा नौको नेपाली विषयको पाठ्यक्रमले कविता विधाहरू के कति राखेको छ, ती कविताहरू पाठ्यक्रम–अनुरूप पाठ्यपुस्तकमा समावेश गरिएको छ, कि छैन, भनी यस अध्ययनमा खोजी गर्ने जमर्को गरिएको छ । उक्त पाठ्यपुस्तकमा निम्न लिखित कविताहरू राखिएको छ :

**तालिका नं. ६**

**कविता**

| क्र.सं. | शीर्षक | लेखक |
|---|---|---|
| १ | यात्रा सुरु गरौँ | दुबसु क्षेत्री |
| २ | वसन्त कोकिल | लेखनथा पौड्याल |
| ३ | सय रङ इन्द्रेणी | वासुदेव त्रिपाठी |

कक्षा नौको नेपाली विषयको पाठ्यक्रमले तिन ओटा कविता निर्दिष्ट गरेको छ । पाठ्यक्रमले छन्दोबद्ध कविता, लोक कविता र गीति कविता निर्धारण गरेको छ । पाठ्यपुस्तकमा पनि यही—अनुरूप कविताहरू समावेश गरिएकाले पाठ्यक्रमअनुरूपका आधारमा पाठ्यपुस्तकमा कविता विधा उपयुक्त ~~छ ।~~भएको देखिन्छ ।

### ५.१.३ जीवनी

जीवनी मुख्यतः पाठ्य विधा हो । यसले विद्यार्थीमा पढाइ र लेखाइ सिपको वृद्धि गर्दछ । जीवनमा छनोट गरिएका महापुरुषहरू राजनैतिक, सांस्कृतिक, साहित्यिक र कलाकारका साथै विज्ञान र प्रविधिका क्षेत्रका हुन सक्छन् । जीवनीमा राष्ट्रिय र अन्तर्राष्ट्रिय ढङ्गबाट जगत्मा प्र~~ख्यमात~~ख्यात् व्यक्तित्वको इतिहासलाई तथ्यपरक ढङ्गबाट प्रस्तुत गरिएको हुन्छ । जीवनी शिक्षणबाट विद्यार्थीहरूले महापुरुषको स्वभाव, चरित्र, उनीहरूले गरेका राम्रा कार्यहरूको अनुसरण गर्ने बानीको विकास हुने गर्दछ । यसको शिक्षणबाट विद्यार्थीको बोध र अभिव्यक्ति क्षमताको विकास, आत्मबलको वृद्धि हुनुका साथै शब्दभण्डार क्षमताको वृद्धि हुन सक्दछ । त्यसैले कक्षा नौको नेपाली विषयको पाठ्यक्रमले के कति र कस्ता विषयवस्तुमा आधारित रहेर जीवनी विधालाई निर्देशन गरेको छ ? पाठ्यक्रमको निर्देशनअनुसार पाठ्यपुस्तकमा समावेश गरिएको छ, छैन, भनी यस अध्ययन गरिएको छ । पाठ्यक्रमले जम्मा २ ओटा जीवनी विधा निर्दिष्ट गरेको छ । जुन पाठ्यपुस्तकमा समावेश गरिएका जीवनीहरू यसप्रकार छन् :

**तालिका नं. ७**

**जीवनी**

| क्र.सं. | विधा | क्षेत्र |
|---|---|---|
| १ | सङ्गीतज्ञ रामशरण दर्नाल | सङ्गीतज्ञ/सङ्गीतकार |
| २ | आङ सान सुकी | राजनीतिज्ञ |

कक्षा नौको नेपाली विषयको पाठ्यक्रमले २ ओटा जीवनी विधालाई निर्देशन गरेको छ । कक्षा नौको पाठ्यपुस्तकमा २ ओटा जीनवनीहरूलाई समावेश गरिएको छ । पाठ्यक्रमले निर्धारण गरेको राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्वहरूको जीवनीमध्ये सङ्गीतज्ञ र राजनीतिज्ञको व्यक्तित्वलाई छनोट गरेर तथ्यपरक विचारलाई जीवनीका माध्यमबाट पाठ्यपुस्तकमा समावेश गरिएको छ । उक्त अध्ययनबाट विश्लेषण गर्दा जीवनी विधाका आधारमा पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप नै भएको देखिन्छ ।

**५.१.४ निबन्ध/प्रबन्ध**

निबन्धको शाब्दिक अर्थ बाँध्नु सङ्ग्रह गर्नु, व्यवस्थित गर्नु हो । यो साहित्यको मझौला विधा हो । निबन्ध/प्रबन्ध विधामा लेखकका अनुभव अनुभूति र दृष्टिकोणहरू व्यक्त भएका हुन्छन् । निबन्ध/प्रबन्ध साहित्यको गद्य विधा हो । यसले बोध र अभिव्यक्ति क्षमताको विकास गराउन, शब्दभण्डार क्षमताको विकास गराउने आदि जस्ता उद्देश्य राखेको हुन्छ । कक्षा नौको नेपाली पाठ्यक्रमले के कस्ता र कति निबन्ध/प्रबन्ध निर्धारण गरेको छ, यसैअनुरूप पाठ्यपुस्तकमा समावेश गरिएको छ कि छैन भन्ने सन्दर्भमा प्रस्तुत अध्ययन गरिएको छ । उक्त पाठ्यपुस्तकले निम्न बमोजिमका लिखित निबन्ध/प्रबन्ध समावेश गरेको छ :

**तालिका नं. ८**

**निबन्ध/प्रबन्ध**

| क्र.सं. | शीर्षक | लेखक |
|---|---|---|
| १ | म को हुँ | सुधा त्रिपाठी |
| २ | जैविक खेती | ………… |

कक्षा नौको नेपाली विषयको पाठ्यक्रमले जम्मा २ ओटा निबन्ध निर्देशित गरेको छ । पाठ्यक्रमले सामाजिक, प्राकृतिक, वातावरणीय, वैज्ञानिक क्षेत्रलाई समावेश गर्नुपर्ने कुरा निर्दिष्ट गरेको छ । कक्षा नौको नेपाली भाषा–पाठ्यपुस्तकमा पनि त्यहीअनुरूप समेट्ने प्रयास गरिएको छ । पाठ्यपुस्तकमा पाठ्यक्रमले किटान गरेका विषय क्षेत्रहरू भएका निबन्धहरू भएकाले यो पाठ्यपुस्तक पाठ्यक्रम–अनुरूप नै रहेको देखिन्छ ।

**५.१.५ रूपक**

रूपक अभिनयात्मक विधा हो । यसमा विषयवस्तुले प्रस्तुत गरेका वस्तु, चरित्र वा दृश्यलाई रङ्गमञ्चमा प्रदर्शन गर्न सकिन्छ । रूपकको प्रस्तुति प्रत्यक्ष रूपमा हुने गर्दछ । यसका माध्यमबाट प्रभावकारी सन्देश व्यक्ति तथा समाजलाई दिन सकिन्छ । यो अभिनयप्रदान भएकाले यसका माध्यमबाट दिइने शिक्षा लामो समयसम्मका लागि सम्झनामा रहन्छ । रूपक शिक्षणको मुख्य प्रयोजन बालकको अभिव्यक्ति कौशलताको विकास गर्नु हो । यतिमात्र नभएर सन्देशमूलक सूचना दिनु, कथ्य अभिव्यक्ति क्षमतामा वृद्धि गर्नु हो । यस्ता भाषिक सिप विकासमा सहयोग पुऱ्याउने भएका कारणले यसलाई नेपाली भाषापाठ्यक्रमले पाठ्यवस्तुका रूपमा राखेको छ । रूपक विधाअन्तर्गत संवाद, वादविवाद, एकाङ्की, वक्तृत्व आदि पर्दछन् । यीमध्ये कक्षा नौको पाठ्यक्रमले वक्तृत्व र संवाद गरी २ ओटा पाठहरू निर्धारण गरेको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा निम्नलिखित रूपक विधा राखिएको छ :

**तालिका नं. ९**

**रूपक**

| क्र.सं. | शीर्षक | पाठ |
|---|---|---|
| १ | मानव वेचविखन विरुद्ध हाम्रो दायित्व | वक्तृत्व |
| २ | महिला हिंसा | संवाद |

कक्षा नौको नेपाली भाषा–पाठ्यक्रमले रूपक विधाअन्तर्गत २ ओटा शीर्षकहरू निर्धारण गरेको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा पनि जम्मा २ ओटा शीर्षकहरू रूपक विधाअन्तर्गत राखिएको पाइन्छ । रूपक विधाका पाठहरूमध्ये पाठ्यक्रमले १ ओटा संवाद र १ ओटा वक्तृत्व राख्नुपर्ने कुरा निर्देशन गरेको छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा यही—अनुरूपका उपशीर्षकहरू राखेको भेटिएकाले रूपक विधा पाठ्यक्रमअनुरूपताका आधारमा उपयुक्त छ भन्न सकिन्छ ।

### ५.१.६ चिठी

चिठी लेखाइ सिपसँग सम्बन्धित विधा हो । यस विधाको शैक्षिक उद्देश्य भनेको चिठी लेखन कलाको विकास गराउनु हो । कार्यालयीय, घरायसी र व्यापारी गरी चिठी तिन किसिमका हुन्छन् । चिठी लेख्दा धेरै कुरामा विचार पुऱ्याउनुपर्ने हुन्छ । यसमा पाठ्यवस्तुको ढाँचा, मिति, ठेगाना, सम्बोधन, अभिवादन, समापन, प्रस्तुति शिल्प मौलिकता आदि कुरामा ध्यान दिनु पर्दछ । चिठी लेखनलाई कक्षामा विभिन्न तरिकाले शैक्षणिक प्रयोजन गर्न सकिन्छ । चिठी लेखाइ स्पष्ट र सरल किसिमको हुनुपर्दछ । चिठीभित्र व्यक्त कुराहरू एक आपसमा बाँझिने हुनु हुँदैन । यसका आधारमा कक्षा नौको नेपाली विषयको पाठ्यक्रमले के कति निर्धारण गरेको छ ।–पाठ्यपुस्तकले समावेश गरेको छ कि छैन भनेर अध्ययन गर्ने प्रयत्न गरेको छ । पाठ्यक्रमले २ ओटा चिठी विधालाई निर्दिष्ट गरेको छ भने पाठ्यपुस्तकले निम्नलिखित चिठीहरू समावेश गरेको छ :

**तालिका नं. १०**

**चिठी**

| क्र.सं. | शीर्षक |
|---|---|
| १ | बहिनीलाई चिठी (व्यक्तिगत चिठी) |
| २ | छात्रावास निवेदन/चिठी |

कक्षा सातको नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययन गर्दा चिठी विधालाई पाठ्यक्रमले दुईओटा पाठहरू निर्देशन गरेका छ । पाठ्यक्रमअनुरूपताका दृष्टिले पाठ्यपुस्तकमा समावेश गरिएको चिठी विधाअन्तर्गत १ निवेदन र एक व्यक्तिगत चिठीका पाठहरू राखिएको छ । पाठ्यक्रमले निर्धारण गरेका विधाहरू नै पाठ्यपुस्तकमा समावेश भएकाले पाठ्यक्रमअनुरूपताका दृष्टिले पाठ्यपुस्तक उपयुक्त देखिन्छ ।

### ५.१.७ कार्यमूलक व्याकरण

माध्यमिक तहमा व्याकरण समावेश गर्नुको उद्देश्य सैद्धान्तिक ज्ञान गराउनु नभएर भाषिक दक्षता अभिवृद्धि गर्नका लागि कार्यमूलक व्याकरणखण्ड राखिएको छ । कार्यमूलक व्याकरणले विद्यार्थीहरूलाई सक्रिय ~~बनाम्य~~बनाई बौद्धिक क्षमतामा वृद्धि गराउँदछ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा विभिन्न विधागत पाठहरूमा व्याकरणलाई कार्यमूलक ढङ्गबाट प्रत्येक पाठको अन्तिममा राखिएको छ । व्याकरण भनेको भाषालाई शासनमा नभएर अनुशासनमा राख्ने एक नियम हो । भाषा नियममा बाँधिएको हुनुपर्दछ । व्याकरण भाषाको प्रयोगमा अन्तर्निहित संरचना एवम् व्यवस्था भएकाले पाठभन्दा अलग राखेर हेर्नु त्यति सान्दर्भिक नहुने भएकाले त्यसै–अनुरूप कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा पाठसँगै सम्बद्ध गरेर व्यावहारिक प्रयोगतर्फ ध्यान दिएको देखिन्छ । पाठ्यक्रमले व्याकरणलाई क्षेत्र र क्रम तालिकामा छुट्टै क्षेत्र र क्रममा उल्लेख गर्नुभन्दा पा~~ठ~~ठसँग नै सम्बद्ध गरिएको भए अझ सान्दर्भिक हुने थियो । पाठ्यपुस्तकमा व्याकरण खण्ड भनेर राख्नुभन्दा अन्य अभ्यासहरूसँग एकीकृत गरेको भए थप व्याकरणको बोझिलोपनालाई न्यूनीकरण गर्न सहयोग मिल्ने थियो ।

कक्षा नौको नेपाली भाषापाठ्यक्रमले कार्यमूलक व्याकरणको क्षेत्र र क्रमलाई १६ ओटा विभिन्न उपशीर्षकमा राखेर समावेश गरिएको छ । पाठ्यक्रमले सङ्गति राखेको छ । त्यसभित्र लिङ्ग, बचत, पुरुष र आदर राखेको छ । यस्तै अर्को उपशीर्षकमा कालअन्तर्गत वर्तमान, भूत र भविष्यत काल राखेको छ । पक्षअन्तर्गत अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त राखिएको छ । त्यस्तै कारकअन्तर्गत कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण र विभक्ति राखिएको छ । वाच्यअन्तर्गत कर्तृ, कर्म र भाववाच्य राखिएको छ । यस्तै वाच्य परिवर्तनअन्तर्गत आज्ञार्थक, सम्भावनार्थक छन् । शब्दवर्ग उपशीर्षकअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयदिबोधक र निपात राखिएका छन् । त्यस्तै वर्णविन्यासअन्तर्गत ह्रस्वदीर्घ, य/ए, ब/व, श/ष, ग्याँ/ज्ञ, रि/ऋ, छ/क्ष, त्र/ण आदिको प्रयोग गरिएको छ । यसका साथै पदयोग र पदवियोग समावेश गरिएको छ । वर्णविन्यास तथा वाक्यका प्रकारका उपशीर्षकमा  सरल, संयुक्त र मिश्र वाक्य राखिएको छ ।

यसरी पाठ्यक्रमले उल्लेख गरेअनुरूप पाठ्यपुस्तकले कार्यमूलक व्याकरणलाई कसरी समावेश गरेको छ भनी सूक्ष्म रूपबाट अध्ययन र विश्लेषण गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य रहेको छ । कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको अभ्यास खण्डमा कार्यमूलक व्याकरणलाई पढ, बुझ र परिवर्तन गर भनेर राखिएको छ । पाठ १ को पृष्ठ १० को अभ्यास १ मा अनुच्छेदका रेखाङ्कित क्रियापद भूतकालका छन् तिनको वर्तमान रूप पहिचान गर भनेर राखिएको छ । पाठ २ को व्याकरणात्मक अभ्यास ३ मा पाठमा प्रयोग भएका नाम र विशेषण खोजेर लेख भनिएको छ । जसबाट नाम र विशेषणसँग परिचित गराउन खोजिएको छ । पाठ ३ को अभ्यासमा पद सङ्गति मिल्ने गरी खाली ठाउँ भर भनिएको छ । पाठ चारको पृष्ठ ३८ मा सर्वनाम प्रयोग गरी एउटा अनुच्छेद रचना गर भनिएको छ । जसबाट सर्वनामको ज्ञान दिन खोजिएको छ । पाठ ५ को पेज नम्बर ५० मा राखिएको अभ्यासले क्रियापद, क्रियायोगी र विस्मयादिबोधकको ज्ञान दिनका लागि अभ्यास राखिएको छ । त्यसैगरी पाठ ६ को पृष्ठ ५८ को अभ्यासमा भविष्यत् कालका प्रत्येक पक्षका पाँचपाँच ओटा वाक्य लेख, यसकै अर्को नम्बरमा पाठमा प्रयुक्त भविष्यत् कालका कुनै चारओटा वाक्य लेख भनिएको छ । यसमा भविष्यत्काललाई पूर्ण रूपमा परिचित गराउन खोजिएको छ ।

यसैगरी पाठ सातको अभ्यास १ मा वर्तमान काल जनाउने क्रियापदलाई रेखाङ्कन गर, २ मा अनुच्छेद पढी वर्तमान कालका पक्षको पहिचान गर, ३ मा पहिलो अनुच्छेदलाई सामान्य वर्तमान कालमा बदली पुनर्लेखन गर र अभ्यास ६ मा छब्बिसौँ अनुच्छेदलाई पूर्ण वर्तमान कालमा बदल भनिएको छ । पाठ आठको अभ्यासमा कोष्ठमा दिएको सङ्केतको आधारमा वाक्य परिवर्तन गर, अभ्यास ५ मा भविष्यत् कालका तिन ओटै पक्षका दुई ओटा वाक्य बनाऊ भनेको छ । यस पाठमा अन्य अभ्यासहरू पनि छन्, जुन भविष्यत् कालसँग सम्बन्धित छन् । जसबाट भविष्यत् कालको ज्ञान दिलाउन खोजिएको छ । यसैगरी पाठ नौको कार्यमूलक व्याकरणअन्तर्गत अभ्यास २ मा विभक्तिको प्रयोगलाई चिनाइएको छ । अभ्यास ४, ५, ६ मा द्वित्व शब्दको अभ्यास राखिएको छ । अभ्यास ७ र नौमा धातु र नामको अभ्यास छ भने अभ्यास ८ मा क्रियापदको अभ्यास राखिएको छ । त्यसैगरी पाठ ११ मा कृत्, कृदन्त र तद्धितान्तसम्बन्धी अभ्यास राखिएको छ भने अभ्यास ५ मा कालको अपूर्ण पक्षको प्रयोग राखिएको छ । अभ्यास ६ मा अपूर्ण भूत, ७ मा अपूर्ण वर्तमान र ८ मा अपूर्ण भविष्यत्का अभ्यासहरू राखिएको छ । पाठ १३ को अभ्यास १, २, ३ मा लेख्य चिह्नको प्रयोग ४, ५, ६, ७, ८ मा धातुका अभ्यासहरू राखिएको छ । त्यसैगरी पाठ १४ मा कार्यमूलक व्याकरणको अभ्यास १, २, ४ र १० मा वर्णविन्याससम्बन्धी अभ्यास राखिएको छ भने ७, ८, ९, १० अभ्यासमा सरल र मिश्र वाक्यसम्बन्धी अभ्यास राखिएको छ । पाठ १५ मा कारकसम्बन्धी अभ्यास राखिएको छ । पाठ १६ को कार्यमूलक व्याकरणमा वाच्य र चिह्नहरूसम्बन्धी अभ्यासहरू राखेर व्याकरणलाई प्रयोगात्मक र व्यावहारिक बनाउने प्रयास गरिएको छ ।

यसरी माध्यमिक तह कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकलाई कार्यमूलक व्याकरणका आधारमा पाठ्यक्रमअनुरूपताका दृष्टिले विश्लेषण र अध्ययन गर्नुपर्दा व्याकरणलाई पाठ्यक्रमले क्षेत्र र क्रमलाई छुट्टै स्थानमा राखे तापनि पाठ्यपुस्तकले एकै ठाउँमा राखेर अभ्यास गराएको छ । उक्त व्याकरणमा सम्पूर्ण पक्षलाई क्रमबद्ध ढङ्गबाट समावेश गरिएको छ । व्याकरणले परम्परागत, सैद्धान्तिक, बोझिलोपन र पट्यारलाग्दो नभएर प्रायोगिक र व्यावहारिकता प्रदान गर्ने कोशिस गरिएको छ । पाठ्यक्रमले निर्धारण गरेका सम्पूर्ण पक्षलाई समेट्ने प्रयत्न गरिए तापनि सम्पूर्ण पक्षलाई भने समावेश गर्न सकिएको छैन । यसैगरी कुनै व्याकरणका एउटै शीर्षकलाई पटक पटक दोहोऱ्याएर

अभ्यासमा राखिएको छ भने कुनै व्याकरणात्मक कोटीले स्थान पाएको छैनन् । यसले पूर्व अभ्यासलाई पुनः स्मरणमा सहयोग त पुऱ्याउँछ तर अन्य शीर्षकले भने उपस्थित पाउँदैनन् । त्यसकारण व्याकरणसम्बन्धी सम्पूर्ण ज्ञान दिनका लागि थोरै थोरै मात्रामा भए पनि सम्पूर्ण शीर्षकहरूलाई समावेश गर्नुपर्ने देखिन्छ । त्यसकारण कार्यमूलक व्याकरणका सम्पूर्ण अभ्यासहरू पाठ्यक्रम र पाठ्यपुस्तकबाट छुट्न नपाउन् भनेर उचित ढङ्गबाट पाठ्यक्रम~~को~~ र पाठ्यपुस्तकको निर्माणमा ~~पाठ्यक्रम~~ निर्माताले धेरै सचेतता अपनाउनुपर्ने देखिन्छ ।

### ५.१.८ शब्दभण्डार र उखान टुक्का

पाठ्यपुस्तकमा पाठ्यवस्तु छनोट गर्दा नै शब्दभण्डारलाई पनि ध्यान दिनुपर्छ । कक्षा नौको नेपाली पाठ्यक्रमले विभिन्न किसिमका शब्द तथा उखान टुक्काहरूको सिकाइ गर्नाले भाषिक तथा अभिव्यक्ति क्षमताको बोध गराउँछ भन्ने कुरा उल्लेख गरिएको छ । शब्दभण्डार र उखान टुक्कालाई विधाको क्षेत्र र क्रममा राखिएको छ । पाठ्यक्रमअनुरूपताका दृष्टिले पाठ्यपुस्तकमा नयाँ शब्दको प्रविष्टिलाई पनि प्रस्तुत गरेको छ । यस अध्ययनको मुख्य उद्देश्य पाठ्यक्रमअनुरूपताका दृष्टिले पाठ्यपुस्तकमा शब्दभण्डार र उखानटुक्कालाई कसरी समावेश गरिएको छ भन्ने उद्देश्य भएकाले यही–अनुरूप प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

कक्षा नौको नेपाली भाषा–पाठ्यपुस्तकमा शब्दभण्डार वृद्धि गर्नका लागि प्रत्येक पाठको पृष्ठको अन्त्यमा शब्द र त्यसले बोध गर्ने अर्थ दिएको छ । यसैगरी प्रत्येक जसो पाठको अन्त्यमा शब्दभण्डार शीर्षक राखेर पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, पारिभाषिक अनुकरणात्मक तथा उखानटुक्का दिएर केही अर्थ बताउ छ भने कहीँ कतै अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर भनिएको छ । यसका साथै जोडा मिलाउने अभ्यास, खाली ठाउँ पुरा गर्ने अभ्यास, शब्द पाठबाट खोजेर लेख्ने जस्ता अभ्यासहरू राखिएको पाइन्छ । शब्दभण्डारसम्बन्धी अभ्यासहरू पर्याप्त मात्रामा पाइन्छन् भने उखान टुक्काहरूको अभ्यास चाहिँ पाठ्यपुस्तकमा कमी देखिन्छ । एक ~~दुय~~दुई स्थानमा उखानटुक्कासम्बन्धी समस्यालाई समावेश गरिएको छ तर पर्याप्त भने छैन । कक्षा नौको पाठ्यपुस्तकमा विभिन्न नवीन शब्दहरूको प्रयुक्तिलाई जोड दिएको छ । शब्दको पुनरावृत्ति भने खासै गरिएको पाइँदैन । विद्यार्थीको तह, स्तरभन्दा केही अप्ठ्यारा शब्दहरूको समेत प्रयोग भेटिन्छ । जस्तैः

बहिनीलाई चिठी भन्ने पाठमा अग्निमन्दय, 'डाक्टर अङ्कल' मा भुत्ती खेल्नु, 'आङ साङ सुकी' को पाठमा भत्सना आदि जस्ता कठिन शब्दहरू प्रत्येक पाठमा भेटिन्छन् । पर्यायवाची, अनेकार्थी, श्रुतिसमभिन्नार्थक आदि शब्दको प्रयोग पहिले पहिलेका पाठ्यपुस्तकमा छुट्टै रूपमा गरिए तापनि वर्तमान पाठ्यपुस्तकले समग्र अभ्यासात्मक कार्यकलापका रूपमा समेटेको छ । यति भए तापनि उखान टुक्काको प्रयोगलाई भने पाठ्यपुस्तकले खासै वास्ता गरेको देखिँदैन । पाठ्यपुस्तकमा उखान टुक्कासम्बन्धी अभ्यास एक दुई स्थानमा मात्र राखेको भेटिन्छ । यसरी हेर्दा शब्दभण्डार यस पाठ्यपुस्तकमा प्रशस्त अभ्यासका रूपमा देखिन्छ । उखान टुक्काको अभ्यासलाई सन्दर्भ–अनुरूप वृद्धि गर्नुपर्ने देखिन्छ ।

## ५.२ पाठ्यक्रमका क्षेत्र र क्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन

माध्यमिक तह कक्षा नौको भाषापाठ्यक्रमले निर्दिष्ट गरेका विधा, क्रम वैज्ञानिक र व्यापक देखिन्छ । यसमा जम्मा सात ओटा विधाहरूमा समग्र विषयवस्तुलाई समेटिएको छ । पाठ्यक्षेत्रका उद्देश्य परिपूर्तिका लागि मूल विधा कथा, कविता, निबन्ध, जीवनी रूपक दैनिकी र चिठी राखेको छ । मूल विधाबाहेक त्यसका उपविधाका रूपमा २४ ओटा उपविधा राखेर क्षेत्र र क्रम निर्धारण गरेको छ । जसलाई निम्नलिखित तालिकाद्वारा उल्लेख गरिएको छ :

**तालिका नं. ११**

**कक्षा नौको विधाको क्षेत्र र क्रम तालिका**

| क्र.सं. | विधा | क्षेत्र र क्रम |
|---|---|---|
| १. | कथा | (क) लोककथा<br>(ख) ऐतिहासिक/सामाजिक कथा<br>(ग) बालमनोवैज्ञानिक कथा |
| २. | कविता | (क) नीतिप्रधान/संस्कृति प्रधान<br>(ख) प्रकृतिप्रधान<br>(ग) समाजप्रधान |
| ३. | जीवनी | (क) राष्ट्रिय व्यक्तित्व |

| | | |
|---|---|---|
| | | (ख) अन्तर्राष्ट्रिय व्यक्तित्व |
| ४. | निबन्ध | (क) सामाजिक<br>(ख) प्राविधिक वा व्यवसायिक |
| ५. | रूपक | (क) वक्तृता<br>(ख) संवाद |
| ६. | चिठी | (क) घरायसी<br>(ख) निवेदन/कार्यालयीय |
| ७. | कार्यमूलक व्याकरण | |
| | (अ) काल | (क) भूत<br>(ख) वर्तमान<br>(ग) भविष्यत् |
| | (आ) सङ्गति | (क) लिङ्ग<br>(ख) वचन<br>(ग) पुरुष<br>(घ) आदर |
| | (इ) पक्ष | (क) अपूर्ण<br>(ख) पूर्ण<br>(ग) ~~अज्ञान~~ अज्ञात<br>(घ) अभ्यस्त |
| | (ई) अर्थ र भाव | (क) आज्ञार्थ<br>(ख) सम्भावनार्थ |
| | (उ) वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरुष, आदर, करण/अकरणका आधारमा |
| | (ऊ) वाच्य परिवर्तन | (क) कर्तृवाच्य<br>(ख) कर्मवाच्य |
| | (ए) शब्दवर्ग | (क) नाम<br>(ख) सर्वनाम<br>(ग) विशेषण |

| | | |
|---|---|---|
| | | (घ) क्रियापद<br>(ङ) क्रियायोगी<br>(च) नामयोगी<br>(छ) संयोजक<br>(ज) निपात<br>(झ) विस्मयादिबोधक |
| | (ऐ) कारक र विभक्ति | (क) कर्ता र कर्म कारक<br>(ख) विभक्ति ले, लाई, द्वारा, देखि, बाट, मा/को, का, की,री, रो, रा/नो, ना नी को प्रयोग |
| | (ओ) उच्चारण (वर्णगत/शब्दगत) | (क) घ/ख, छ/भ्र, ठ/ट, थ/ध, न/ण, झ/भ/ज/ध, ब/भ ध्वनिको उच्चारण<br>(ख) आरोहण झोक्का भर्त्सना, अग्निमन्दय, निष्पट्ट घर/घर, जार/फार, डब/ढब, दन्न/धन्न, स्मृति/विस्मृति, दुर्व्यसन/दुर्व्यवहार, बहिस्कृत/पुर्नरमिलन, ठ्याक्कै/ठ्याप्प, दशा/दुर्दशा, राष्ट्रिय/अन्तर्राष्ट्रिय, प्रजातन्त्र/स्वतन्त्र, ~~राष्ट्रिय/अन्तर्राष्ट्रिय,~~ सयपत्री/स्वाधीन आदि जस्ता शब्दहरू |
| | (ओ) लेख्य चिह्न | (क) पूर्णविराम<br>(ख) प्रश्नचिह्न<br>(ग) अल्पविराम<br>(घ) उद्गार चिह्न<br>(ङ) योजक चिह्न<br>(च) कोष्ठक चिह्न |
| | (अ) वर्णविन्यास | पाठमा प्रयुक्त शब्दहरू वर्ण विन्यासको उपयुक्त प्रयोग<br>(क) ह्रस्वदीर्घ (इ,ई, उ, ऊ)<br>(ख) य/ए<br>(ग) ब/व<br>(घ) श/ष/स<br>(ङ) ग्यँ/ज्ञ<br>(च) रि/ऋ<br>(छ) छ/क्ष |

| | | |
|---|---|---|
| | | (ज) ज्ञ/ण/न<br>(झ) पदयोग/पदवियोग |
| ८. | शब्दभण्डार र उखान टुक्का (पाठमा प्रयुक्त शब्दहरू र उखान टुक्का) | (क) पर्यायवाची<br>(ख) विपरीतार्थी<br>(ग) अनेकार्थी<br>(घ) पारिभाषिक<br>(ङ) अनुकरणात्मक<br>(च) उखान टुक्का |

प्रस्तुत अध्ययन पाठ्यक्रमको क्षेत्र र क्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन भएकाले पाठ्यक्रमले तोकिएअनुसार पाठ्यपुस्तकले विधा, क्षेत्र र क्रम मिलाएको छ, छैन भनी अध्ययन गर्ने प्रयास गरिएको छ । पाठ्यक्रमले विधाको क्षेत्र सबैभन्दा पहिला अथवा सुरुमा कथा राखेको छ । पाठ्यक्रमले पनि कक्षा नै राखेको छ । पाठ्यक्रमले लोककथा, सामाजिक र बालमनोवैज्ञानिक राखेको छ भने पाठ्यपुस्तकमा पनि सोही बमोजिम राखिएको छ । पाठ्यक्रमले कवितालाई नीतिप्रधान, प्रकृतिप्रधान र समाजप्रधान राखेको छ भने पाठ्यपुस्तकमा पनि त्यही–अनुरूप राखिएको देखिन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका साहित्यकार/कलाकार, व्यक्तित्व/विचारक गरी पाठ्यक्रम–अनुरूप नै दुई ओटा जीवनी राखिएको छ । पाठ्यक्रमले चिठीअन्तर्गत घरायसी र कार्यालयीय गरी दुई क्षेत्रका चिठी निर्दिष्ट गरेको छ भने पाठ्यपुस्तकमा पनि यसैअनुरूप २ ओटा चिठी समावेश गरिएको छ । अन्य विधाहरू कविता, रूपक, प्रबन्ध आदि पनि पाठ्यक्रमअनुरूप नै पाठ्यपुस्तकमा समावेश गरेको भेटिन्छ । यसरी हेर्दा पाठ्यपुस्तकमा पाठ्यक्रमको क्रम अनुरूप पाठहरू राखेको भेटिन्छ । विद्यार्थीहरूको रुचि, मनोरञ्जनपूर्ण पढाइका प्रारम्भका दृष्टिले पाठ्यक्रमसँग रखाइक्रम उपयुक्त नै रहेको मान्न सकिन्छ ।

## अध्याय छ

# आन्तरिक र बाह्य पक्षको आधारमा पाठ्यपुस्तकको व्याख्या तथा विश्लेषण

## ६. आन्तरिक तथा बाह्य विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण

कक्षा नौको नेपाली विषयको पाठ्यपुस्तक विद्यार्थीको भाषिक सिप विकास गर्ने उद्देश्य लिएर बनाएको पुस्तक हो । यसमा जम्मा १६ ओटा पाठहरूलाई समावेश गरेको छ । यस्तो किसिमको पाठ्यपुस्तक स्तरगत र तहगत रूपमा उपयुक्त हुन त्यसको आन्तरिक तथा बाह्य पक्षमा पनि उपयुक्त हुन जरुरी छ । पाठ्यपुस्तक उपयुक्त छ वा छैन भनेर पत्ता लगाउन यसको आन्तरिक तथा बाह्य पक्षका तत्त्वहरूलाई निम्नअनुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

## ६.१ पाठ्यपुस्तकको आन्तरिक पक्षका आधारमा पाठ्यपुस्तकको विश्लेषण

भाषाशिक्षण सिकाइका दृष्टिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने आन्तरिक कुरा भाषा पाठ्यपुस्तक हो । भाषापाठ्यपुस्तक देख्दा जतिसुकै आकर्षक भए तापनि यदि त्यो भाषाशिक्षणका दृष्टिले आन्तरिक रूपमा कमजोर छ भने त्यसको कुनै मूल्य र महत्त्व हुँदैन । पुस्तक हेर्न र कोठा सजाउनका लागि नभएर केवल पढ्न र अभ्यास गर्न तथा भाषिक अपेक्षा हासिल गर्न प्रभावकारी ढङ्गबाट सहयोग पुऱ्याउने विशेषता नै पाठ्यपुस्तक आन्तरिक पक्ष हो । कुनै पनि भाषापाठ्यपुस्तक आन्तरिक पक्षमा उपयुक्त हुनुपर्दछ । कुनै पनि तहका लागि उपयुक्त छ छैन भनेर निम्न बमोजिमका तत्त्वहरूका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकलाई निम्नअनुसार विश्लेषण गरिएको छ :

### ६.१.१ विषयवस्तुको विश्लेषण

पाठ्यवस्तु छनोट गर्ने क्रममा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पाठ्यक्रमको उद्देश्य परिपूर्तिलाई सहयोग गर्न खोजेको देखिन्छ । भाषिक सिप विकासका लागि विभिन्न विधालाई कथा, कविता, जीवनी, प्रबन्ध/चिठी/रूपक आदिलाई चयन गरेको छ । भाषापाठ्यपुस्तकमा विधागत विविधताको क्रममा जम्मा १६ ओटा पाठहरू समावेश गरिएको भेटिन्छ । पाठहरूमा राखिएका अभ्यासहरूले सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारै

ओटा सिपको विकासमा सहयोग गरेको देखिन्छ र अन्य सिपभन्दा लेखाइ सिपलाई बढी जोड दिएको छ । यसले गर्दा विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास हुने देखिन्छ ।

पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरूले सामाजिक, सांस्कृतिक, प्राकृतिक, लैङ्गिक, वैज्ञानिक, मनोवैज्ञानिक तथा व्यावहारिक पक्षलाई समेटेको भेटिन्छ । पाठ्यपुसतकमा प्रथम पाठ 'अनारको बोट' कथा विधामा सत्य मानव भएका नाताले सबैलाई मानवीय व्यवहार गर्नुपर्छ, जसले गर्दा राम्रो नतिजा हाता पार्न सकिन्छ भन्ने कुराको ज्ञान दिलाउन खोजिएको छ । यस्तै 'यात्रा सुरु गरौँ' भन्ने कविताले हामीले मौन बसेर सफलता प्राप्त गर्न सकिँदैन । त्यसकारणले समयलाई पछ्याउँदै निरन्तर रूपमा कार्य गर्नुपर्छ, 'सधैँ विश्राम गर्यो भने भविष्य अन्धकार हुन्छ । त्यसैले राष्ट्र निर्माण गर्नका लागि हामीले आफ्नो कदमलाई अगाडि बढाउँदै लैजानुपर्छ भन्ने कुराको ज्ञान दिलाउन खोजिएको छ । यस्तै 'मानव बेचविखन विरुद्ध हाम्रो दायित्व' भन्ने वक्तृत्वले सबैलाई एकताको सूत्रमा बाँध्न खोजिएको छ । 'म को हुँ ?' निबन्धले बालकलाई साहसी र उत्साहित बनाउन खोजिएको छ । 'वसन्त कोकिल' कविताले विभिन्न प्रकृतिको वर्णन गरिएको छ । यस्तै चिठी तथा निवेदनले व्यावहारिकतालाई समेटिएको छ । संवादले कथ्य अभिव्यक्तिलाई समेटेको छ । यस पाठ्यपुस्तकमा राखिएका कथाहरू छोटा र छरिता देखिन्छन् । यति भएर मात्र पुग्दैन । पाठ्यपुस्तकले यी सम्पूर्ण कुरालाई समेट्दा समेट्दै पनि वर्तमान परिवेशको बदलिँदो वैज्ञानिक विकासलाई भने सहयोग पुग्ने किसिमको पाठहरू पाठ्यपुस्तक~~लाई~~ समेटिएको देखिँदैन ।

### ६.१.२ शब्दभण्डारको विश्लेषण

भाषापाठ्यपुस्तकमा समावेश गरिएका ~~शब्दभण्डा~~शब्दभण्डार विद्यार्थीको स्तरअनुकूल भाषिक पृष्ठभूमि र आवश्यकतालाई ख्याल गर्नुपर्नेमा उपयुक्त नै भएको देखिन्~~५~~छ । भाषापाठ्यपुस्तकमा प्रयोग गरिएका बोध एवम् अभिव्यक्ति क्षमताको प्रवर्द्धन गर्ने खालका व्यावहारिक र सान्दर्भिक शब्दहरूको प्रयोग भएको भेटिन्छ । सुरुका पाठहरूमा सरल र आधारभूत शब्दको प्रयोग गर्नुपर्नेमा उपयुक्त नै देखिन्छ । यसैगरी सरलदेखि जटिलताको क्रममा पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक शब्दहरूलाई दिएको छ भने केही पाठहरूमा प्राविधिक शब्दहरूलाई पनि चिनाउने प्रयास गरिएको छ । यसरी प्राविधिक शब्द चिनाउने क्रममा पाठ ११ मा प्राविधिक शब्दको प्रयोग

गरिएको छ । आवश्यकता–अनुरूप लोकोक्ति र उखान टुक्काको क्रमबद्ध प्रयोग गरिएको देखिन्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा उखान टुक्काको कम प्रयोग भएको देखिन्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा सुरुसुरुका पाठहरूका तद्भव त्यसपछि क्रमशः तत्सम र आगन्तुक शब्दको प्रयोग भएको देखिन्छ । यी सम्पूर्ण कुराहरूको अभ्यास गराउन खोजे तापनि पूर्ण रूपमा उपयुक्त देखिँदैन । जुनसुकै पाठ्यपुस्तकमा पनि ८०%, विद्यार्थीले जानेका र २०% मात्र नयाँ शब्द थपिनुपर्ने भए पनि यस किसिमको नियमलाई उपयुक्त ढङ्गले पालना गरेको भेटिदैन । जस्तैः अग्निमान्द्य, भुत्ती खेल्नु, भर्त्सना, मेडोलिन, पियानो, एकर्डिनय, पार्किन्सन, स्निग्ध, अट्टहास आदि जस्ता शब्दहरू नयाँ हुनुका साथै कठिन खालका जस्ता देखिन्छन् । उक्त पाठ्यपुस्तकमा शब्दहरू प्रयोग गर्ने क्रममा कुनै पाठहरूमा अत्यन्त कठिन शब्दहरू र कुनै पाठमा ज्यादै सजिला शब्दहरू भेटिन्छन् भने कुनै पाठमा छिटफुट रूपमा अत्यधिक नयाँ प्राविधिक तथा पारिभाषिक शब्दहरू राखिएको भेटिन्छ । यसकारणले पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तक निर्मा~~ण~~ता अत्यन्त सजग रहन आवश्यक छ । शब्द चयनमा सम्पूर्ण पाठहरूलाई समान ढङ्गबाट शब्दचयन गरी धेरै सजिलो र धेरै गाह्रो हुने शब्दको प्रयोगलाई न्यूनीकरण गर्दै सम्पूर्ण पाठ~~लाई~~मा एकै किसिमका शब्दहरूको प्रयोग गर्ने आवश्यक छ । पाठ्यपुस्तक निर्माण गर्दा शब्दभण्डारको चयन र रखाइक्रममा विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

### ६.१.३ भाषाको विश्लेषण

भाषापाठ्यपुस्तकको अभिन्न अङ्गका रूपमा भाषाको विश्लेषण पनि एक हो । भाषापाठ्यपुस्तकमा प्रयोग गरिने भाषाहरू विद्यार्थीको स्तर, क्षमता र तहअनुरूप प्रयोग भएको हुनुपर्छ । भाषा सरल, स्पष्ट र सुबोध हुनुपर्दछ । माध्यमिक तह कक्षा नौको पाठ्यपुस्तकमा प्रयोग हुने भाषा विद्यार्थीका लागि पढाइमा अवरोध नहुने सरल खालको भाषाशैलीको प्रयोग हुनुपर्दछ

कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकमा विधागत पाठपछि प्रथम अभ्यासको रूपमा शब्द र अर्थ राखिएको छ । यसलाई नयाँ शब्दभण्डार मान्न सकिन्छ । पाठमा प्रयोग भएका भाषाहरू बढीमा ८/९ अक्षरले बनेका भेटिन्छन् । यस्ता किसिमका अक्षरहरू माध्यमिक तहका लागि उपयुक्त नै भएको देखिन्छ । वाक्य संरचना हेर्दा धेरैजसो ३/४ शब्दले बनेका वाक्य भेटिन्छन् । जस्तैः "तिमी जाजरकोटे ठकुरी कि छोरी, नेपाल दरबारको सबै कुरा थाहा

पाएकी छैनौ ।" भन्ने वाक्य 'निन्द्रा' कथाबाट लिन सकिन्छ । धेरे पाठहरूमा भाषिक संरचनाका हिसाबले सरल देखिए तापनि केही निबन्ध, जीवनी र कविताका पाठहरूमा भाषिक संरचना कठिन देखिन्छन् । जस्तैः 'संगीतज्ञ रामशरण दर्नाल' र 'आङ सान सुकी' जस्ता पाठहरूमा ज्यादा कठिनाइ भेटिन्छ । त्यसैगरी 'वसन्त कोकिल' कवितामा तत्सम शब्दको अत्यधिक प्रयोगले बोधगम्यतामा ह्रास ल्याएको देखिन्छ । त्यस्तै 'म को हुँ ?' भन्ने निबन्धको भाषिक संरचना अमूर्त किसिमको देखिन्छ । जसका कारणले बोधगम्य रहेको देखिँदैन । जस्तैः ती मध्ये कति मेरा आफ्ना मनका भावनासँग मिलेर जड हुन्छन्, कति परस्पर विरोधी भावहरूसँग मिलेर लुप्त हुन्छन् ।' कति चाहिँ साहित्यरूपी ढुकुटीमा पुऱ्याएर खन्याउँदा खन्याउँदै यताउता पोखिएर खेर जान्छन् । आदि जस्ता वाक्यले अमूर्तता थपेको देखिन्छ । समग्रमा हेर्दा वाक्य संरचनाका दृष्टिले उपयुक्त नै छन् भन्न सकिन्छ । वाक्यमा सर्वनामको प्रयोगलाई हेर्दा स्तरअनुरूप उचित नै देखिन्छन् । त्यसैगरी सापेक्ष संयोजन, आलङ्कारिकता र प्रतीकारात्मकता शैली मध्यम देखिन्छ । यसैगरी भाषापाठ्यपुस्तकमा प्रयोग हुने उखान टुक्काहरूको प्रयोग कक्षा नौको स्तरलाई हेर्दा कम प्रयोग भएको देखिन्छ । अनुकरणात्मक शब्दको विश्लेषण गर्नुपर्दा प्रशस्त अनुकरणात्मक शब्दको प्रयोग भेटिन्छ । पाठ्यपुस्तकमा गद्य विधाका पाठहरूमा सरल, संयुक्त र मिश्र तिनै ~~थरी~~ किसिमका वाक्यहरू प्रयोग भएका छन् ।

पाठ्यपुस्तकको भाषा सुस्पष्ट, त्रुटिरहित, सान्दर्भिक तथा रुचिपूर्ण हुन आवश्यक हुन्छ । उक्त पाठ्यपुस्तकमा धेरैजसो सरल भाषाको प्रयोग भएको पाइन्छ भने छिटफुट रूपमा जटिल किसिमको भाषाको प्रयोग भएको पाइन्छ तर विद्यार्थीले बुझ्न सक्ने किसिमकै भाषाशैलीको प्रयोग भएको छ । त्यसैले विद्यार्थीको कठिनाइको स्तर त्रुटिको क्षेत्र र आवश्यकतालाई विचार गरी भाषातत्त्वमा विशेष जोड दिनु आवश्यक हुन्छ । यसरी हेर्दा कक्षा नौको पाठ्यपुस्तकमा प्रयोग गरिने भाषाको प्रयोग उपयुक्त नै देखिए तापनि पूर्णता भने भेटिदैन ।

### ६.१.४ अभ्यासको विश्लेषण

भाषापाठ्यपुस्तक विश्लेषण गर्ने महत्त्वपूर्ण आधारअन्तर्गत नमुना अभ्यास पर्दछ । अभ्यासलाई भाषा विकासको मेरुदण्डका रूपमा लिइन्छ । भाषिक सिपमा दक्षता हासिल ग र्न नमुना अभ्यास अनिवार्य घटकको रूपमा रहेको देखिन्छ । भाषिक सिप सिकाउन विधागत

पाठहरूबाट मात्र सम्भव हुँदैन । यसका लागि अभ्यासको आवश्यकता पर्दछ । सिकाइलाई प्रभावकारी र गतिशील बनाउन पाठ्यविषयको शिक्षण पछि पाठ्यविषयसँग सम्बन्धित विभिन्न किसिमका प्रश्नहरूलाई अभ्यासमा समावेश गरिएको छ । यस्ता अभ्यासहरू राख्दा पाठ्यक्रम–अनुरूप विद्यार्थीहरूको रुचि, स्तर, क्षमता आदिका दृष्टिले उपयुक्त र स्तरीय हुनुपर्दछ ।

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रशस्त अभ्यासहरू राखेर सुनाइ,बोलाइ, पढाइ र लेखाइ चारै सिपलाई समेट्ने प्रयास गरिएको छ । वर्तमान पाठ्यपुस्तकमा पाठगत अभ्यास, व्बयाकरणगत अभ्यास र सिर्जनात्मक अभ्यासका साथै परियोजनाका कार्यलाई पनि समावेश गरी अलग अलग ढङ्गबाट चिनाइएको छ । पाठगत अभ्यासअन्तर्गत सुनाइका लागि ५२ ओटा बोलाइका लागि ६९ ओटा र लेखाइका लागि १२२ ओटा अभ्यासहरूलाई समावेश गरिएको छ भने १३८ ओटा व्याकरणगत अभ्यासहरू समावेश गरिएको छ । जसले खोजमूलक ढङ्गबाट प्रस्तुत गरिने नयाँ पद्धतिको व्याकरणको सिकाइमा सहजता ल्याएको देखिन्छ । २० ओटा ि–सर्जनात्मक सिकाइका अभ्यासहरू र ८ ओटा परियोजनामूलक अभ्यास राखी विद्यार्थीको क्षमता स्तरलाई माथि उकास्ने उद्देश्यले उचित व्यवस्थापन गरेको देखिन्छ । यति भए तापनि अभ्यसअभ्यासहरू अझै पूर्ण र प्रशस्त बन्न सकेका छैनन् । चार सिपलाई एकीकृत गर्नु बराबर महत्त्व दिएको भेटिन्छ । प्रत्येक पाठमा उत्तर भन, उत्तर लेख, लामो उत्तर लेख, सङ्क्षिप्त उत्तर लेख भनी अभ्यास राखिएको छ । त्यस्तै शब्दभण्डारमा प्रत्येक पाठमा छुट्टै शीर्षक राखेर त्यसभित्र खाली ठाउँ भर, जोडा मिलाऊ, अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर भनेर अभ्यासबहरू राखिएको छ । यसले शब्दभण्डार वृद्धिमा सहयोग पुऱ्याउँछ । कार्यमूलक व्याकरणका अभ्यासलाई प्रत्येक पाठमा छुट्टै भषिशीर्षक राखेर प्रस्तुत गरिएको छ । यसले व्यावहारिक र शुद्ध प्रयोगलाई हौसला प्रदान गरेको छ । त्यसैगरी प्रत्येक पाठमा सिर्जनात्मक अभ्यासहरू राखेर सिर्जनात्मक अभिव्यक्तिगत सिपलाई विकास गराउने प्रयास गरिएको छ । अभ्यासलाई पाठ्यक्रमका उद्देश्य परिपूर्तिमा धेरै उपयुक्त र सहयोगी भएको भेटिन्छ ।

भाषिक सिपसम्बन्धी विविध प्रकृतिका अभ्यासहरूलाई हेर्दा एउटा पाठमा सबै भाषिक सिपलाई समेट्ने किसिमका अभ्यासहरू कुनैमा बढी र कुनैमा कम देखिन्छन् । त्यसैले पाठमा सबै भाषिक सिपसँग सम्बन्धित अभ्यासहरू राखेमा उपयुक्त हुने देखिन्छ ।

सुनन्नाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू राखेमा बढी प्रभावकारी हुने देखिन्छ । सुनाइ र बोलाइ सिपसँग सम्बन्धित अभ्यासहरू एकै ठाउँमा पनि राखेको भेटिन्छ । यी दुबै सिपका अभ्यासहरू सँगसँगै हुन्छन् । एउटै अभ्यासबाट २ ओटाच सिप वा सोभन्दा बढी सिपगत अभ्यासहरू पनि राखिएका छन् तर यी अभ्यासहरू आफैँमा पूर्ण भने छैनन् । विभिन्न अभ्यासहरूमा पाठ्यक्रमले विद्यार्थीहरूमा शब्दकोशको प्रयोग गर्न सक्ने उद्देश्य राखे पनि पाठ्यपुस्तकमा यससम्बन्धी अभ्यासहरू राखिएको पाइँदैन । यसलाई पाठ्यपुस्तकको कमीकमजोरीका रूपमा लिइन्छ ।

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा भाषिक सिप पक्षमा भन्दा व्याकरणका अभ्यासहरूमा बढी जोड दिएको पाइन्छ । यो असान्दर्भिक र अनुपयुक्त मानिन्छ । प्रत्येक पाठमा उच्चारणगत सिपको विकास गराउने जमर्को गरिएको छ । अभ्यासलाई पाठ्यक्रमको पूर्तिमा धेरै उपयुक्त र सहयोगी भेटिन्छ । यति भए तापनि लेखाइ सिप र व्याकरणगत अभ्यास बराबर अन्य सिपलाई पनि समावेश गराइयो भने मात्र कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकका अभ्यासले सिप विकासमा टेवा पुऱ्याउन सक्दछन् ।

### ६.१.५ चित्रको वर्णन/विश्लेषण

भाषापाठ्यपुस्तकमा चित्रको प्रयोग मूलतः विषयगत ज्ञान र धारणा दिने प्रयासले गरिएको हुन्छ । चित्रद्वारा विद्यार्थीको सम्बन्धित विषयवस्तुलाई रुचिपूर्ण अवलोकन गरी सिर्जनात्मक क्षमताको विकास गर्ने अवसर प्राप्त गर्दछ । 'हजारौँ शब्दभण्डारन्दा एउटा तस्वीर बढी प्रभावकारी हुन्छ ।' चित्रका माध्यमबाट कुनै पनि विषयवस्तुलाई सजिलै बुझ्झन र बुझाउन सकिन्छ । चित्र प्रसङ्गअनुकूल भाषिक विषयवस्तुको अभ्यास तथा प्रयोग गराउन शब्द, अर्थ र व्याकरणिक नियमको धारणा बसाल्न, पाठलाई रोचक बनाउन प्रयोग गरिन्छ ।

वास्तवमा चित्रले कुनै पनि विषयवस्तुलाई बुझ्न र बुझाउनमा सहजपना ल्याउँछ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा राखिएका चित्रहरू प्रायः विषयवस्तुलाई स्पष्ट पार्ने क्रममा राखिएका छन् । यस पाठ्यपुस्तकमा १६ ओटा पाठ छन् जसमा २६ ओटा चित्रहरू प्रयोग गरेको देखिन्छ । जस्तैः अनारको बोट कथामा घना जङ्गलको बिचमा सानो गाउँ भएको, दोस्रो चित्रमा एकजना अधवैँसे आइमाइले ढुकुरको खुट्टामा मलम लगाइदिँदै गरेको, तेस्रो चित्रमा गाउँमा बगैँचा बनाउँदै गरेको देखिन्छ । जसले वातावरणलाई हराभरा र सफा

बनाउँदछ भन्ने कुराको ज्ञान दिलाउन खोजिएको छ । यस्तै अन्य कथाहरूमा पनि भाषिक सिप विकास गराउने किसिमका चित्रहरू प्रयोग भएका छन् । ‘वसन्त कोकिल’ भने कवितामा घना जङ्गल जसमा एउटा रूरूखमा चरो बसेको चित्र प्रस्तुत गरिएको छ । कथा, निबन्ध तथा प्रबन्ध विधाका पाठहरूमा पनि भाषिक सिप विकास गराउन सकिने चित्रहरू राखिएको छ । जीवनी विधामा सङ्गीतकार रामशरण दर्नालको तस्वीर राखिएको छ । अर्को जीवनीमा आङ सान सुकीको तस्वीर राखिएको छ । यो पाठअनुरूप उपयुक्त नै छ । पाठ ‘मानव बेचविखन विरुद्ध हाम्रो दायित्व’ भन्ने वक्तृत्वमा छलफल गरेर बसेको चित्र देखिन्छ ।

यसरी विश्लेषण गर्दा कक्षा नौको नेपाली पाठ्यपुस्तकका चित्रहरूमा पाठगत आधारमा चित्रको सन्तुलन भने भेटिदैन । कुनै पाठमा ४/५ चित्रहरू समावेश गरेको देखिन्छ भने कुनै पाठमा एउटा चित्र पनि समावेश गरिएको पाइँदैन । चित्रहरू नचिनिने र अस्पष्ट खालका देखिन्छन् । चित्रहरूको छपाइ उपयुक्त देखिँदैन । पहिलो पाठमा प्रयुक्त दोस्रो चित्रमा सुगाको खुट्टामा मलम लगाएको प्रसङ्ग ल्याए तापनि पखेटामा मलम लगाएको चित्र प्रस्तुत गरिएको छ । प्रयुक्त चित्रले वास्तविकताको नजिक नरहेको पुष्टि गराउँछ । यसरी यस पाठ्यपुस्तकमा राखिएका समग्र चित्रहरूलाई हेर्दा केहीमा कमी कमजोरी देखिए तापनि चित्रको संयोजन राम्रो पाइन्छ ।

### ६.१.६ भूमिका तथा निर्देशन

भाषापाठ्यपुस्तकको विश्लेषण गर्ने अर्को महत्त्वपूर्ण आधार भूमिका तथा निर्देशन हो । पाठ्यपुस्तकमा राखिएका पाठहरू कुन उद्देश्यका लागि शिक्षण गर्नुपर्छ भन्ने निनर्देशन दिएको पाइन्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा हाम्रो भनाइअन्तर्गत २ पाना ३ पृष्ठ रहेको छ । पहिलो पृष्ठमा किताबको नाम, कक्षकक्षा, लेखक, प्रकाशकको नाम लेखिएको छ । दोस्रो पृष्ठमा प्रकाशक, पुस्तक कहाँबाट तयार गरिएको संस्करण, पाठ्यक्रम विकास केन्द्रले गरेको सूचना पनि दिएको छ । तेस्रो पृष्ठमा भूमिकालाई हाम्रो भनाइअन्तर्गत पाठ्यपुस्तकको सम्बन्धमा भनिएको छ ।

प्रस्तुत पाठ्यपुस्तक भाषापाठ्यपुस्तक भएकाले यसको अध्ययन पछि विद्यार्थीहरूले पाठ्यक्रममा निर्धारण भएका सिकाइ उपलब्धिहरू हासिल गर्न सक्ने जानकारी प्रस्तुत गरिएको छ । यसका साथै विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न सक्ने कुरा अपेक्षा गरिएको छ । भनाइमा विद्यार्थीहरूले राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको

भावना पैदा गराइ नैतिक, अनुशासित र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुण पैदा गराई नैतिक, अनुशासित र आधारभूत भाषिक तथा गणितीय सिपका साथै वैज्ञानिक पेसा व्यवसाय, सूचना तथा सञ्चार प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान र जीवन उपयोगी सिप विकास  गराउनु जरुरी छ । यसैगरी उनीहरूमा कला र सौन्दर्यप्रति रुचि जगाउन, मानवीय मूल्य मान्यता साथै आदर्श र वैशिष्ट्यहरूको संरक्षण, सम्बर्द्धन गराउनु, सिर्जनशील सिपको विकास  गराउनु, विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकासमा सहयोग पुऱ्याउनु आजको आवश्यकता र चुनौतीको विषय भएको देखिन्छ ।

यसरी पाठ्यपुस्तकको भूमिका र निर्देशनमा शिक्षकलाई शिक्षणीय क्रियाकलापका लागि र विद्यार्थीहरूलाई ज्ञान आर्जनका लागि आवश्यक पर्ने निर्देशन दिएको छ । यसमा पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । यद्यपि यसमा भाषाशैली, विषयवस्तु प्रस्तुति र चित्राङ्कनका दृष्टिले अझै कमजोर रहेका हुन सक्छन् । तिनको सुझावका लागि पाठ्यक्रम विकास केन्द्रले हार्दिक अनुरोध गरेको छ । यसै खण्डमा शिक्षकहरूका लागि अध्यापन गर्न चाहिने आवश्यक निर्देशन उल्लेख गर्न सकेको भए राम्रो हुने थियो । सङ्क्षेपमा भन्नु पर्दा भूमिका वा निर्देशनमा उल्लेख गरिएका विषयवस्तुलाई शिक्षण सिकाइ प्रक्रियामा प्रयोग गरिएमा पाठ्यक्रमको उद्देश्य परिपूर्तिमा सहयोग हुने देखिन्छ ।

## ६.२ बाह्य वा भौतिक पक्षका आधारमा नेपाली पाठ्यपुस्तकको विश्लेषण

पाठ्ययपुस्तकको विश्लेषण गर्दा आन्तरिक आधारमा मात्र नभएर बाह्य आधारमा पनि गरिन्छ । पाठ्यपुस्तकमध्ये शिक्षार्थीको ध्यान आकर्षण  गरी पढुँपढुँ लाग्ने उत्सुकता वा हौसला जगाउने कार्यमा यसको भूमिका महत्त्वपूर्ण हुन्छ । पाठ्यपुस्तकको आन्तरिक पक्ष मात्र सबल भएर हुँदैन । बाह्य पक्ष पनि त्यतिकै सबल हुन आवश्यक हुन्छ । त्यसैले भाषापाठ्यपुस्तक सबल हुनमा यी दुबै पक्षको महत्त्वपूर्ण भूमिका रहन्छ । पाठ्यपुस्तक बलियो, आकर्षक, शुद्ध र सर्वसुलभ हुनुपर्दछ । कक्षा नौको नेपाली विषयको पाठ्यपुस्तक के कस्तो रहेको छ भन्ने कुराको विश्लेषण यसअन्तर्गत गरिन्छ । पाठ्यपुस्तकको विश्लेषण गर्दा निम्नलिखित तत्त्वहरूको आधारबाट गरिन्छ :

### ६.२.१ आवरण पृष्ठ

आवरण पृष्ठ भन्नाले पाठ्यपुस्तकले बाहिरी पृष्ठ भन्ने बुझिन्छ । आवरणले नै पाठ्यपुस्तकलाई संरक्षित गर्ने हुनाले यो बलियो हुनका साथै आकर्षक हुनुपर्दछ । आवरणमा प्रयोग गरिएको कागज मोटो बलियो र आकर्षक हुनु राम्रो मानिन्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तक हेर्दा बनोटको आकार बाक्लो र बलियो छैन । पुस्तकको अगाडिको भाग रङ्गीन छ । पृष्ठको माथि पाठ्यपुस्तकको नाम लेखिएको छ । यसमा सेतो रङ्ग आग्रह पृष्ठमा माथि र तल दुबैतिर छ । दुई ओटा राता धर्सा तलमाथि तानिएका छन् । माथिपट्टि धर्साको दाहिनेतिर ठुलो अक्षरमा ९ लेखिएको छ । त्योभन्दा तल बिचमा ने~~म्प्ली~~ पाली र कक्षा ९ लेखिएको छ । त्यसको मुनि विद्यालय पोसाक लगाएर छात्रा र छात्रले नेपालको राष्ट्रिय झण्डा समातेर उभिएको देखिन्छ । चित्रको व्याप्क ग्राउण्डमा हल्का गुलाबी रङ्ग राखेर कक्षा नौको कक्षागत गीत लेखिएको छ । त्यसको तल दायाँ भागमा नेपाल सरकारको लोगो र त्यसमुनि प्रकाशन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर लेखिएको छ । दायाँ भागमा कालो अङ्क ९७८९९३७६०१२९० लेखिएको छ । आग्रह र पश्च आवरणको भित्री भाग सादा र सेतो रङ्गको छ ।

### ६.२.२ अक्षरको आकार र ठाउँ छोडाइ

भाषापाठ्यपुस्तकमा अक्षरको आकार र ठाउँ छोडाइ पनि उपयुक्त हुन आवश्यक छ । सामान्यतय भाषापाठ्यपुस्तक ७ देखि ९ इन्चसम्मको चौडाइ र १० देखि १२ इन्चसम्मको लम्बाइ हुन आवश्यक छ । वर्तमान कक्षा नौको नेपाली पाठ्यपुस्तकका आकार प्रकार उपयुक्त नै मान्न सकिन्छ । कक्षा नौको नेपाली भाषापाठ्यपुस्तक ७ इन्च चौडाइ र ९.५ इन्च लम्बाइ रहेको छ । पाठ्यपुस्तकमा १५८ पृष्ठहरू रहेका छन् । अक्षरको आकार १२ देखि २२ प्वाइन्टका बिचमा रहेको पाइन्छ । शब्दार्थ र भूमिकामा १२ प्वाइन्ट, विषयवस्तुका लागि १४ प्वाइन्ट, विधाको नाम र पाठसंख्याका निम्ति १६ प्वाइन्ट र मुख्य शीर्षकका लागि २२ प्वाइन्टका अक्षरहरू समाविष्ट छन् । कक्षा स्तर-अनुरूप यी अक्षराकार उपयुक्त मानिन्छ । अक्षर-अक्षर, शब्द-शब्द तथा पङ्क्ति-पङ्क्ति बिचका अन्तराल वा ठाउँ छोडाई पनि उपयुक्त नै छ । दायाँ बायाँ र तलमाथिको अन्तराल वा ठाउँ छोडाइ पनि उपयुक्त नै छ । यो पाठ्यपुस्तक सहज रूपमा बोक्न र हिँड्डुल गराउन सकिने किसिमको छ । सामान्यतय यो पाठ्यपुस्तक विद्यार्थीका लागि उपयुक्त देखिन्छ ।

### ६.२.३ छपाइ र बँधाइ

भाषापाठ्यपुस्तक छपाइ र बँधाइका दृष्टिकोणले बलियो बनाउन वैज्ञानिकता अपनाउनु पर्दछ । छपाइका लागि प्रयोग गरिने मसी गाढा वा नउड्ने किसिमको हुनुपर्दछ । शीर्षक, उपशीर्षक, पाठ्यवस्तु आदिको अक्षरको भिन्नतालाई राम्ररी ध्यान पुऱ्याउन सोही अनुरूपको कालो मसीको प्रयोग गरिएको हुनुपर्दछ । यस दृष्टिले कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको बाहिरी आवरण पृष्ठमा कालो रङको मसी मात्र प्रयोग गरिएको छ । शीर्षक, उपशीर्षक, अभ्यासका मूल प्रश्नहरू, कठिन शब्दहरू आदि गाढा कालो रङ्गमा छापिएका छन् । उक्त पाठ्यपुस्तक गमले मात्र टाँसिएको छ । स्टेपलर र सिलाइको प्रयोग गरिएको छैन । जसले गर्दा पाठ्यपुस्तकहरू कम टिकाउ हुने खालका हुन्छन् । कतिपय ठाउँमा छपाइमा कतै बुझिने अक्षर भेटिन्छन् भने कतै अत्यन्तै मधुरो छापिएर बुझ्नै कठिन देखिन्छ । कतिपय छापिएका अक्षरहरू अर्को पानामा देखिएका छन् । किताबका पाना पल्टाएर जुन ठाउँ राखेपनि अडिने हुनुपर्ने अलि उपयुक्त देखिँदैनन् पाना पल्टेर अर्को पृष्ठमा फर्किने डर देखिन्छ । पाठ्यपुस्तकमा प्रयोग गरिएको वर्णविन्यास, व्याकरण तथा शब्द र आवश्यक चिह्नहरूमा उपयुक्त नै देखिन्छ ।

### ६.२.४ कागजको स्तर

भाषापाठ्यपुस्तकमा प्रयोग गरिने कागज चिल्लो, सेतो, बलियो, एकापट्टिको छपाइ अर्कोपट्टि नदेखिने किसिमको हुनुपर्दछ । यस पाठ्यपुस्तकमा प्रयोग गरिएको कागज त्यति गुणस्तरयुक्त देखिँदैन । यसको आवरण पृष्ठमा १५० –ग्राम र भित्री पृष्ठमा ५४ ग्रामको कागज प्रयोग गरिएको छ । यो पाठ्यपुस्तकमा प्रयोग गरिएको वाक्लो भएपनि मसिनो, चिप्लो तथा सेतो छैन । यसले गर्दा पाठ्यपुस्तक छिट्टै च्यातिने, भाँचिने, खुम्चने भएर टिकाउपनमा बाधा पर्न जान्छ । गुणस्तरयुक्त कागजको कमीले पाठ्यपुस्तकमा रहेको चित्र, तस्वीर, नक्सा जति आकर्षक देखिनुपर्ने हो त्यति आकर्षक देखिएका छैनन् ।

### ६.२.५ मूल्य

भाषापाठ्यपुस्तकको मूल्यले ठुलो प्रभाव पार्दछ । भाषापाठ्यपुस्तकको मूल्य सबै स्तरका अभिभावकहरूले आर्थिक अवस्थामा खरिद गरेर बालबालिकालाई उपलब्ध गराउन सक्ने हुनुपर्दछ । सकेसम्म निःशुल्क व्यवस्था मिलाउन सक्नुपर्दछ । कक्षा नौको ने~~म्म्ली~~ पाली

पाठ्यपुस्तकको मूल्य ४३.७० पैसा निर्धारण गरिएको छ । यो मूल्य नेपालका जनताको स्तर अनुरूप उपयुक्त नै छ तर कागजको गुणस्तर कमजोर भएकाले मूल्य सस्तो पर्न गएको अनुमान लगाउन सकिन्छ । पाठ्यपुस्तक सरकारी स्तरबाट नै निःशुल्क वितरण गरिएको छ, त्यसैले मूल्यका दृष्टिले उपयुक्त देखिन्छ ।

### ६.२.६ सर्वसुलभता

छापिएका पाठ्यपुस्तकहरू सबै ठाउँमा सहजै उपलब्ध हुनुपर्दछ । समयमै सबै ठाउँमा पुऱ्याउन नसकेमा शिक्षणमा अप्ठ्यारो पर्दछ । छपाइमा नै ढिला त्यसपछि वितरणमा झनै ढिला भएका कारणले सम्बन्धित पक्षले निकै मार खप्नुपरेको छ । पाठ्यपुस्तक सहरी र सुगम क्षेत्रमा मात्रै नभएर दुर्गम तथा ग्रामीण पहाडी क्षेत्रमा पनि नयाँ शैक्षिक सत्र सुरुवात अगावै उपलब्ध हुनुपर्दछ । नेपालको प्रत्येक दुर्गम तथा पहाडी क्षेत्रमा पाठ्यपुस्तक समयमै उपलब्ध हुन नसक्नु अहिलेसम्म पनि समस्याकै रूपमा रहेको छ ।

### ६.२.७ शब्दसूची

भाषापाठ्यपुस्तकको अन्त्यमा त्यसमा प्रयोग भएका नयाँ शब्दहरू तथा उखानटुक्काहरूको सूची अकारादि क्रममा मिलाएर राख्दा उपयुक्त हुन्छ । यसले शिक्षक र विद्यार्थी दुबै पक्षलाई प्रयोग गर्न सहज हुन्छ । कक्षा सातको भाषापाठ्यपुस्तकको अन्त्यमा शब्दसूचीको प्रयोग गरिएको छैन । पाठ्यपुस्तक निर्माण गर्दा यस पक्षमा विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

### ६.२.८ विषयसूची

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा क्र.सं., पाठ, शीर्षक स्पष्टसँग दिएको छ । पाठ सुरु हुनुभन्दा अगावै विषयसूची राखिएको हुनाले पाठ्यपुस्तक सान्दर्भिक देखिन्छ ।

## ६.३ कक्षा नौको नेपाली पाठ्यपुस्तकमा देखिएका कमीकमजोरीहरू

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा देखिएका कमीकमजोरीहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. पाठ्यपुस्तकले पाठ्यक्रमको वास्तविक भावना र मर्मलाई आत्मसाथ गर्न सकेको छैन ।

२. पाठ्यक्रमअनुरूप पाठ्यसामग्रीमा सुनाइ र बोलाइसम्बन्धी सिप विकासमा कमी देखिन्छ ।

३. उक्त पाठ्यपुस्तकमा प्रायः पदयोग र पदवियोग तथा लेख्य चिह्नमा त्रुटि देखिन्छ ।

४. पाठ्यक्रममा विधाहरू छुट्याइएको छ भने पाठ्यपुस्तकमा समावेश गरिएका विधाहरू छुट्याइएको छैन । जसले गर्दा कुन कुन विधाअन्तर्गत पर्दछ भनेर शिक्षक र विद्यार्थी अन्योलमा पर्ने स्थिति रहेको छ ।

५. पाठ्यपुसतकले विज्ञान र प्रविधिमा भएका अत्याधुनिक नवीन प्रयोग र उपलब्धिलाई समेट्न सकेको छैन ।

६. हाम्रा जीवन्त र व्यवहारिक अनुभवहरूलाई पाठ्यपुस्तकले समेट्न सकेको छैन ।

७. पाठ्यपुस्तकमा धेरै लामा र जटिल प्रकृतिका वाक्यहरू समावेश गरिएको पाइन्छ ।

८. पाठ्यपुस्तकमा रूपक विधाअन्तर्गत वादविवाद समावेश भएको पाइँदैन ।

९. दोस्रो भाषी विद्यार्थीहरूलाई मध्यनजर गर्दै पाठ्यपुस्तकमा दोस्रो भाषा सिकाइसम्बन्धी सामग्री राखिएको देखिँदैन ।

१०. पाठ्यपुस्तक सुगम तथा दुर्गम सबै क्षेत्रमा शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा अगावै पुग्न सकेको छैन ।

## ६.४ सुझावहरू

१. भाषापाठ्यपुस्तकमा पाठ्यवस्तुको छनोट गर्दा विद्यार्थीको स्तर, रुचि र पूर्वज्ञान आदिलाई ध्यान दिनुपर्ने हुन्छ । विषयवस्तुको रखाइक्रम सरलबाट जटिलताको क्रममा मिलाउन आवश्यक देखिन्छ ।

२. पाठ्यक्रमले तोकेका विधाहरू पाठ्यपुस्तकमा छुट्याएर राख्नुपर्ने देखिन्छ ।

३. पाठ्यक्रमअनुरूप पाठ्यसामग्रीमा सुनाइ र बोलाइसम्बन्धी सिप बढाउँदा उपयुक्त हुने देखिन्छ ।

४. पाठ्यपुस्तकमा स्तरीय, बलियो र सफा सेतो कागजको प्रयोग गर्नुपर्ने देखिन्छ ।

५. पाठ्यपुस्तकले विज्ञान र प्रविधिमा भएका आधुनिक नवीन प्रयोग र उपलब्धिलाई पनि समेट्न उपयुक्त देखिन्छ ।

६. पाठ्यपुस्तकमा घर परिवार, समुदाय, उत्सव, चाडपर्व, खेलकुद, हँस्यौली, चुट्किला जस्ता विषयक्षेत्रलाई समावेश गरिएमा पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप बन्न सक्छ ।

७. पाठ्यपुस्तकमा धेरै लामा र जटिल प्रकृतिका वाक्यहरू समावेश गरिएको पाइन्छ, जसलाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ ।

८. हाम्रा व्यावहारिक र जीवन्त अनुभवलाई पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने देखिन्छ ।

९. पाठ्यपुस्तकले ओगट्ने विषयवस्तु बालरुचि जगाउने खालका हुनुपर्ने ।

१०. पाठ्यपुस्तकमा चित्रको मात्रा कम भएको पाइन्छ । त्यसैले विषयवस्तु सुहाउँदो, आवश्यक र स्पष्ट चित्रहरूको प्रयोग गरिएमा पाठहरू बढी उपयुक्त हुने देखिन्छ ।

११. आवरण पृष्ठ प्लास्टिकले लेमिनेसन गरी त्यसभित्र प्रयोग गर्ने कागज अझ स्तरीय हुनुपर्ने देखिन्छ ।

**अध्याय सात**

# सारांश, निष्कर्ष, सुझाव र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधपत्रमा सात अध्याय राखेर ती अध्यायभित्र विभिन्न शीर्षक तथा उपशीर्षक राखेर अध्ययन गर्ने कार्य गरिएको छ । यी कुराहरूलाई समेटी छोटकरीमा प्रस्तुत गर्नु नै यसको सारांश हो ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा पृष्ठभूमि, समस्याकथन, सान्दर्भिकता, उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन जस्ता उपशीर्षकका बारेमा स्पष्टीकरण दिएको छ । त्यसैगरी दुईमा पाठ्यक्रम भनेको के हो भन्ने सन्दर्भमा पाठ्यक्रमको परिचय दिने कार्य गरिएको छ भने पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्धका बारेमा प्रस्ट्याइएको छ । त्यसैगरी दोस्रो उपशीर्षकका रूपमा समस्याकथन राखिएको छ । यसमा कक्षा नौको नेपाली पाठ्यपुस्तक पाठ्यक्रम—अनुरूप तयार भएको छ कि छैन, कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न विधागत पाठहरू पाठ्यक्रमको क्षेत्र र क्रम अनुरूप राखिएका छन् छैनन् भन्ने सन्दर्भहरू राखिएका उद्देश्यहरूलाई पुरा गर्छन् वा गर्दैनन र पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधागत पाठहरू पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा राखिएका छन् वा छैनन् भन्ने सन्दर्भहरू राखिएका छन् । तेस्रो उपशीर्षकअन्तर्गत अध्ययन अनुसन्धानको सान्दर्भिकता राखिएको छ । यसअन्तर्गत अध्ययन अनुसन्धानको सान्दर्भिकता राखिएको छ । यसअन्तर्गत शोधकार्य गर्न आवश्यक छ वा छैन भन्ने सन्दर्भ स्पष्ट पारेको छ । त्यसैगरी चौथो उपशीर्षकअन्तर्गत उद्देश्य राखिएको छ । यसमा अनुसन्धेय समस्यामा आधारित रहेर उद्देश्यहरू निर्धारण गरिएको छ, जसमा पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा नौको पाठ्यपुस्तकको अध्ययन, पाठ्यपुस्तकमा समावेश विभिन्न पाठहरू पाठ्यपुस्तकको उद्देश्य पूर्तिमा सहयोगी भए नभएको पत्ता लगाउनु, विधागत पाठहरू पाठ्यक्रमका क्षेत्र र क्रम अनुरूपताका दृष्टिले अध्ययन गर्नु र पाठ्यक्रम तथा पाठ्यपुस्तकका कमीकमजोरी पत्ता लगाई सुधारका लागि सुझाव पेस गर्नु रहेको छ ।

यस अध्ययनको पाँचौ उपशीर्षकअन्तर्गत औचित्य राखिएको छ । यसअन्तर्गत हालसम्म भएका अध्ययनहरूमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपताका

दृष्टिले अध्ययन नभएकाले यस विषयमा अध्ययन गर्नु औचित्यपूर्ण रहेको कुरा राखिएको छ । त्यसैगरी यसै अध्ययनको छैटौं उपशीर्षकअन्तर्गत अध्ययनको सीमाङ्कन राखिएको छ जसमा अध्ययन गरिने विषयको सीमा परिसीमालाई निर्दिष्ट गरिएको छ । प्रस्तुत अध्ययन पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययनमा सीमित कुरा प्रस्ट्याइएको छ ।

प्रस्तुत अध्ययनको अध्याय दुईमा पूर्वाध्ययन र सैद्धान्तिक अवधारणा शीर्षक राखिएको छ । यसअन्तर्गत रहेर पूर्वाध्ययन उपशीर्षकमा पूर्वकार्यको अध्ययन राखिएको छ । यसअन्तर्गत यो अध्ययन गर्नुपूर्व प्रस्तुत अध्ययनसँग सम्बन्धित के कस्ता विषय र क्षेत्रका अध्ययनहरू भएका छन् भावी दिनमा के कस्ता र कति गर्नुपर्छ भन्ने बारेमा मार्गनिर्देशन गरिएको छ । यसैगरी पूर्वकार्यको अध्ययन गर्नाले के कस्ता फाइदा हुन्छन् भन्ने कुरा पनि प्रस्ट पारिएको छ । त्यसैगरी अध्याय दुईको सैद्धान्तिक अवधारणामा विभिन्न दृष्टिकोणबाट परिचय दिने काम गरिएको छ । यसपछि पाठ्यक्रमका तत्त्व नाम उपशीर्षक राखेर त्यसभित्र पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ कार्यकलाप र मूल्याङ्कनजस्ता तत्त्वका बारेमा सैद्धान्तिक ढङ्गबाट अध्ययन गरिएको छ । यसैगरी अर्को उपशीर्षकअन्तर्गत भाषापाठ्यपुस्तकका आन्तरिक विशेषतामा पाठ्यवस्तु, शब्दभण्डार, भाषा अभ्यास र चित्रको बारेमा सैद्धान्तिक रूपबाट अध्ययन गरिएको छ । त्यसैगरी भाषापाठ्यपुस्तकको बाह्य विशेषताअन्तर्गत बनोट, अक्षरको आकार, ठाउँ छोडाइ, छपाइ र बँधाई, कागजको स्तर, मूल्य, सुलभता, विषयसूची तथा शब्दसूचीका बारेमा चर्चा परिचर्चा गरिएको छ । त्यसपछि अर्को उपशीर्षकअन्तर्गत पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरसम्बन्ध रहेको कुरा प्रस्ट पारिएको छ ।

यसपछि प्रस्तुत अध्ययनको अध्याय तिनअन्तर्गत शोधविधि र अध्ययन प्रक्रिया शीर्षक राखिएको छ । यसअन्तर्गत अध्ययनको ढाँचा उपशीर्षकमा अध्ययन कार्य गर्दा कस्ता विधिहरू प्रयोग गरिन्छ कुन तरिका अपनाएर अध्ययन गरिन्छ कुन ढाँचामा संरचित गरिन्छ भन्ने कुरा प्रस्ट्याएको छ । यस्तै अध्ययनको विधि नामक उपशीर्षकमा केन्द्रित रहेर पुस्तकालयीय विधिमा आधारित रहेर विभिन्न किसिमका सन्दर्भपुस्तकहरू, पाठ्यपुस्तकहरू, पाठ्यक्रम तथा शोधपत्रहरूको सहयोग लिई अध्ययन गरिने कुरा उल्लेख गरिएको छ । अध्ययनको क्षेत्र उपशीर्षकअन्तर्गत अध्ययन क्षेत्र शैष्किक क्षिक क्षेत्रसँग सम्बन्धित रहेको कुरा

प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलन पद्धतिमा पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलनका प्राथमिक स्रोतका सामग्रीहरूमा पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरबाट प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रम २०७३ लाई लिइएको छ । यसैगरी द्वितीय स्रोतका रूपमा भाषापाठ्यपुस्तकका विभिन्न प्रकाशनका पुस्तकहरू, पत्रपत्रिका तथा शोधपत्रहरू लिएको कुरा प्रस्तुत गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीहरूलाई अध्ययन विश्लेषण र मूल्याङ्कन गरी प्रस्तुत गरिएको कुरा पनि उल्लेख गरिएको छ ।

प्रस्तुत अध्ययनको चौथो अध्यायअन्तर्गत व्याख्या तथा विश्लेषणमा परिणाम र छलफल राखिएको छ । यसअन्तर्गत पाठ्यक्रमअनुरूपताका दृष्टिले कक्षा नौको पाठ्यपुस्तकको अध्ययन नामक शीर्षक राखिएको छ । यसभित्र पनि विभिन्न उपशीर्षकका माध्यमबाट कक्षा नौको नेपाली पाठ्यपुस्तकलाई चिनाउने काम गरिएको छ । यसमा पाठ्यक्रमको उद्देश्य र पाठहरू नामक उपशीर्षक राखी पाठ्यक्रमको उद्देश्य प्राप्त गर्न सहयोग पुऱ्याउने पाठहरू पाठ्यपुस्तकमा राखिएको छ छैन भनी अध्ययन गर्ने काम गरिएको छ । भाषिक सिपका आधारमा पाठ्यपुस्तकको अध्ययन नामक उपशीर्षक राखी यसभित्र भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई छुट्टाछुट्टै उपशीर्षक दिएर विश्लेषण गरिएको छ । यसैगरी शिक्षाण सिकाइ प्रक्रिया र पाठ्यपुस्तकको विश्लेषण, मूल्याङ्कन, अङ्कभार र समयभार तथा पाठ्यपुस्तक, पाठको आकृति-प्रकृति र पाठ्यपुस्तकको वैचारिक पक्ष र पाठ्यपुस्तक जस्ता उपशीर्षकहरू राखी पाठ्यक्रमअनुरूपताका दृष्टिले कक्षा नौको पाठ्यपुस्तक उपयुक्त भए नभएको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय पाँचमा व्याख्या विश्लेषणमै केन्द्रित भएर कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका विभिन्न साहित्यिक विधाहरू पाठ्यक्रम-अनुरूप छन् कि छैनन् भनेर अध्ययन गरिएको छ । यसअन्तर्गत पाठ्यपुस्तकमा समावेश गरिएको छ । यसअन्तर्गत पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न विधाहरू कथा, कविता, जीवनी, प्रबन्ध, रूपक, चिठी, कार्यमूलक व्याकरण र शब्दभण्डारलाई छुट्टाछुट्टै शीर्षकमा राखेर विश्लेषण गरिएको छ । यसमा विधाहरूको रखाइक्रम पाठ्यक्रमअनुरूप भए नभएको कुराको अध्ययन गरिएको छ । यसै अध्यायअन्तर्गत पाठ्यक्रमको क्षेत्र र क्रमअनुरूपताका आधारमा पाठ्यपुसस्तकको

अध्ययन नामक उपशीर्षक राखिएको छ । जसमा पाठ्यक्रमले निर्दिष्ट गरेको क्षेत्र र क्रमलाई तालिकामा राखिएको छ ।

प्रस्तुत अध्ययनको छैटौं अध्यायमा पनि परिणाम र छलफलभित्रै रहेर पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताका आधारमा निष्कर्ष निकालिएको छ । जसमा आन्तरिक पक्ष स्तरयुक्त नै भएको निचोड निकालिएको छ । पाठ्यपुस्तकको बाह्य पक्षअन्तर्गत बनोट अक्षराकार, ठाउँ छोडाइ, बँधाइ, छपाइ, मूल्य सुलभता, शब्दसूची र विषयसूची नामक शीर्षक दिएर छुट्टाछुट्टै उपशीर्षकमा राखी अध्ययन र विश्लेषण गरिएको छ । यस अध्ययनबाट पाठ्यपुस्तकको बाह्य पक्ष भने त्यति सन्तोषजनक नभएको निष्कर्ष निकालिएको छ ।

## ७.२ निष्कर्ष

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको छ । यो पुस्तक सरकारी विद्यालयमा अनिवार्य विषयका रूपमा लागु गरिएको छ । पुस्तकलाई पाठ्यक्रम–अनुरूप छ कि छैन भनेर अध्ययन गर्ने काम गरिएको छ । त्यसैगरी पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्यलाई पूर्ति गर्न सक्छ वा सक्दैन, पाठहरूको तालमेल पाठ्यक्रम–अनुरूप मिलेको छ कि छैन, पाठ्यक्रम र पाठ्यपुस्तकका कमीकमजोरी पत्ता लगाइ सुझाब प्रस्तुत गर्ने कार्य यस अध्ययनमा रहेको छ । प्रस्तुत अध्ययनमा उक्त पाठ्यपुस्तकको पाठ्यक्रमसँगको सम्बन्ध केलाउनका लागि विभिन्न अध्ययन पश्चात् निष्कर्ष निकालिएको छ । समग्र रूपमा निष्कर्षलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

१. प्रस्तुत पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप बनाउने प्रयास गरिएको छ । यसमा घरपरिवार, समुदाय, चाडपर्व, खेलकुद, उखानटुक्का, जस्ता क्षेत्रलाई चित्त बुझ्दो रूपमा प्रस्तुत गरिएको छैन ।

२. नेपाली भाषापाठ्यपुस्तक भाषापाठ्यक्रमको उद्देश्य अनुरूप हुनुपर्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तक उद्देश्य अनुरूप नै तयार भएको देखिन्छ ।

३. भाषापाठ्यपुस्तकमा भाषाका चारै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई सन्तुलित रूपमा समावेश गरिनु पर्दछ । यस पाठ्यपुस्तकमा चारै सिपलाई सन्तुलित गर्न खोजिएपनि अपूर्ण नै देखिन्छ ।

४. शिक्षण सिकाइ प्रक्रिया विद्यार्थीकेन्द्रित हुनुपर्दछ यस पाठ्यपुस्तकमा राखिएका अभ्यासहरूले विद्यार्थीकेन्द्रित क्रियाकलापलाई अवलम्बन गर्न खोजेको भेटिन्छ ।

५. पाठ्यक्रममा पढाइ सिपअन्तर्गत, विभिन्न मुद्रित विद्युतीय सामग्री रुचिपूर्ण पढ्न भन्ने उद्देश्य परिपूर्तिका लागि कुनै अभ्यास नमुना राखिएको पाइँदैन ।

६. विभिन्न प्रयोजनका सामग्रीहरूको मौनवाचन गर्न भन्ने उद्देश्य राखे पनि पाठ्यपुस्तकमा उद्देश्यअनुरूप अभ्यास राखिएको पाइँदैन ।

७. पाठ्यपुस्तकमा व्याकरणलाई कार्यमूलक ढङ्गबाट पाठसँग सम्बद्ध गराउन कोशिस गरिनुले शिक्षण प्रक्रियालाई सैद्धान्तिकभन्दा व्यावहारिकतातिर जोड दिएको पाइन्छ ।

८. मूल्याङ्कन तथा अङ्कभारलाई हेर्दा यस पाठ्यक्रमले नेपाली विषयको १०० पूर्णाङ्कमध्ये २५ पूर्णाङ्क प्रयोगात्मक पक्षलाई छुट्याएको छ । जसले निर्माणात्मक मूल्याङ्कनलाई थोरै भएपनि प्राथमिकता दिएको देखिन्छ ।

९. पाठ्यपुस्तकमा राखिएका पाठहरूको आकृति-प्रकृति हेर्दा स्तर, तह र उमेर सुहाउँदा, व्यावहारिक र रमाइला पाइन्छन् ।

१०. वैचारिक दृष्टिकोणले उक्त पाठ्यपुस्तकले शिक्षाशास्त्रीय दृष्टिकोण, प्रजातान्त्रिक मूल्य मान्यता तथा बालअधिकार, भौगोलिक र धार्मिक विविधता साथै राष्ट्रिय एकता र सार्वभौमिकतालाई स्पष्ट रूपमा समेटिएको देखिँदैन ।

११. कक्षा नौको नेपाली पाठ्यपुस्तक पाठ्यक्रम–अनुरूप भएको तर विधागत क्षेत्र र क्रमको रखाइक्रम नमिलेको भेटिन्छ ।

१२. प्रत्येक पाठमा विभिन्न किसिमका शब्दभण्डारका अभ्यासहरू राखिएकाले शब्दभण्डारका दृष्टिले उक्त पाठ्यपुस्तक उपयुक्त नै देखिन्छ ।

१३. पाठपछि राखिएका अभ्यासहरू उपयुक्त नै देखिन्छन् ।

१४. पाठ्यक्रमले शब्दकोशको प्रयोग गर्ने उद्देश्य राखेपनि पाठ्यपुस्तकमा शब्दकोशको प्रयोगसम्बन्धी अभ्यास राखिएको पाइँदैन ।

१५. पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरूले सामाजिक, सांस्कृतिक, प्राकृतिक, लैङ्गिक, साहित्यिक, वैज्ञानिक तथा व्यावहारिक पक्षलाई समेट्न खोजेको छ तर वर्तमान परिवेशको बदलिँदो विकासलाई मद्दत गर्ने पाठ्यपुस्तकको बेवास्ता गरेको छ ।

१६. भाषा प्रयोगका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तक उपयुक्त नै छ तर चित्रको रखाइक्रम भने मिलेको देखिँदैन ।

१७. पाठ्यपुस्तकमा जम्मा १६ ओटा पाठमा २६ ओटा चित्रहरू राखेको पाइन्छ ।

१८. पाठ्यपुस्तकमा छपाइसम्बन्धी केही त्रुटि देखिए पनि मसीको उचित प्रयोग भएको पाइन्छ ।

१९. कक्षा नौको पाठ्यपुस्तकको बनोटका दृष्टिले आकार र मोटाइ स्तरअनुरूप उपयुक्त नै छ तर रुभ्ने, भिज्ने, मैलिने तथा च्यातिने डर भने यथावत् नै छ ।

२०. यस पाठ्यपुस्तकमा कागजको स्तर उपयुक्त छैन ।

२१. यस पाठ्यपुस्तकको मूल्य उपयुक्त छ तर सुलभताका दृष्टिले उपयुक्त छैन ।

२२. कक्षा नौको नेपाली पाठ्यपुस्तकमा राखिएका पाठहरू छोटा, सरलताका दृष्टिले उपयुक्त नै देखिन्छन् ।

२३. कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको समग्र पक्षलाई हेर्दा बाह्य पक्षमा केही कमजोरीहरू देखिए पनि आन्तरिक पक्ष मूलतः सबल देखिन्छ ।

२४. उक्त पाठ्यपुस्तकमा प्रत्येक पाठका प्रत्येक पृष्ठमा कठिन शब्दको अर्थ दिएकाले सिकाइ तथा शब्दार्थ शिक्षणमा सहयोग गरेको छ ।

२५. कक्षा नौको नेपाली पाठ्यपुस्तक भाषापाठ्यपुस्तकको मान्यताअनुरूप निर्माण गर्ने प्रयास गरिएको छ ।

## ७.३ सुझाबहरू

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा भएका कमी कमजोरीलाई निम्न—अनुरूप निराकरण गरी परिस्कृत र परिमार्जन गर्दै सुधार गर्न सकिन्छ :

१. पाठ्यपुस्तकले पाठ्यक्रमको वास्तविक भावना र उद्देश्यलाई आत्मसाथ गर्दै सोही बमोजिम पाठ्यवस्तु छनोट गर्नुपर्छ ।

२. पाठ्यपुस्तक छनोट गर्दा कुनै एक क्षेत्रबाट र एक व्यक्तिबाट मात्र नभई विभिन्न क्षेत्र र विषयवस्तुबाट गरिनु पर्दछ ।

३. पाठ्यवस्तु छनोट गर्दा विद्यार्थीको रुचि, आवश्यकता, उमेर, स्तर, भाषिक पृष्ठभूमि तथा समाज, मनोवैज्ञानिक आदि पक्षालाई ध्यान दिएर मात्र छनोट गर्नुपर्छ ।

४. भाषापाठ्यपुस्तकले भाषाका चारै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई सन्तुलित रूपमा समावेश गर्न सक्नुपर्छ ।

५. पाठ्यक्रमले निर्माणात्मक मूल्याङ्कन तथा प्रयोगात्मक ~~पक्षालाइ~~पक्षलाई अझ धेरै अङ्कभार छुट्याएर पाठ्यपुस्तकले प्रयोगात्मक तथा निर्माणात्मक मूल्याङ्कनमा सघाउ पुऱ्याउने प्रशस्त अभ्यासहरू राखिनुपर्दछ ।

६. पाठ्यपुस्तकले मनोवैज्ञानिक दृष्टिकोण तथा परिवर्तित समयलाई समेट्नुपर्ने देखिन्छ ।

७. उक्त पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूमा थप विविधता र पर्याप्तता हुनुपर्ने ।

८. पाठ्यपुस्तकले विज्ञान र प्रविधिमा भएका अत्याधुनिक नवीन प्रयोग र उपलब्धिलाई समेट्न सक्नुपर्ने ।

९. पाठ्यपुस्तक निर्माण गर्दा प्रयोग गरिएको कागजको गुणस्तरमा सुधार गर्नुपर्ने ।

१०. हाम्रा व्यावहारिक र जीवन्त अनुभवहरूलाई पाठ्यपुस्तकमा समावेश गरिनुपर्ने ।

११. पाठ्यपुस्तकमा प्रयोग भएका पाठ्यसामग्रीले भौगोलिक र धार्मिक विविधता समेट्न सक्नुपर्ने ।

१२. पाठ्यपुस्तकमा ~~विबिन्न~~ विभिन्न सन्दर्भ र प्रसङ्गअनुरूप उखान टुक्काको प्रयोगमा ध्यान दिनुपर्ने ।

१३. पाठ्यपुस्तकमा चित्रको रखाइक्रममा विचार पुऱ्याउनुपर्ने ।

१४. पाठ्यपुस्तकको अन्त्यमा शब्दसूची राखी शिक्षक र विद्यार्थीलाई आवश्यक प्रयोग गर्न सहयोगी बनाउन सकेमा अझ राम्रो हुने देखिन्छ ।

## ७.४ उपयोगिता

कुनै पनि विषय र क्षेत्रसँग सम्बन्धित रहेर त्यस पश्चात् के विषयवस्तुमा, कुन कुन विषय, कुन कुन पक्षमा रहेर शोधकार्य सम्पन्न गर्न सकिन्छ जस्ता विषयमा शोधार्थीले सम्बन्धित रहेर गरिने कार्यलाई उपयोगिताभित्र समेट्न सकिन्छ । शोधार्थीले शोधकार्य सम्पन्न गर्ने क्रममा त्यसको उपयोगिता, महत्त्व, आवश्यकता साथै सबल पक्षहरूजस्ता कुराहरूलाई ख्याल गरी प्रत्यक्ष र परोक्ष रूपमा विविध व्यक्ति, समूह, समुदाय, भाषा, कला, साहित्य आदिजस्ता क्षेत्रमा प्रेरक रूपमा सहयोग पुऱ्याइरहेको हुन्छ ।

कक्षा नौको नेपाली पाठ्यपुस्तक शैक्षणिक दृष्टिले निकै उपयोगी छ । त्यसैगरी भषाको प्रयोगगत तह र नीतिगत तह आदिमा यो अध्ययन गर्नु उपयुक्त देखिन्छ । यस अध्ययन कार्यका प्रयोजनहरूलाई निम्नानुसार हेर्न सकिन्छ :

### ७.४.१ नीतिगत तह

यस अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय चौथो सत्रको नेपा.शि. ५४४ को आवश्यकता पुरा गर्ने उद्देश्यका साथ सम्पन्न गरिएको छ । स्नातकोत्तर तह पाठ्यांशले तोकेअनुसार शोध अध्ययन भएको छ । शिक्षार्थीले स्नातकोत्तर तह सम्पन्न गरी आफ्नो शैक्षिक स्तर परिपूर्ति गर्नका लागि स्नातकोत्तर उपाधि हासिल गर्नका निमित्त यो शोधकार्य भएको हो । यसलाई निम्न आधारबाट अझ प्रस्टसँग हेर्न सकिन्छ :

१. पाठ्यक्रम, पाठ्यपुस्तक निर्माता र विषय विशेषज्ञलाई सचेत गराउन यो अध्ययन लाभदायक हुने अपेक्षा राखिएको छ ।

२. नेपाली भाषापाठ्यपुस्तक शिक्षणमा समावेशीकरण गराउन प्रस्तुत अध्ययन उपयोगी देखिन्छ ।

३. नेपाली भाषापाठ्यपुस्तकमा रहेका कमीकमजोरीहरू पत्ता लगाई त्यसमा रहेका विषयवस्तुलाई परिवर्तन गरी विषयवस्तुलाई समय सान्दर्भिक बनाउन ।

४. पाठ्यक्रमलाई समय सापेक्ष, उपयोगी र व्यवहारमूलक बनाउन ।

५. पठन कौशल, रचना कौशल, शब्दभण्डार जस्ता पक्षमा जोड दिन ।

६. पाठ्यसामग्रीको प्रकृति र उद्देश्यअनुरूपको सिकाइ क्रियाकलाप गर्न ।

७. पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तर सम्बन्धका बारेमा जानकारी प्राप्त गर्न ।

**७.४.२ प्रयोगात्मक तह**

नियमित रूपमा अध्ययन र अनुसन्धान गर्दा नवीन कुरा पत्ता लगाउन यस अध्ययनले सघाउ पुऱ्याउँदछ । यस अध्ययनले पाठ्यक्रमको उद्देश्य, मर्म र भावनाअनुरूप पाठ्यपुस्तक निर्माण भए नभएको, सिकारुको रुचि, क्षमता उमेर र योग्यता आदिलाई समेटेको वा नसमेटिएको जस्ता विषयका बारेमा अध्ययन गरेको छ । कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको अध्ययन गर्नाले प्रयोगात्मक तहका दृष्टिकोणले उपयोगी हुने कुरा बुँदागत रूपमा प्रस्ट पारिएको छ :

१. भाषा—पाठ्यपुस्तक र पाठ्यक्रमसम्बन्धी अनुसन्धानकर्तालाई सामग्री उपलब्ध गराउन प्रस्तुत शोधले सहयोग पुऱ्याउने छ ।

२. पाठ्यपुस्तकमा देखिएका कमी कमजोरी हटाउन सहयोग पुग्ने छ ।

३. यस अध्ययनले कक्षा नौको नेपाली विषय अध्ययन गराउने शिक्षक र अध्ययन गर्ने विद्यार्थीलाई सहयोग पुऱ्याउने छ ।

४. यस अध्ययनले पाठ्यक्रमअनुरूप पाठ्यपुस्तक निर्माण गर्न सम्बन्धित व्यक्ति वा संस्थालाई सहयोग पुग्नेछ ।

५. यस अध्ययनले पाठ्यपुस्तकका सबल र दुर्बल पक्षको पहिचान गरी त्यसको निराकरण गर्न सहयोग पुग्ने छ ।

## सन्दर्भ सूची

आचार्य, देवीप्रसाद (२०५९), *कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रमअनुरूपताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

*आधारभूत शिक्षा पाठ्यक्रम* (२०६९), नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।

ओझा, रामनाथ, खकुरेल, रामराज र अधिकारी, बालकृष्ण (२०६९), *आधारभूत शैक्षिक ज्ञान र नेपाली भाषाशिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

ओझा, रामनाथ (२०७३), *माध्यमिक शिक्षा दिग्दर्शन नेपाली,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

कोइराला, गङ्गा (२०७०), *पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा पाँचको राम्रो नेपाली किताबको नमुना अभ्यासको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०७०), *नेपाली भाषाशिक्षण : परिचय र प्रयोग,* काठमाडौं: शुभकामना प्रकाशन प्रा. ली.

दवाडी, सन्तु (२०७०), *पाठ्यक्रमअनुरूपताका आधारमा स्नातक नेपाली पाठ्यपुस्तकको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

निरौला, हरिप्रसाद (२०६२), *माध्यमिक तहको नेपाली भाषापाठ्यपुस्तकमा पाठ्यक्रमअनुरूपता,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

*नेपाली बृहत् शब्दकोश* (२०५८) काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, गोमा (२०६३), *कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाष्टि नमुना अभ्यासको पाठ्यक्रमअनुरूपताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू,* काठमाडौं: हेरिटेज पब्लिसर्स एन्ड डिस्टिब्युटर्स प्रा. लि. ।

फुँयाल, सरस्वती (२०६२), *कक्षा आठको हाम्रो नेपाली किताबको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बम, सुशील कुमार (२०७०), *पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा दसको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* काठमाडौं: शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०७१), *अनुसन्धान प्रस्तावका प्रमुख अङ्गहरू,* काठमाडौं : नेपाली भाषा शिक्षा विभागको विभागीय गोष्ठीमा प्रस्तुत अवधारणापत्र, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : सलनाइट पब्लिकेशन ।

रिमाल, प्रभादेवी (२०७१), *पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा सातको पाठ्यपुस्तकको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

लामिछाने, भट्टराई, बराल र गौतम, (२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

## सन्दर्भ सूची

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण :* काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५२), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।

शिवाकोटी, तारा (२०६२), *कक्षा चारको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, सन्तोषी (२०६७), *कक्षा दुईको मेरो नेपाली किताबको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

सुवेदी, उर्मिला (२०६६), *कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथा विधाको पाठ्यक्रमअनुरूपताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

सुवेदी, लालनाथ र भट्टराई, बद्रीविशाल (२०६७), *नेपाली,* भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।

## परिशिष्ट एक

### पाठ्यक्रमले तोकेको कक्षा नौको विधाको क्षेत्र र क्रम विवरण

| क्र.सं. | विधा | क्षेत्र र क्रम |
|---|---|---|
| १. | कथा | (क) लोककथा<br>(ख) ऐतिहासिक/सामाजिक कथा<br>(ग) बालमनोवैज्ञानिक कथा |
| २. | कविता | (क) नीतिप्रधान/संस्कृति प्रधान<br>(ख) प्रकृतिप्रधान<br>(ग) समाजप्रधान |
| ३. | जीवनी | (क) राष्ट्रिय व्यक्तित्व<br>(ख) अन्तर्राष्ट्रिय व्यक्तित्व |
| ४. | निबन्ध | (क) सामाजिक<br>(ख) प्राविधिक वा व्यवसायिक |
| ५. | रूपक | (क) वक्तृता<br>(ख) संवाद |
| ६. | चिठी | (क) घरायसी<br>(ख) निवेदन/कार्यालयीय |
| ७. | कार्यमूलक व्याकरण | |
| | (अ) काल | (क) भूत<br>(ख) वर्तमान<br>(ग) भविष्यत् |
| | (आ) सङ्गति | (क) लिङ्ग<br>(ख) वचन<br>(ग) पुरुष<br>(घ) आदर |
| | (इ) पक्ष | (क) अपूर्ण<br>(ख) पूर्ण |

| | | |
|---|---|---|
| | | (ग) ~~अज्ञान~~ अज्ञात<br>(घ) अभ्यस्त |
| | (ई) अर्थ र भाव | (क) आज्ञार्थ<br>(ख) सम्भावनार्थ |
| | (उ) वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरुष, आदर, करण/अकरणका आधारमा |
| | (ऊ) वाच्य परिवर्तन | (क) कर्तृवाच्य<br>(ख) कर्मवाच्य |
| | (ए) शब्दवर्ग | (क) नाम<br>(ख) सर्वनाम<br>(ग) विशेषण<br>(घ) क्रियापद<br>(ङ) क्रियायोगी<br>(च) नामयोगी<br>(छ) संयोजक<br>(ज) निपात<br>(झ) विस्मयादिबोधक |
| | (ऐ) कारक र विभक्ति | (क) कर्ता र कर्म कारक<br>(ख) विभक्ति ले, लाई, द्वारा, देखि, बाट, मा/को, का, की,री, रो, रा/नो, ना नी को प्रयोग |
| | (ओ) उच्चारण (वर्णगत/शब्दगत) | (क) घ/ख, छ/झ, ठ/ट, थ/ध, न/ण, झ/भ/ज/ध, ब/भ ध्वनिको उच्चारण<br>(ख) आरोहण झोक्का भर्त्सना, अग्निमन्दय, निष्पट्ट घर/घर, जार/फार, डब/ढब, दन्न/धन्न, स्मृति/विस्मृति, दुर्व्यसन/दुर्व्यवहार, बहिस्कृत/पुर्नरमिलन, ठ्याक्कै/ठ्याप्प, दशा/दुर्दशा, राष्ट्रिय/अन्तर्राष्ट्रिय, प्रजातन्त्र/स्वतन्त्र, ~~राष्ट्रिय/अन्तर्राष्ट्रिय,~~ सयपत्री/स्वाधीन आदि जस्ता शब्दहरू |
| | (ओ) लेख्य चिह्न | (क) पूर्णविराम<br>(ख) प्रश्नचिह्न<br>(ग) अल्पविराम |

| | | |
|---|---|---|
| | | (घ) उद्गार चिह्न<br>(ङ) योजक चिह्न<br>(च) को[illegible]ह्न |
| | (अ) वर्णविन्यास | पाठमा प्रयुक्त शब्दहरू वर्ण विन्यासको उपयुक्त प्रयोग<br>(क) ह्रस्वदीर्घ (इ,ई, उ, ऊ)<br>(ख) य/ए<br>(ग) ब/व<br>(घ) श/ष/स<br>(ङ) ग्यँ/ज्ञ<br>(च) रि/ऋ<br>(छ) छ/क्ष<br>(ज) ज्ञ/ण/न<br>(झ) पदयोग/पदवियोग |
| ८. | शब्दभण्डार र उखान टुक्का (पाठमा प्रयुक्त शब्दहरू र उखान टुक्का) | (क) पर्यायवाची<br>(ख) विपरीतार्थी<br>(ग) अनेकार्थी<br>(घ) पारिभाषिक<br>(ङ) अनुकरणात्मक<br>(च) उखान टुक्का |

## परिशिष्ट दुई

### पाठ्यक्रमद्वारा निर्धारित कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश पाठहरूको विवरण

| क.सं. | पाठशीर्षक | विधा | संरचित पृष्ठ |
|---|---|---|---|
| १७. | अनारको बोट | कथा | ६ |
| १८. | यात्रा सुरु गरौँ | कविता | २ |
| १९. | सङ्गीतज्ञ रामशरण दर्लान | जीवनी | ६ |
| २०. | म को हुँ ? | निबन्ध | ६ |
| २१. | मानव बेचविखनविरुद्ध हाम्रा दायित्व | वक्तृत्व (रूपक) | ७ |
| २२. | बहिनीलाई चिठी | व्यक्तिगत चिठी | ३ |
| २३. | निन्द्रा | कथा | ५ |
| २४. | बसन्त कोकिल | कविता | ३ |
| २५. | जैविक खेती | निबन्ध | ४ |
| २६. | मङ्गलाका तिन दिन | दैनिकी | ६ |
| २७. | डाक्टर अङ्कल | कथा | ५ |
| २८. | आङ् सान सुकी | जीवनी | ५ |
| २९. | सय रङ इन्द्रेणी | कविता | २ |
| ३०. | महिला हिंसा | संवाद (रूपक) | ५ |
| ३१. | छात्रावास | निवेदन (चिठी) | २ |
| ३२. | बन्धनबाट मुक्ति | कथा | ५ |

## परिशिष्ट तिन

### पाठ्यपुस्तकमा भएका पाठको आकृति-प्रकृतिको विवरण

| क्र.सं. | पाठशीर्षक | विधा | संरचित पृष्ठ | श्लोक/अनुच्छेद संख्या |
|---|---|---|---|---|
| १७. | अनारको बोट | कथा | ६ | १५ |
| १८. | यात्रा सुरु गरौँ | कविता | २ | ४ |
| १९. | सङ्गीतज्ञ रामशरण दर्लामी | जीवनी | ६ | १४ |
| २०. | म को हुँ ? | निबन्ध | ६ | १६ |
| २१. | मानव बेचबिखनविरुद्ध हाम्रो दायित्व | वक्तृत्व (रूपक) | ७ | ३२ |
| २२. | बहिनीलाई चिठी | व्यक्तिगत चिठी | ३ | ६ |
| २३. | निन्द्रा | कथा | ५ | २७ |
| २४. | बसन्त कोकिल | कविता | ३ | ९ |
| २५. | जैविक खेती | निबन्ध | ४ | ११ |
| २६. | मङ्गलाका तिन दिन | दैनिकी | ६ | २५ |
| २७. | डाक्टर अङ्कल | कथा | ५ | ३० |
| २८. | आङ् सान सुकी | जीवनी | ५ | १५ |
| २९. | सय रङ इन्द्रेणी | कविता | २ | ८ |
| ३०. | महिला हिंसा | संवाद (रूपक) | ५ | ६० |
| ३१. | छात्राबास | निवेदन (चिठी) | २ | ४ |
| ३२. | बन्धनबाट मुक्ति | कथा | ५ | २६ |

## परिशिष्ट चार

### पाठ्यपुस्तकमा भएका विधा र पाठ सङ्ख्या विवरण

| क्र.सं. | विधा | कक्षा नौ |
|---|---|---|
| ८. | कथा | ४ |
| ९. | कविता | ३ |
| १०. | जीवनी | २ |
| ११. | निबन्ध | २ |
| १२. | रूपक | २ |
| १३. | चिठी | २ (निवेदनसहित) |
| १४. | दैनिकी | १ |
| | जम्मा | १६ |

## परिशिष्ट पाँच

**भाषिक मूल्याङ्कनका लागि निम्नअनुसारको क्षेत्र र अङ्क निर्धारण गरिएको छ :**

**भाषिक क्षेत्रको मूल्याङ्कन र अङ्कभार विवरण**

| क.सं. | क्षेत्र (पढाइ र लेखाइ) | विधा | अङ्कभार |
|---|---|---|---|
| १. | शब्दभण्डार | शब्द पहिचान शब्दको वाक्यमा प्रयोग | ६ |
| २. | वर्णविन्यास | शुद्धीकरण | ३ |
| ३. | व्याकरण | पहिचान र प्रयोग (वाक्य कोटीअनुसार) | १५ |
| ४. | पठनबोध | विभिन्न विधाका गद्य रचना सामग्री | १० |
| ५. | बुँदा टिपोट र सारांश | गद्य विधा | ३+२ |
| ६. | निर्देशित रचना | कथा/जीवनी वा संवाद<br>वादविवाद/चिठी/वक्तृत्व | ४ |
| ७. | भावविस्तार र<br>व्याख्या/सप्रसङ्ग व्याख्या | कथा/कविता/निबन्ध/जीवनी | ४ |
| ८. | पठनबोध (सन्दर्भमा आधारित सङ्क्षिप्त उत्तरात्मक) | (क) कथा/कविता/प्रबन्ध/निबन्ध, जीवनी<br>(ख) समस्या समाधान/तार्किक शिल्प | ८<br>४ |
| ९. | पाठगत बोध (सन्दर्भमा आधारित लामो उत्तरात्मक) | कथा/कविता/प्रबन्ध/निबन्ध/जीवनी | ८ |
| १०. | स्वतन्त्र रचना | निबन्ध/प्रबन्ध | ८ |
| | जम्मा | | ७५ |

- शब्दभण्डारअन्तर्गतका पाठमा प्रयुक्त विशेष शब्द (पर्यायवाची, विपरीतार्थी, अनेकार्थी आदि) यसका साथै उखान टुक्काको पनि समावेश गरिएको छ ।
- व्याकरणअन्तर्गत निर्दिष्ट पाठ्यवस्तुको पहिचान र प्रयोगको परीक्षण गरिएको छ ।
- भाषातत्त्व/व्याकरण शिक्षणका लागि छुट्टै घण्टी नदिई विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ ।
- अपाङ्ग भएका र विशेष सिकाइको आवश्यकता भएका बालबालिकाहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।
- नेपाली विषयको पाठ्यांशभार प्रतिहप्ता ५ घण्टी र वार्षिक ~~२०+८~~ न्यूनतम १७० + अधिकतम १७५ घण्टी निर्धारण गरिएको छ ।

# परिशिष्ट छ

## प्रयोगात्मक कार्यको मूल्याङ्कन र अङ्कभार विवरण

| क.सं. | क्षेत्र (सुनाइ र बोलाइ) | अङ्कभार | स्पष्टीकरण |
|---|---|---|---|
| १. | सुनाइ र बोलाइ | २५ | यसअन्तर्गत सुनाइ र बोलाइ मापनमा आधारित प्रश्नहरू सोधी विद्यार्थीको सुनाइ र बोलाइ सिपको परीक्षण गर्नुपर्ने छ । |

**द्रष्टव्य :**

१. (क) ज्ञान : यसमा प्रारम्भिक सिकाइका कुराहरू पर्दछन् । विशिष्ट तथ्य, पुनःस्मरण प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने ।

(ख) बोध : विद्यार्थीले सिकेका कुराहरूको व्याख्या र वर्णन गर्ने क्षमताको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यसअन्तर्गत सोधिने छ ।

(ग) व्यावहारिक सिप : यसमा प्रयोग गर्ने र संयोजन गर्ने जस्ता व्यावहारिक क्षमतासम्बन्धी प्रश्नहरू सोधिने छ ।

(घ) उच्च दक्षता : विारको संयोजन र मूल्याङ्कन गर्ने क्षमतासम्बन्धी प्रश्नहरू यसअन्तर्गत सोधिने छ ।

२. कक्षा नौको वार्षिक परीक्षा २५ प्रतिशत सुनाइ र बोलाइको मूल्याङ्कन गर्नुपर्ने छ । प्रयोगात्मक परीक्षाको हकमा भने रिनक्न्तर विद्यार्थी मूल्याङ्कन १० प्रतिशत र अधिकतम मूल्याङ्कन १५ प्रतिशत हुनेछ । अङ्कको समायोजना सोहीअनुरूप मिलन गर्नुपर्ने छ ।

## व्यक्तिगत विवरण



| | | |
|---|---|---|
| नाम | : | कल्पना भण्डारी |
| जन्म | : | २०४८/०३/०३ |
| जन्मस्थल | : | दमक-११, झापा |
| पिता | : | विरबहादुर भण्डारी |
| माता | : | रूपा भण्डारी |
| लिङ्ग | : | महिला |
| नागरिकता | : | नेपाली |
| धर्म | : | हिन्दु |
| भाषा | : | नेपाली |
| मूल विषय | : | नेपाली |
| मोबाइल नं. | : | ९८४६००५५६१२ |

**शैक्षिक योग्यता**

| | | |
|---|---|---|
| एस.एल.सी | : | हिमावी उच्च मध्यमिक विद्यालय, दमक-२, झापा |
| प्रमाणपत्र तह | : | युनिक कलेज, दमक-१३, झापा |
| स्नातक तह | : | युनिक कलेज, दमक-१३, झापा |
| स्नातकोत्तर तह | : | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौँ |